
# चिरं तिट्ठतु सद्धम्मो

## (सद्धर्म चिरस्थायी होस्)



धर्मकीर्ति विहारको नवनिर्मित भवन


- रीना तुलाधर

Downloaded from http://dhamma.digital

धर्मकीर्ति विहार पुनर्निर्माण सम्पन्न भएको
पुणित उपलक्ष्यमा प्रकाशित

# 'चिरं तिट्ठतु सद्धम्मो'

(सद्धर्म चिरस्थायी होस्)



- रीना तुलाधर

Downloaded from http://dhamma.digital

प्रकाशक:
**धर्मकीर्ति प्रकाशन**
**द्रब्य मान सिंह (भाइराजा) तुलाधर**
**बसुन्धरा तुलाधर तथा सपरिवार**
असन, दगुबहाल

© सर्वाधिकार लेखकमा सुरक्षित

बुद्ध सम्बत् : २५४६
नेपाल सम्बत् : ११२३
इस्वी सम्बत् : २००२
बिक्रम सम्बत् : २०५९

प्रथम संस्करण : २००० प्रति

मूल्य : धर्म दान


*कम्प्यूटर सेटिङ्ग:*
गोविन्द ह्यूमत, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजथला

*मुद्रण:*
**न्यू नेपाल प्रेस**

*प्रधान कार्यालय:*
मनकामना मार्ग, नागपोखरी, काठमाडौं
फोन: ४३४८५०, ४३४७५३
फ्याक्स: (९७७-१) ४३३९२९

*व्यापारिक कार्यालय:*
शुक्रपथ, न्यूरोड, काठमाडौं
फोन: २५९०३२, २५९४५०
फ्याक्स: (९७७-१) २५८६७८

Downloaded from http://dhamma.digital



# साधुवाद !

अन्नदो बलदो होति ।
वत्थदो होति वण्णदो ।
यानदो सुखदो होति
दीपदो होति चक्खुदो ।
यो च सब्बददो होति
यो ददाति उपस्सयं

– देवता संयुत्त ।

अर्थ- अन्नदान गर्नेले बल दान गरेको हुन्छ ।
वस्त्र दान गर्नेले वर्ण दान गरेको हुन्छ ।
यान (रथ) दान गर्नेले सुख दान गरेको हुन्छ ।
बत्ति दान दिनेले प्रज्ञारूपि आँखा दान गरेको हुन्छ ।
जसले बस्नको लागि बासस्थान दान गर्छ,
त्यसले सबै नै दान गरेको हुन्छ ।

साहु भाइराजा तुलाधरले ठूलो श्रद्धा राखी धर्मकीर्ति विहार पुनर्निर्माण गर्नु भयो । अत: उहाँ साहु सबै नै दान दिने दाता हुनुभयो । उहाँ सबै चीजको भागी पनि बन्नु भयो । उहाँ श्रद्धालु उपासक भाइराजा तुलाधरलाई साधुवाद छ ।


भिक्षु बुद्धघोष

२, आषाढ, २०५९
ललितपुर, नेपाल ।

भिक्षु बुद्धघोष महास्थविर
श्री सुमंगल विहार



Downloaded from http://dhamma.digital



# साधुवाद !

गौत्तम बुद्धले उत्तम चरित्र अर्थात राम्रा बानी व्यवहारका लागि चाहिने चार अमूल्य तत्वहरू विषयमा राम्ररी व्याख्या गर्नु भएको छ । ती अमूल्य तत्वहरू यसरी छन्- मैत्री (स्नेह), करुणा (दया), मुदिता (प्रसन्नता) र उपेक्षा (तटस्थता) । उपरोक्त चार तत्वहरू मध्ये मुदिता गुण अर्थात अरुको राम्रा कार्यहरूबाट प्रभावित भई आफ्नो मनलाई प्रसन्न राख्न सक्ने गुण अति महत्वपूर्ण छ । मुदिताको विपरित गुण ईर्ष्या हो । जसले आफ्नो मनमा मुदिता ल्याउन सक्दैन उसको मनमा इर्ष्याले ठाउँ लिई अरुले गरेका राम्रा कार्यहरू देखी मनमा प्रसन्नतालाई ठाउँ दिन सक्दैन । फलस्वरूप उसको मन ईर्ष्याको कारणले खुम्चिएर जल्न पुग्छ ।

धर्मकीर्ति विहार बुद्धको उत्तम सन्देश र अमूल्य शिक्षा प्रचारका लागि धम्मवती गुरुमाँले स्थापना गर्नु भएको पवित्र धार्मिक स्थल हो । धम्मवती गुरुमाँले साहस गरेर बर्मा देश पुगी धर्म अध्ययन गरी सकेपछि नेपालमा धर्म प्रचार केन्द्रको रुपमा स्थापना गर्नु भएको हो यो धर्मकीर्ति विहार । शुरुमा त सानो विहार थियो । एकसय जना जति मानिस पनि बस्ने ठाउँ थिएन । गुरुमाँको धर्म देशना शैली र वाकसिद्धिको प्रभावले श्रद्धालु धर्म प्रेमीहरूको संख्या बढ्न थाल्यो । धर्म श्रवणको फलस्वरूप गृहणीहरूको बानी व्यवहारमा सुधार आउन थाल्यो । संख्यात्मक मात्र होइन गुणात्मक शिक्षाको वृद्धि भयो । विहारमा ठाउँको कमीले गर्दा भवनको तल्ला थपिंदै लगियो । तर पुरानो भवनको जग भने बलियो थिएन । विहारको बनावट पनि क्रमबद्ध रूपले मिलेको थिएन । धर्मकीर्ति विहारले भने अन्तर्राष्ट्रिय ख्याति प्राप्त गर्दै गयो । विभिन्न दृष्टिकोणबाट हेर्दा विहारको पुनः निर्माण कार्यको अत्यावश्यकता भएको कुरालाई महशूश गरी श्रद्धालु दाता भाइराजा तुलाधरले नेपाली संस्कृति झल्काउने कलापूर्ण तथा सुविधायुक्त विहारको निर्माण गर्नु भयो । फलस्वरूप पहिला विदेशी पाहुनाहरू आउने बेलामा चर्पी र नुहाउने कोठाको लागि समस्या हुने धर्मकीर्ति विहारमा अब ती समस्याहरूको हल हुने भयो ।



Downloaded from http://dhamma.digital

धार्मिक कथन अनुसार त्यागी धर्म प्रचारकहरू बस्नको लागि आवशयक विहार निर्माण गरेर दान दिनु उत्तम धर्म हो । यस्तै एउटा नमूनाको विहार बन्न पुगेको छ धर्मकीर्ति विहार । अत: श्रद्धालु उपासक भाइराजा तुलाधरलाई स्वच्छ र भित्री मनदेखि साधुवाद छ । उहाँले आफूसँगै लिएर जाने सम्पत्ति जोड्नु भई राम्रो काम गर्नु भएको छ । यस सह्राहनीय कार्यबाट अन्य दाताहरूलाई पनि प्रेरणा मिल्ने छ । आशा छ, बुद्धको उपदेशलाई धर्मकीर्ति विहारले गुणात्मक ढंगले प्रचार गर्नेछ । धर्मकीर्ति विहार मानिसलाई असल र इमान्दार बनाउने गुणात्मक शिक्षा प्रचार गर्ने केन्द्र बनोस् । धर्मकीर्ति विहारको यस नयाँ भवनको प्रयोजनबाट तथागतको व्यावहारिक, मानवतावादी शिक्षा सबैले प्राप्त गरोस् । यही मेरो शुभकामना छ ।

भिक्षु अश्वघोष
ध्यानकुटी विहार
बनेपा ।

२०५९ असार १ गते
बुद्ध सम्बत् २५४६



Downloaded from http://dhamma.digital



# साधुवाद !

सर्वप्रथम श्री भाइराजा (द्रव्य मान सिं) तुलाधर तथा उहाँको परिवारले धर्मकीर्ति विहार भवन पुनर्निमार्ण गरी तथागतको सद्धर्म चिरस्थायी हुने पुण्य कार्य गर्नु भएकोमा हृदयदेखि साधुवाद दिँदछु । साथै उहाँहरूलाई सुख शान्ती होस् तथा यस पुण्य कार्य निर्वाण प्राप्तिको हेतु बनोस् भनी आशिका गर्दछु ।

स्थापना काल वि.सं. २०२२ सालमा केही उपासक उपासिकाहरूको श्रद्धाले सानो रुपमा बनाइएको यस धर्मकीर्ति विहारको भवन पछि पछिबाट पनि श्रद्धालुहरूकै दान र चन्दाबाट तल्ला र कोठाहरू थपिंदै विस्तार गरेर लगेँ । तैपनि उपासक उपासिकाहरूको बढ्दो संख्याको कारण विहारमा हुने विभिन्न धार्मिक क्रियाकलापहरूको लागि ठाउँ नपुगेर समस्या भईरहेको थियो भने अर्कोतिर शुरुमा कच्चा रूपमा बनाइएको हुँदा विहारको भवन बाहिरबाट ठीकै देखिएतापनि भित्र भित्रबाट जीर्ण हुँदै गएको अवस्थामा थियो । यत्तिकैमा श्रद्धालु साहु भाइराजा तुलाधरले धर्मकीर्ति विहार भवनलाई पुरै भत्काएर पक्की रूपमा पुन निर्माण गर्न इच्छा लागेको कुरा व्यक्त गर्न आउनु भयो । उहाँको श्रद्धा देखी मनमा ज्यादै हर्ष लाग्यो । उत्तिकै सहर्ष स्वीकार गर्न मन लाग्यो । तर त्यतिबेला निर्मित धर्मकीर्ति विहारको भवन कुनै एक व्यक्तिले निर्माण गरेको नभएर धेरै जना श्रद्धालु उपासक उपासिकाहरूको संयुक्त दानको फलस्वरूप बनिएको थियो । अतः म एक्लैले उहाँलाई विहार बनाउन मञ्जुरी दिन सक्तैनथें । विहारवासी अनगारिकाहरू, विहारका पूर्व दाताहरू तथा अन्य उपासक उपासिकाहरूसँग सल्लाह साहुती लिएँ । अनि यिनै विहारवासी अनगारिकाहरू, पूर्व दाताहरू, धर्मकीर्ति विहारका उपासक उपासिकाहद्दरूका बिच एउटा बैठक बोलाएँ । उक्त बैठकमा श्री भाइराजा साहुले विहार पुनर्निर्माण गर्न चाहेको प्रस्ताव पेश गरें । यस बारेमा उपस्थित सबैले अपार खुशि व्यक्त गर्नुका साथै यस प्रस्तावलाई सहर्ष स्वीकार गरे ।



Downloaded from http://dhamma.digital

विहार पुनर्निमार्णको लागि स्वीकृति मिलेपछि भाइराजा साहुले हर्षपूर्वक तदारुकताका साथ कार्य थाल्नु भयो । भवन निर्माण अवधिभर ठूलो उत्साह र मेहनतका साथ कार्य सम्पन्न गर्नु भयो । भवन निर्माण भईरहेको बेलामा विहारमा बस्ने अनगारिकाहरूको सुविधाको लागि असन, दगुबहालको आफ्नो घर पुरै रूपमा प्रयोग गर्न दिईकन पनि बाँकि सुविधाको लागि भरपुर ख्याल राख्नु भयो । उहाँले कार्य अवधिभर रत्तिभर गाह्रो तथा झर्को मान्नु भएन । उहाँको श्रद्धा अति प्रशंसनीय छ ।

आज निर्माण पुरा भएको यस धर्मकीर्ति विहार भवनको प्रयोजनबाट तथागतको सद्धर्म अझ व्यापक रुपमा प्रचार प्रसार गर्न सक्नेछु भन्ने मनमा लागेको छ । धर्मकीर्ति विहारको आयोजनामा आजसम्म हुँदै आएको धार्मिक क्रियाकलापहरू यथावत रुपमा संचालन गर्नेछु तथा यसमा अझ थप आयामहरू संलग्न गरेर गौत्तम बुद्धको जन्मभूमि यस नेपाल देशमा तथागतको सद्धर्म चिरस्थायी हुने कार्यमा जीवन परन्त लाग्नेछु भनी दृढ संकल्प गरेकी छु ।

अन्तमा धर्मकीर्ति विहार पुनर्निर्माण कार्यमा जुटेका दाता तथा उहाँको परिवार सहित सम्पूर्ण कामदारहरू, सहयोगीहरू, यस पुण्य कार्यदेखि हर्षित हुने श्रद्धालु उपासक उपासिकाहरू समस्तको कल्याण होस्, हित सुख होस्, धर्मचक्षु प्राप्त होस् भन्ने कामना गर्दछु ।

धम्मवती

भिक्षुणी धम्मवती
संस्थापिका
'धर्मकीर्ति विहार'

२०५९ श्रावण १७
बु.सं. २५४६



Downloaded from http://dhamma.digital

# लेखकको भनाई

'धर्मकीर्ति विहार' पुनर्निर्माण कार्य सम्पन्न भएपछि यस पुणित उपलक्ष्यमा बुद्ध धर्म सम्बन्धि केही बिषय र साथै धर्मकीर्ति विहारको परिचयलाई सँगालेर कुनै एउटा पुस्तक प्रकाशन गर्ने विहारदाता श्री भाइराजा तुलाधरको सदिच्छा रहे अनुरूप उक्त कार्यको लागि उहाँले मलाई काम अह्राउनु भयो । उहाँले निर्देशन दिनु भएको बमोजिम यस पुस्तकको प्रथम खण्डमा संक्षिप्त बुद्ध जीवनी र चार संवेजनीय स्थान तथा द्वितीय खण्डमा धर्मकीर्ति विहार भवन सम्बन्धि कुरो लेखें । पुस्तक प्रकाशनको उपलक्ष्यसँग विषयवस्तु मिल्ने देखेर मैले पुन: प्रथम खण्डमा बुद्धकालिन चार प्रमुख विहारहरू र द्वितीय खण्डमा धर्मकीर्ति विहारको गतिविधि गरी दुइवटा अध्याय थपें जुन श्री भाइराजाज्यूले मन पराउनु भयो । यस प्रकार पुस्तक भित्र पाँच वटा अध्याय बन्न पुग्यो । यस पुस्तकको माध्यमबाट बुद्ध जीवनी, बौद्ध चारधाम, बुद्धकालिन विहारहरू तथा धर्मकीर्ति विहार सम्बन्धि जानकारी पाठक वर्गले सहज किसिमले पाउन् भन्ने आशा राख्दछु ।

यस पुस्तक लेख्ने तथा प्रकाशन गर्ने समय अवधि दौरान प्रुफ हेर्ने कार्यमा सहयोग गर्नु हुने भिक्षुणी वीर्यवती, भाषा शुद्धीकरणमा सहयोग गर्नु हुने नबीन चित्रकार, तस्वीरहरू संकलन गर्ने कार्यमा सहयोग गर्नु हुने अरुण सिद्धि तुलाधर तथा द्वितीय खण्डको विषय वस्तु संकलनमा सहयोग गर्नु हुने रोशन काजि तुलाधर, मदनरत्न मानन्धर तथा अगम्य रत्न कंसाकारलाई धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो तर्फबाट ढिलासुस्ति भएतापनि प्रेसको तर्फबाट यथासिघ्र काम सकाइदिई सहयोग गरीदिनु भएकोमा न्यू नेपाल प्रेस परिवारप्रति आभारी छु ।


धन्यवाद !

– रीना तुलाधर



Downloaded from http://dhamma.digital

# विहारदाताको मन्तब्य



विहारदाता
द्रब्य मान सिंह (भाइराजा) तुलाधर



विहारदाता
बसुन्धरा तुलाधर

**'सब्ब दानं धम्म दानं जिनाति'** अर्थात 'दान मध्ये श्रेष्ठ धर्म दान" भन्ने तथागतको उपदेशलाई हृदयंगम गरी सम्यक सम्बुद्धको सद्धर्म चिरस्थायी हुन सक्ने कुनै क्षेत्रमा आफ्नो गच्छे अनुसारको दान कार्य गर्ने मनमा एउटा अभिलाषा रहेको थियो। कहाँ गएर कुन पुण्य कार्य गरौंला भनेर सोच्दै थियौं। कतै कसै गरी धर्मकीर्ति विहार भवन पुनर्निर्माण गर्न सकिन्छ कि भन्ने मनमा विचार आयो।

नेपालमा स्थापित तथा संचालित थेरवादी विहारहरूमा अति व्यस्त तथा सक्रिय रुपमा संचालन भईरहेको विहारहरू मध्ये धर्मकीर्ति विहार पनि एक हो। यहाँ पुण्य कार्यको लागि जम्मा हुने उपासक उपासिकाहरूको संख्या बढेको बढ्चै भएको कारण विहार भवनमा स्थान अभावको समस्या दिनहुँ बढ्दै गएको थियो। श्रद्धालुहरू मध्ये धेरैले बस्ने ठाउँ नपाएर विहार भवनको बाहिर उभिएर पनि धर्म श्रवण गरीरहेको देखें। अत: यो भवनलाई भत्काएर ठूलो आकारमा नयाँ बनाउन सकिन्छ कि भनी पूज्यनीय धम्मवती गुरुमां समक्ष प्रस्ताव राख्यौं। धम्मवती गुरुमांले विहार निर्माणमा योगदान पुऱ्याउनु हुने पूर्वदाताहरू, विहारको संरक्षणको निम्ति स्थापित 'धर्मकीर्ति संरक्षण समिति' का सदस्यहरू तथा विहारमा बसोबास गर्दै आउनु भएका श्रद्धेय अनगारिकाहरूको बिच बैठक राख्नु भयो। बैठकबाट सबैको सहमतिमा सबै पक्षको राजी खुशि विहार पुनर्निर्माण गर्ने निर्णय भयो। अत: धम्मवती गुरुमांले विहार भवन पुनर्निर्माण गर्ने मेरो प्रस्तावलाई स्वीकार गर्नु भयो। मनमा ठूलो हर्ष लाग्यो र उत्तिखेरै काम थालनी गरायौं।



Downloaded from http://dhamma.digital

हाम्रा पूज्यनीय पिता स्व. रत्न मान सिंह तुलाधर (चिकाजि साहु) तथा माता स्व. मोतिलानी तुलाधरले पनि बुद्ध धर्म चिरस्थायीको निम्ति कुनै एउटा बौद्ध विहार भवन निर्माण गर्ने जस्तो ठूलो पुण्य कार्य गर्ने आकांक्षा राख्नु हुन्थ्यो । तर उहाँहरूको जीवन कालमा सो अभिलाषा पुरा हुन सकेन । आज हामीले आफ्नो जीवनकालमा आफ्ना पूज्यनीय माता पिताको सपना पनि पुरा गर्न पाएकोमा मनमा वडो हर्ष लागेको छ । आफ्ना पूज्यनीय माता पिताको पूण्य स्मृतिमा गर्न पाएको यस पुण्य कार्यको फल हाम्रा माता पिताले प्राप्त गरुन् भनी पुण्यानुमोदन गर्दछौं ।

आज निर्माण भएको यस धर्मकीर्ति विहार भवनको प्रयोजनबाट धेरै भन्दा धेरे श्रद्धालुहरूले पुण्य कार्य गर्ने अवसर प्राप्त गरीरहोस् भनी आशिका गर्दछौं । तथागत सम्यक सम्बुद्धको सद्धर्म चिरस्थायी होस् भनी प्रार्थना गर्दछौं ।

**द्रब्य मान सिंह (भाइराजा) तुलाधर**

**असन, दगुबहाल** **बसुन्धरा तुलाधर**



Downloaded from http://dhamma.digital



विहारदाताको पिता रत्न मान सिंह तुलाधर (चिकाजी साहु)

जन्म : तिथि ने.सं. १००१ थिंलागा: ८

दिवंगत : तिथि ने.सं. १०९३ कछलाथ्व १०

Downloaded from http://dhamma.digital



विहारदाताको माता मोतिलानी तुलाधर

जन्म : तिथि ने.सं. १०२६

दिवंगत : तिथि ने.सं. १०६६ पोहेलाथ्व १३

Downloaded from http://dhamma.digital

# विषय सूचिः

## (प्रथम खण्ड)


| विषयहरू | पेज नं. |
|---|---|
| १. **संक्षिप्त बुद्ध जीवनी** | ३ |
| (क) जन्मदेखि गृहत्याग सम्म | ३ |
| (ख) सिद्धार्थ कुमारको भिक्षु भावदेखि बुद्धत्व प्राप्तिसम्म | ८ |
| (ग) बुद्धको प्रथम उपदेश देखि चवालिसौं वर्षावाससम्म | १२ |
| (घ) भगवान बुद्धको अन्तिम वर्षावास देखि महापरिनिर्वाणसम्म | २३ |
| २. **बुद्ध कालिन चार प्रमुख विहार तथा विहारदाताहरू** | २६ |
| (क) जेतवन महाविहार तथा अनाथपिण्डिक गृहपति | २७ |
| (ख) पूर्वाराम विहार तथा विशाखा महाउपासिका | ३१ |
| (ग) वेणुवन विहार तथा बिम्बिसार महाराजा | ३५ |
| (घ) निग्रोधाराम विहार तथा शुद्धोदन महाराजा | ३९ |
| ३. **चार संवेजनीय तथा दर्शनीय स्थान** | ४३ |
| (क) लुम्बिनी | ४४ |
| (ख) बुद्धगया | ४८ |
| (ग) सारनाथ | ५० |
| (घ) कुशिनगर | ५२ |
| ४. **सन्दर्भ सामग्रीहरू** | ५३ |


## (द्वितीय खण्ड)


| विषयहरू | |
|---|---|
| १. **धर्मकीर्ति विहार भवनः स्थापनाकालदेखि आजसम्म** | ५७ |
| (क) धर्मकीर्ति विहार स्थापनाको पृष्ठभूमि | ५७ |
| (ख) धर्मकीर्ति विहार भवनको विकासक्रम | ५९ |
| (ग) धर्मकीर्ति विहार भवनको वर्तमान अवस्था | ६२ |


Downloaded from http://dhamma.digital

| विषयहरू | पेज नं. |
|---|---|
| २. **धर्मकीर्ति विहार तथा यसको गतिविधि** | ६६ |
| (क) **धर्मकीर्ति विहारः** | ६६ |
| १) परिचय | ६६ |
| २) धर्मकीर्ति विहारमा बसोबास गर्नु हुने भिक्षुणी तथा अनगारिकाहरू | ६७ |
| ३) व्यवस्थापन | ६९ |
| ४) धर्मकीर्ति विहार संरक्षण कोष | ६९ |
| ५) धर्मकीर्ति विहारको उद्देश्य | ७० |
| (ख) **धर्मकीर्ति विहारको गतिविधिः** | ७१ |
| १. बुद्धपूजा र धर्म देशना | ७१ |
| २. बाल, प्रोढ तथा बौद्ध परियत्तिका कक्षाहरू | ७१ |
| ३. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | ७२ |
| ४. बौद्ध साहित्यको प्रकाशन | ७२ |
| ५. स्वदेशी तथा विदेशी बौद्ध विद्वानहरूको स्वागत तथा ... | ७३ |
| ६. गाउँ तथा जिल्लाहरूमा धर्म प्रचार | ७४ |
| ७. स्वास्थ्य सेवा सम्बन्धि कार्यक्रमहरू | ७४ |
| ८. बौद्ध तीर्थ यात्रा | ७६ |
| ९. धर्मकीर्ति बौद्ध पुस्तकालय | ७६ |
| १०. ध्यान शिविरहरूको संचालन | ७७ |
| ११. ऋषिनी तथा श्रामणेर प्रव्रज्या | ७७ |
| १२. समाज सेवा तथा सहयोग सम्बन्धि कार्यक्रमहरू | ७८ |
| १३. तालिम तथा प्रशिक्षण कार्यक्रमहरू | ७८ |
| ३. **सन्दर्भ सामग्रीहरू** | ८० |




Downloaded from http://dhamma.digital

# (प्रथम खण्ड)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# संक्षिप्त बुद्ध जीवनी

## (क) जन्मदेखि गृहत्यागसम्मः

आजभन्दा पच्चीस सय वर्ष पहिले जम्बुद्वीपमा कपिलवस्तु नामको अति सुन्दर तथा संवृद्धशाली देश थियो । उक्त देशका राज्य संचालक शाक्य वंशी राजाहरू थिए । यो कथा शाक्यवंशी राजाहरू मध्ये शुद्धोदन महाराजाको राज्य संचालनको बेलाको थियो । शुद्धोदन महाराजा अति नै धर्मात्मा, नैतिकवान तथा प्रजाको हित सुखको लागि जिऊ ज्यान दिन तयार रहने धार्मिक राजा थिए । साथै उनकी दुइवटी महारानीहरू पनि उनी जस्तै धर्मात्मा तथा शीलवान थिए । जेठी महारानीको नाम महामायादेवी थियो भने कान्छी महारानीको नाम प्रजापती गौत्तमी थियो ।

उस बखत आषाढ महिनामा एउटा चाड लाग्दथ्यो । राजपरिवार सहित सम्पूर्ण देश वासी चाड मनाउन व्यस्त थिए । महारानी महामायादेवीले पनि सात दिनसम्म अनेक किसिमको मूल्यवान वस्त्र तथा गहनाले सिंगारी चाडवाड मनाइन् । चाड शुरु भएको सात दिनपछि आषाढ पूर्णिमाको दिन विहानै शुद्ध पानीले नुहाई त्यस दिन उपोसथ व्रत पालन गरिन् । सोही दिन ब्राह्मण, सन्यासी तथा गरीब जनतालाई धेरै धन सम्पत्ति दान पनि दिइन् । धार्मिक रितिथिति अनुसार दिन बिताएपछि त्यस रातमा सुतेको बेला महामायादेवीले एउटा अनौठो किसिमको सपना देखिन् । भोलिपल्ट मायादेवीले आफूले देखेको अनौठो सपनाको बारेमा महाराजालाई बताइन् । आश्चर्य लाग्दो त्यस सपनाको अर्थ के रहेछ जान्न इच्छुक भई शुद्धोदन महाराजाले चौसट्ठी जना ब्राह्मण आचार्यहरू बोलाई महारानी मायादेवीले देखेको सपनाको बारेमा जानकारी गरायो । ती ब्राह्मणहरूले ज्योतिषि ज्ञानको आधारमा भने- "महाराज ! यसमा कुनै पीर मान्नु पर्ने कुरो छैन । महारानीको गर्भमा पुत्ररत्नले वास गर्न आएको छ । सो कुमार ठूलो भई राज्य संचालन गरेमा चक्रवर्ती महाराजा हुनेछ । गृहत्याग गरी गयो भने सर्वज्ञ बुद्ध बन्नेछ ।"

यसरी सर्वज्ञ बुद्ध बन्ने बोधिसत्त्वले आषाढ पूर्णिमाको राती आमाको गर्भाशयमा प्रवेश गर्नु भयो । गर्भधारण भएकै दिनदेखि महामायादेवीलाई जिऊमा विसन्चो कहिल्यै पनि भएन । दश महिनाको गर्भ पुरा भएपछि महामायादेवीले एकपटक आफ्नो माइति घर देवदहमा जाने इच्छा लागेको कुरा महाराजा समक्ष जाहेर गरिन् । महाराजा शुद्धोदनले सहर्ष स्वीकार गरी भव्य रूपले यात्राको प्रबन्ध मिलाई दिए ।



Downloaded from http://dhamma.digital

कपिलवस्तु र देवदहको बिच बाटोमा लुम्बिनी शालोद्यान पर्दथ्यो । लुम्बिनी शालोद्यान प्राकृतिक सौन्दर्यले अति नै रमणिय उद्यान थियो । अत: कपिलवस्तु तथा देवदह दुबै नगरका राजकुमारहरू मनोरञ्जन गर्न लुम्बिनी उद्यानमा आउने गर्दथ्यो । त्यही बाटो हुँदै लुम्बिनी आईपुगेपछि महारानी महामायादेवीलाई एकछिन लुम्बिनी शालोद्यानको प्राकृतिक सौन्दर्यमा रमाउन मन लाग्यो । अत: सबै यात्रुहरूलाई रोक्न लगाई उद्यान भित्र पसिन् । त्यो दिन बैशाख पूर्णिमाको दिन थियो । लुम्बिनी उद्यानमा एकछिन घुमेर सुखानुभव गरेपछि महारानीले आफ्नो शरीरमा केही परिवर्तन भएको महशुस गरिन् । महारानीका परिचारिकाहरूले प्रसवको समय आएको बुझी आवश्यक प्रबन्ध गर्न लागे । पुरूष व्यक्तिहरू त्यस स्थानबाट पर गए । केही छिनपछि बिना कुनै प्रसव वेदना, बिना कुनै कष्ट सहजैसँग महामायादेवीले बोधिसत्त्वलाई जन्म दिइन् । भनिन्छ, बोधिसत्त्व जन्म भएको समयमा आकाशबाट असंख्य देवगणले पुष्पवृष्टि गरे । महाब्रह्माले दिब्य वस्त्रमा बालकलाई उठाए । सम्पूर्ण चक्रवालका ब्रह्मादि देवताहरूले हर्ष मनाए । बालक बोधिसत्त्व उत्निखेरै भूमिमा उभिनु भयो । सात पाइला हिँड्नु भयो । जुन जुन स्थानमा बोधिसत्त्वले पाइला टेक्नु भयो त्यहाँ भूमिबाट कमलको फूल प्रकट भयो । त्यही बखत बोधिसत्त्वले उभिएर दाहिने हातको चोर औंला ठड्याएर सिंहनाद् गर्नु भयो (बोल्नु भयो)- "अग्गो हमस्मि लोकस्स, जेट्ठो हमस्मि लोकस्स, सेट्ठो हमस्मि लोकस्स" अर्थात् "लोकमा अग्र व्यक्ति मै हुँ, जेष्ठ व्यक्ति मै हुँ, श्रेष्ठ व्यक्ति मै हुँ ।"

कालदेवल नामका एक ठूला तपस्वी शुद्धोदन महाराजाको दरबारमा बोधिसत्त्वको जन्म भएको थाहा पाएर तेजस्वी बालकको दर्शन गर्न कपिलवस्तुको दरबारमा आईपुगे । ऋषिको आगमन पछि बालकलाई देखाउन ल्याइयो । ऋषिलाई ढोगाउन बालकलाई ल्याइएको थियो । तर बोकेर ल्याएको बालकको पाउ अचानक ऋषिको टाउकोमा छुन पुगेछ । कालदेवल तपस्वीले आफ्नो अन्तर दृष्टिले त्यस बालकलाई चिने र बिना कुनै हिचकिचाहत बोधिसत्त्व बालकको चरण कमलमा शीर झुकाई वन्दना गऱ्यो ।

त्यस्ता महान तपस्वीले नै आफ्नो पुत्रलाई वन्दना गरेको देखी शुद्धोदन महाराजा आश्चर्य चकित भयो र स्वयं महाराजाले पनि आफ्नै छोरालाई वन्दना गरे । शुद्धोदन महाराजाको यो प्रथमबार पुत्रवन्दना थियो ।

कालदेवल तपस्वीले बोधिसत्त्वको भविष्य तपस्वी शक्तिले हेऱ्यो । भविष्य हेरेका तपस्वी एकछिन हाँस्यो तर पछि रुन पुग्यो । यो देखेर महाराजालाई चिन्ता भयो र यसको कारण सोध्यो । तपस्वीले निश्चित भएर भन्यो- "यो बालक निश्चय नै पछि सर्वज्ञ बुद्ध बन्नेछ भनी थाहा पाई हाँसेको । तर बुद्ध



Downloaded from http://dhamma.digital

बन्ने समयसम्म आफ्नो मृत्यु भईसक्ने हुँदा र बुद्धसँग भेट गर्ने आफ्नो भाग्य नरहेको हुँदा रोएको हुँ ।"

बोधिसत्त्वको जन्म भएको पाँचौ दिनमा नामाकरण गरियो । उक्त दिन दरबारमा भव्य रुपमा सजी सजावट गरियो । राम, धज, लक्षण, मन्त्री, भोज, सुयाम, सुदत्त र कोण्डञ्ञ जस्ता आठजना विशिष्ट ज्योतिषादि ६ वटा विद्यामा पारंगत पण्डितहरूलाई नामाकरणको जिम्मा लगाइयो । ती आठजना पण्डित मध्ये कोण्डञ्ञ बाहेक अरु सबैले कुमारको शरीरादि लक्षण परिक्षा गरेर दुईवटा औंला ठड्याई भविष्यवाणी गरे- "यो कुमार गृहस्थ भावमा बसे भने चक्रवर्ती राजा हुनेछ । गृहत्याग गरेर प्रव्रजित भए त्रिलोकाचार्य्य बुद्ध बन्ने छ ।" ती आठजना मध्ये सबभन्दा कान्छो पण्डित कोण्डञ्ञले भने एउटै मात्र औंला ठड्याई निश्चित गरेर भविष्यवाणी गरे कि "यो बालक प्रव्रजित भएर सर्वार्थसिद्ध गरेर बुद्ध नै बन्नेछ ।" यसप्रकार सर्व अर्थ सिद्ध गर्न सक्ने भन्ने अर्थमा कुमारको नाम "सिद्धार्थ" राखियो जुन संयुक्त शब्दको विस्तृतमा 'सर्वार्थसिद्ध' हो ।

सिद्धार्थ कुमार जन्म भएको सातौं दिनमा महामायादेवीको देहावसान भयो । आमाको मृत्यु भएपछि सिद्धार्थ कुमारलाई आफ्नै दूध पिलाई भरण पोषण गर्ने सम्पूर्ण काम कान्छी आमा प्रजापति गौत्तमीले गरिन् ।

दिन बित्दै गयो । कपिलवस्तु नगरमा आषाढ महिना लागेपछि फेरि रोपाइँको चाड लाग्यो । चाडको परम्परा अनुसार स्वयं महाराजाले हलो जोत्नु पर्थ्यो । अतः राज परिवारका सबै सदस्य भव्य श्रृंगार गरी खेतमा गए । बालक सिद्धार्थलाई खेतमै एक रुख मुनि सुताएर दासीहरूको जिम्मा लगाई अन्य व्यक्तिहरू महाराजाले हलो जोत्ने ठाउँतिर लागे । महाराजाले सुवर्णमय हलले हल जोतेको दृष्य हेरेर सम्पूर्ण राजपरिवार सहित प्रजागण हर्षोल्लासका साथ रमाउँदै हेरीरहे । सिद्धार्थ कुमारको हेरचाह गरेर बसेका दासीहरूको मन आतुर भयो । कुमारलाई एक्लै छोडेर तिनीहरू पनि मङ्गल उत्सव भईरहेको दृष्य हेर्न गए । एक्लै खातमा पल्टिइराखेको बालक एक छिनपछि आफै उठेर ध्यान मुद्रामा बस्नु भयो र आँखा चिम्लेर ध्यान गर्नु भयो । मंगल उत्सव सकिएपछि फर्केर आउँदा सिद्धार्थ कुमार ध्यानमुद्रामा बसी ध्यान गरीरहेको दृष्य देखी महाराजा लगायत त्यहाँ उपस्थित भएका सबै जनसमूह आश्चर्य चकित भए । त्यसैबेला शुद्धोदन महाराजाले सिद्धार्थ कुमारलाई सास्तांग प्रणाम पनि गरे । शुद्धोदन महाराजको यो दुतियबार पुत्र-वन्दना थियो ।

ज्योतिष पंडितहरूले सिद्धार्थ कुमार घरबार त्यागेर प्रव्रजित हुने भविष्यवाणी गरेकोले शुद्धोदन महाराजालाई सिद्धार्थ प्रव्रजित हुन जाला भन्ने ठूलो पीर लाग्दथ्यो । अतः सिद्धार्थलाई भोग विलासमा भुलाई राख्ने उद्देश्यले महाराजाले



Downloaded from http://dhamma.digital

कुमारलाई सेवा गर्ने हजारौं सुन्दरीहरू लगाईदियो । राजकुमारको सुविधाको निम्ति 'रम्य' नामको नौ तल्ले दरबार हेमन्त ऋतुमा बस्न सुहाउँदो, 'सुरम्य' नामको सात तल्ले दरबार गृष्म ऋतुमा बस्न सुहाउँदो र 'शुभ' नामको पाँच तल्ले दरबार वर्षा ऋतुमा बस्न सुहाउँदो गरी अति वैज्ञानिक तवरले तीनवटा भब्य दरबार बनाउन लगायो । त्यतिले नपुगी सिद्धार्थ कुमार सोह्र वर्ष उमेरको हुने बित्तिकै यशोधरा देवीसँग विवाह गराईदियो । देवदहका महाराजा सुप्रबुद्धकी छोरी यशोधरादेवी अति नै सुन्दरी, सुविनित, ज्ञानी, स्त्रीगुणले युक्त, हेर्दामा अति आकर्षक थिइन् । यशोधरा देवी जस्ती कन्यासँग विवाह गराए पछि सिद्धार्थलाई अझ बढी बन्धनमा बाँध्ने उद्देश्यले सिद्धार्थ कुमारको राज्याभिषेक पनि गरायो ।

तर सर्वज्ञ बुद्ध बन्ने कर्म लिएर जन्मेका सिद्धार्थ कुमारलाई कहाँ रोक्न सकिन्थ्यो । एकदिन राजकुमार छन्न सारथीलाई रथ हाँक्न लगाएर उद्यानतिर घुम्नको निम्ति निस्कनु भयो । बाटोमा सिद्धार्थले एउटा वृद्ध मान्छेलाई देख्नु भएछ । त्यो वृद्ध मानिस कुप्रो परेको, कपाल जति सेतो फुलेको, दाँत जम्मै झरेर मुखै खाल्डो परेको, छाला जति नराम्रोसँग चाउरी परेको, हेर्दैमा मन खिन्न हुने देखिन्थ्यो । थर थर काम्दै हिँडिरहेको त्यो वृद्धलाई देखेर कुमारले छन्नसँग सोध्नु भयो- "छन्न यो मानिसको रूप किन यसरी बेग्लै देखियो ?" छन्नले कुरा ढाँत्न सकेन । सत्य कुरा भन्यो- "यो वृद्धावस्था हो । मानिसले वृद्ध भएपछि मृत्यु नहुञ्जेल यसरी बुढापाको दुःख भोग्नु पर्दछ ।" जीवनको यथार्थता थाहा भए पछि सिद्धार्थ कुमारको मन उदास भयो । उद्यानतिर नगईकन दरबार तिरै फर्कनु भयो । त्यस्तै गरी अर्को कुनै एकदिन घुम्न जाँदा सिद्धार्थले एउटा रोगीलाई देख्नु भएछ । त्यो रोगी रोग ब्याधिको कारण दुःख कष्टले छटपटी रहेको थियो । त्यस दिन पनि उदास मनले सिद्धार्थ दरबारतिर फर्कनु भयो । पुनः अर्को एक दिन संजोगवश सिद्धार्थले मरेको मानिसलाई मलामी ल्याइराखेको देख्नु भएछ । मृतकका आफन्तहरू रुँदै पछि पछि लागीरहेका थिए । दुःखमय संसारको यी कटु सत्यहरूको बारेमा जानेर सिद्धार्थको मन दिनहुँ विरक्ति भावतिर झुक्दै गएको थियो । यस्तैमा पुनः एक पटक घुम्न जाँदा सिद्धार्थले बाटोमा काषायवस्त्र धारण गरी शान्त स्वभावले हिँडिरहेको एक सन्यासीलाई देख्नु भयो । छन्न सारथीले कुमारलाई "ती सन्यासी सांसारिक दुःखबाट मुक्त हुन प्रव्रजित भएका साधु हुन्" भनेर चिनाईदिए । त्यतिबेला उत्तिनखेरै सिद्धार्थले दृढ संकल्प गर्नु भयो कि "जगत प्राणीको उद्धार गर्न अवश्यमेव म पनि राज्य सम्पत्ति त्यागेर प्रव्रजित हुनेछु ।" त्यस दिन सिद्धार्थको मन प्रसन्न भयो । इच्छा लागुञ्जेल उद्यान्मा घुमेर दरबारतिर फर्कनुभयो ।



Downloaded from http://dhamma.digital

सोहि दिन दरबारमा यशोधरादेवीले पुत्र जन्माएकी थिइन्। यो खुशिको खबर तुरुन्तै सिद्धार्थ कुमारसम्म पुऱ्याइयो। सिद्धार्थ कुमारले आफ्नो पुत्र जन्मेकोमा खुशि हुनुको साटो 'राहु उत्पन्न भएछ' भनीकन उदासपूर्वक विचार व्यक्त गर्नु भयो। किनकि सिद्धार्थ कुमारको हिसाबमा प्रव्रजित हुने बाटोमा बाधा उत्पन्न भएछ भन्ने लागेको थियो। सिद्धार्थको यसै अभिव्यक्तिलाई लिएर शुद्धोदन महाराजाले आफ्ना नातिको नाम 'राहुल कुमार' भनेर नामाकरण गरीदियो।

सिद्धार्थ कुमार सिधै आफ्नो खोपीमा गई खातमा पल्टिनु भयो। सँधै झैं सिद्धार्थलाई मनोरञ्जन गराउने नर्तकीहरू आएर नाना तरहले नाचगान प्रदर्शन गर्न आए। आँखा चिम्लेर विरक्ति भावको संसारमा डुबेका सिद्धार्थलाई निन्द्रा लागेछ। सिद्धार्थ निदाएको देखेर नर्तकीहरू पनि "हामी कसको लागि नाचुँ" भनी त्यहिं भुइँमा सुत्न थाले। केही बेर पछि सिद्धार्थको निन्द्रा खुल्यो। भुइँमा लम्पसार परेर सुतीरहेका नर्तकीहरूलाई देखेर उहाँको मनमा झनै विरक्ति लाग्यो। आ-आफ्नो जिउमा वस्त्र पनि अभद्र तरिकाबाट लगाएको र जथाभावी सुतीरहेका ती सुन्दरी नर्तकीहरूलाई देखेर सिद्धार्थको मनमा आशक्ति लाग्नुको साटो घृणा लाग्यो।

त्यो दृश्यलाई देख्दै सिद्धार्थले मनमनै सोच्नु भयो- "अहो! कस्तो भयावह संसारमा भुलीरहेछु। आजै गृहत्याग गरेर जन्म मरणले मुक्त हुने ज्ञान खोज्न जानेछु?" मनमा दृढ संकल्प लिएर राती चुपचापले छन्न सारथीकहाँ जानु भयो। छन्नलाई आफू गृहत्याग गरेर ज्ञान खोजेको बताउनु भयो। छन्न सारथी राजकुमारले गृहत्याग गर्न चाहेको थाहा पाएर अत्यन्त दु:खित भयो। तर राजकुमारको आज्ञा पालन गर्नु उनको धर्म थियो। तबेला मा गएर घोडाहरूको बीचमा सबभन्दा बल सम्पन्न कन्थक नामका अश्वराजलाई लिएर राजकुमारको गृहत्यागको निम्ति तयार भए।

गृहत्याग गर्ने समय आउँदा एकछिन सिद्धार्थको मनमा पुत्र स्नेह उत्पन्न भयो। आजै जन्मेको पुत्रको अनुहार हेर्ने ठूलो आकांक्षा बोकी विस्तारै यशोधराको कोठासम्म पुग्नु भयो। आमासँगै आनन्दले सुतीरहेको पुत्रलाई गोदमा उठाउने ठूलो इच्छा लाग्यो। तर अर्को मनले भन्यो– "यस्तो गर्दैमा आमाचाहिँको निन्द्रा खुल्यो भने गृहत्याग गर्ने मेरो महान संकल्पमा विघ्न हुनेछ।" यस्तो सोची मुटुमा ढुंगा राखी सिद्धार्थले आफ्नि प्रिय पत्नी र पुत्रको परित्याग गर्नु भयो। जगत संसार उद्धार गर्ने उद्देश्य लिएर त्यही राती कपिलवस्तुको दरबारको पूर्वी प्रवेश द्वारबाट महाभिनिश्क्रमण गर्नु भयो। त्यस बखत सिद्धार्थ कुमारको उमेर उनन्तीस वर्षको थियो।



Downloaded from http://dhamma.digital

## (ख) सिद्धार्थ कुमारको भिक्षु भावदेखि बुद्धत्व प्राप्ति सम्मः

छन्न सारथी र कन्थक घोडासँग यात्रा गर्दै रात भरिमा तीन राज्यहरू पार गरेर सिद्धार्थ अनोमा नामको नदी किनारसम्म आईपुग्नु भयो। सिद्धार्थले प्रव्रजित हुन त्यही ठाउँ अनुकुल ठानेर त्यहिं विश्राम गर्नु भयो र प्रव्रजित हुनको लागि तयार हुनु भयो। आफ्नै खड्ग हातमा लिनु भयो। बाँया हातले केश समाई दायाँ हातबाट केश काट्नु भयो। भनिन्छ केश काट्ने बित्तिकै सिद्धार्थको शीरमा दुई दुई औंला जति लामो केश बाँकि रहन गयो र केश जति दाँयातिर घुमाउरो भएर बस्यो। त्यसबेला देखि उहाँलाई कहिल्यै केश काट्ने जरुरत परेन। सँधैभरि केश उस्तै रही रह्यो। केश काटेपछि भिक्षु भावमा बस्न राजवस्त्र त्यागी काषाय वस्त्र धारण गर्नुपर्थ्यो। तर राजकुमारसँग काषायवस्त्र थिएन। भनिन्छ त्यतिबेला घटिकार नामका ब्रह्माले ब्रह्मलोबाट उत्रेर सिद्धार्थको लागि काषाय वस्त्र चढाउन ल्याए। सिद्धार्थ सम्पूर्ण राजवस्त्र तथा गर गहना उतारेर काषायवस्त्र पहिरी पूर्ण रूपमा भिक्षु भावमा परिवर्तित हुनु भयो।

राजवस्त्र तथा गरगहनाको पोको दिएर छन्नलाई आज्ञा दिनु भयो- "तिमी गएर म प्रव्रजित भईसकेको कुरा राजदरबारमा सबैलाई सुनाऊ।" राजकुमारको आज्ञा पालन गर्दै छन्न सारथी रुँदै कपिलवस्तुतिर फर्क्यो। विरहले भक्कानो छोडेर रुँदै छन्न हिँडीरहेको थियो भने कन्थक घोडा पनि आँखाले भ्याउन्जेल राजकुमारलाई हेर्दै फर्केको थियो। राजकुमार आँखाबाट टाढा भएपछि विछोडको शोकले हृदय थाम्न नसकी कन्थक घोडाको त्यहिं बाटोमै मृत्यु भयो।

यता कपिलवस्तुमा भोलिपल्ट बिहानै सिद्धार्थ कुमार राजदरबारमा नभएको कुरा सबैले चाल पाए। कुमारलाई खोज्न दौडधूप भयो। यतिकैमा छन्न सारथी आईपुग्यो। छन्नले अघिल्लो राती राजकुमारले गृहत्याग गरे देखिन् प्रव्रजित भएको सम्म वृतान्त कुरा सुनाए। हिजो सम्म हर्षोल्लासको रसरंगमा नाचेको राजभवन आज शोकको महाभूमरीमा डुब्यो। शुद्धोदन महाराजा, महारानी प्रजापती गौत्तमी तथा यशोधरा देबीको हृदयमा परेको बज्रपात थामी नसक्नु भयो।

भिक्षु भावमा बसेपछि सिद्धार्थलाई पेट भर्न भिक्षा मागी खानु पर्ने भयो। भिक्षा प्राप्तिको निम्ति हिँड्दै सिद्धार्थ मगध देशको राजगृह नगरसम्म आईपुग्नु भयो। राजगृह नगरमा सिद्धार्थको आकर्षक रूप तथा व्यक्तित्व देखेर नगरवासीहरू आश्चर्य चकित भए। यही कुरा मगध देशका महाराजा बिम्बिसारको कानसम्म पुग्यो। बिम्बिसार महाराजा पनि दरबारको झ्यालबाट सिद्धार्थलाई देखेर टोल्हाए। महाराजाले राजपुरूषहरूलाई बोलाएर आज्ञा दियो- "त्यस व्यक्तित्वको परिक्षा गर। यदि उनी एक अमनुष्य भए नगरद्वारबाट बाहिर जाने बित्तिकै अन्तरध्यान हुनेछ।



Downloaded from http://dhamma.digital

यदि देवता हो भने आकाशतिर विलिन हुनेछ । यदि नाग हो भने जमीन भित्र पस्नेछ । यदि मनुष्य हो भने यिनले प्राप्त भएको भोजन खानेछ ।"

राजदूतहरू सिद्धार्थको पछि पछि जासूसी गर्न गए । सिद्धार्थले पेट भर्न पुग्ने जति भिक्षा प्राप्त भएपछि खानको निम्ति एक ठाउँमा बस्नु भयो । राजदरबारको उत्तम स्वादिष्ट भोजन खाने बानी परेको सिद्धार्थलाई त्यो कमशल खालको सबै मिसिएको भोजन निल्नै अप्ठ्यारो भयो । सिद्धार्थले आफूले आफैलाई यसरी उपदेश दिनु भयो- "जुनसुकै आहार पनि पेटमा पुगेपछि मलमूत्र हुन्छ भनेर थाहा छैन ? भोजन खानुपर्ने केवल जीवन रक्षाको निम्ति मात्र भनेर जान्दैनौ ? अत: धर्मपूर्वक प्राप्त भएको यस भोजनलाई घृणा नगरी पेटको भोक मेटाउन ग्रहण गर ।" यसरी आत्मोदेश गरी घृणालाई बिर्सेर सिद्धार्थले त्यो नमिठो मिसिएको भोजन खानु भयो ।

सिद्धार्थले भोजन खाएको सुन्ने बित्तिकै बिम्बिसार महाराजा उहाँलाई भेट्न दौडेर आईपुग्यो । भेटेर कुराकानी गरेपछि सिद्धार्थको व्यक्तित्वले प्रभावित भएका बिम्बिसार महाराजाले उहाँलाई आफ्नै राजभवनमा बसेर राज्य सुख भोग गर्न आग्रह गऱ्यो । सिद्धार्थले बिम्बिसार महाराजालाई जवाफ दिनु भयो- "महाराज ! मलाई यस सांसारिक सुखभोगको आवश्यकता छैन । म आफ्नै शाक्यराज्यलाई त्यागेर प्रव्रजित हुन आएको बुद्धत्व प्राप्तिको लागि हो ।"

आफ्नो याचनालाई स्वीकार नगरेपछि बिम्बिसार महाराजाले सिद्धार्थसँग अर्कै कुरा माग्यो-"उसो भए यहाँले बुद्धत्व प्राप्त गर्नु भएपछि उपदेश दिन मेरो राज्यमा आउनुहोस् ।" सिद्धार्थले "हुन्छ" भनेर वचन दिनु भई आफ्नो बाटो लाग्नुभयो ।

त्यहाँबाट सिद्धार्थ क्रमश: आलार कालाम र उदक रामपुत्र नामका त्यसबखतका अति प्रख्यात पण्डितहरूको आश्रममा जानुभयो । त्यहाँ बसेर उक्त पण्डितहरूबाट "आकिञ्चन्यायतन र नैवसंज्ञानासंज्ञायतन" सम्मको अरूप समापत्ति ध्यान प्राप्त गर्नुभयो । तर यतिकैमा सही बोधिज्ञान प्राप्त हुने छैन भन्ने महशूश गरेर त्यस ठाउँ छोडी उरुवेल वनतिर लाग्नु भयो ।

यता कपिलवस्तु नगरमा सिद्धार्थको नामाकरण गर्दा नै सिद्धार्थ अवश्य बुद्ध बन्नेछ भनी किटान गर्ने पण्डित कोण्डञ्ञले सिद्धार्थ प्रव्रजित भई उरुवेलतिर गएका छन् भन्ने समाचार थाहा पाए । उनले आफूभन्दा जेठो पण्डितहरू सबै स्वर्गवासी भईसकेकोले तिनीहरूका छोराहरूलाई सिद्धार्थको पछि लागेर आफूहरू पनि प्रव्रजित हुन जाऔं भनेर सल्लाह गरे । तर सबैको एउटै राय भएन । तिनीहरू मध्ये वप्प, भद्दिय, महानाम र अस्सजी नामका चारजना मात्र कोण्डञ्ञ सँगै प्रव्रजित हुन राजी भए । पाँचजना एकसाथ प्रव्रजित भएकाले पछिसम्म पनि तिनीहरू पञ्च भद्रवर्गीय



Downloaded from http://dhamma.digital

भिक्षुहरू भनीकन चिनिए। तिनीहरू क्रमैसँग हिँड्दै सिद्धार्थ बस्नु भएको ठाउँसम्म पुगे। त्यहाँ बोधिज्ञान प्राप्त गर्न तपस्या गरीरहेका बोधिसत्त्वको छ: बर्षसम्म सेवा गर्दै गए।

सिद्धार्थले कठिन भन्दा कठिन तपस्या गर्दै जानु भयो। शरीरलाई पीडा दिने हठयोगादि तपस्या गर्दा गर्दै उहाँको शरीर अति नै दुर्बल हुन थाल्यो। शरीरमा केवल हड्डी र छालामात्र बाँकि रहे। आफ्नै शरीर पनि आफैले ठाम्न नसक्ने अवस्था भयो। यस्तो दुष्करचर्या तपस्या गर्दा पनि बोधिज्ञान प्राप्त नभएकोले सिद्धार्थले अबबाट आहार ग्रहण गरेर पहिले आफ्नो शरीरको पोषण गर्नु पऱ्यो भन्ने सोची विस्तारै आहार ग्रहण गर्न थाल्नु भयो। सिद्धार्थले खान थालेको देखेपछि पञ्च भद्रवर्गीय भिक्षुहरूको मनमा उहाँप्रति विश्वास कम हुन गयो। "यस्तो घोर तपस्या गर्दा त बोधिज्ञान प्राप्त गर्न सकेन। अब खाना खाएर तपस्या भंग गर्ने, यसले के बोधिज्ञान प्राप्त गर्ला ? यस्ताको सेवा गरी हामी किन बसौं।" - सिद्धार्थ प्रति यसरी तपभ्रष्टको लाञ्छना लगाई तिनीहरू त्यहाँबाट ऋषिपतन मृगदावनतिर गए।

पञ्च भद्रवर्गीय भिक्षुहरूले छोडेर गएपछि सिद्धार्थले भिक्षा मागी खाने गर्नु भयो। स्वास्थ्य ठीक पार्दै ध्यान गर्नु भयो। क्रमश: बैशाख पूर्णिमाको दिन आईपुग्यो। त्यस दिन भिक्षा माग्ने समय नहुञ्जेल एक छिन ठूलो पीपलको रुखमुनि ध्यान गरेर बस्नु भयो।

त्यस समय उरुवेल प्रदेशको सेनानी भन्ने गाउँमा सुजाता नामकी एउटी कन्या थिइन्। ती कन्याले त्यही ठूलो पीपलको रुखमा कुनै वृक्ष देवता रहेको छ भन्ने भक्तिभावले भाकल गरेकी थिइन्-"यदि मेरो आफ्नै सरहको कुल घरानामा विवाह भई पहिलो सन्तानमै छोरा पाएँ भने हरेक साल देवताको चरणमा गोक्षीर भोजन चढाउने छु।" वैशाख पूर्णिमाको त्यस सुन्दर बिहान बत्तीस लक्षणले युक्त काषाय वस्त्र धारण गरेका तेजस्वी सिद्धार्थलाई ध्यान मुद्रामा देखेपछि सुजाताले सोचिन्- "मैले भाकल गरेको मेरो इच्छा पूर्ण भईसक्यो। अत: अवश्य पनि वृक्ष देवता मेरो पूजा थाप्न प्रकट भएका होलान्।" खुशिले विभोर भएकी सुजाताले असलभन्दा असल शुद्ध दूध र घिउमा पकाइएको क्षीर भोजन सुवर्ण पात्रमा हालेर वृक्षदेवता ठानी सिद्धार्थलाई चढाउन ल्याइन्। सिद्धार्थले शान्तीपूर्वक ग्रहण गर्नु भयो।

सुजाताले दान दिएको क्षीर भोजन हातमा राखी सिद्धार्थ नेरञ्जना नदीतिर जानु भयो। नदीमा नुहाउनु भयो। अनि पूर्वतिर फर्केर क्षीर खानु भयो। जम्मा उनन्चास गाँस खाईसकेपछि क्षीर भोजन पात्रमा सकिएको थियो। बोधिसत्त्व सिद्धार्थले बुद्धत्व प्राप्त गर्नुभन्दा पहिले ग्रहण गरेको यही नै अन्तिम भोजन थियो। खान सकिएपछि बोधिसत्त्वले उक्त सुवर्णमय पात्र नेरञ्जना नदीमा बगाई यसरी



Downloaded from http://dhamma.digital

संकल्प गर्नु भयो-"यदि आजको दिनमा मैले बोधिज्ञान प्राप्त गर्नेछु भने यो पात्र नदीमा उल्टो दिशातिर बगोस् ।" भनिन्छ साँच्चै नै उक्त सुवर्णमय पात्र नदीमा ठीक उल्टो दिशातिर बग्यो । यही कारणबाट उत्साहित भएर बोधिसत्त्वले भद्रशाल वनमा गएर दिनभरि ध्यान गर्नु भयो । सूर्यास्तमा गयाको पीपलको रुखतिर हिँड्नु भयो । त्यतिबेला सोत्थिय नामको एक ब्राह्मण घाँस बोकेर हिँडीरहेको थियो । सिद्धार्थलाई देखेर प्रभावित भई सोत्थिय ब्राह्मणले आठ मुट्ठा घाँस दान दियो । सोत्थियको घाँस ग्रहण गरी बोधिसत्त्व पीपलको रुख (बोधिवृक्ष) सम्म पुग्नु भयो । त्यही घाँस बिछ्याएर आशन बनाउनु भयो । बज्रासनमा बसेर यसरी दृढ संकल्प गर्नु भयो- "मेरो शरीरको मासु, छाला सुकेर रगत र हाडमात्र बाँकि रहन गएसम्म पनि बोधिज्ञान प्राप्त नभएसम्म यस आशनबाट उठ्ने छुइन ।" यसरी दृढ अधिष्ठान गरेर बोधिसत्त्वले बुद्धत्व प्राप्तिको लागि प्रयास जारी गर्नु भयो ।

रातको प्रथम पहरसम्ममा उहाँलाई पूर्वानुस्मृति ज्ञान अर्थात पूर्वजन्महरूको सम्पूर्ण कुरा थाहा पाउने ज्ञान प्राप्त भयो । रातको द्वितीय पहरसम्ममा च्युतोत्पत्ति ज्ञान अर्थात उत्पत्ति र मरणको ज्ञान प्राप्त भयो । रातको तृतीय पहरसम्ममा आश्रवक्षय ज्ञान प्राप्त भएर बोधिज्ञान प्राप्त भयो । उहाँ सर्वज्ञ बुद्ध बन्नु भयो । अरूणोदयसम्म पनि उहाँले आश्रवक्षय ज्ञान अर्थात प्रतीत्य समुत्पाद ज्ञानलाई बारम्बार दोहराएर विचार गर्नुभयो । यस प्रकार सम्यक सम्बोधि ज्ञान प्राप्त गरेपछि अरुणोदयको समयमा सर्वज्ञ बुद्धले यसरी प्रीति वाक्य व्यक्त गर्नु भयो- "अनेक कालदेखि जन्मौं जन्मसम्म संसार चक्रमा घुमेर बोधिज्ञान खोज्दै गरें । आज मैले बोधिज्ञान प्राप्त गरीसकें । तृष्णा जति क्षय भईसक्यो । आश्रव जति विनाश भईसक्यो । अबबाट पुनः मेरो जन्म हुने छैन । अब म संसार बन्धनबाट मुक्त भईसकें ।" भनिन्छ त्यस समय सम्पूर्ण चक्रवालबाट देवता तथा ब्रह्मागण आएर अनेक प्रकारले पुष्पवृष्टि गरेर बुद्धको पूजा गरे । त्यसबेला बुद्धको उमेर पैंतिस वर्ष पुरा भएको थियो ।

सम्यक सम्बुद्ध बन्नु भएपछि उहाँले सोच्नु भयो- "कल्पशतहश्राधिक चार असंख्य कालदेखि यस बोधिपल्लंकको कारण म संसारचक्र घुमें । आज मेरो आशन विजयाशनं भयो । यहाँ बसेर मेरो संकल्प पूर्ण भयो ।" यस्तो सोची बोधिवृक्ष मुनि एक सप्ताहसम्म एउटै आशनमा बसेर समापत्ति ध्यानमा बस्नु भयो । त्यसपछि "यस रूखमुनि बसेर मैले सर्वज्ञ ज्ञान प्राप्त गरें । यो रुखको ममाथि ठूलो उपकार छ भन्ने" भावमा अर्को सप्ताहभरि आँखा नचिम्लिकन बोधिवृक्षलाई हेरेर 'नेत्रपूजा' गर्नु भयो । बुद्ध बनेपछि तेस्रो सप्ताहभरि बोधिवृक्षको वरपर चंक्रमण (हिँडेर गर्ने ध्यान) गरेर बिताउनु भयो । चौथो सप्ताहभरि बोधिवृक्षको पश्चिम दिशातिर बसेर धर्मको



Downloaded from http://dhamma.digital

गम्भिरतामाथि विचार गरेर ध्यान गर्नु भयो । पाँचौ सप्ताह भरि बोधिवृक्षको पूर्व भागमा रहेको अजपाल वृक्षमुनि धर्मामृतपान गरेर बिताउनु भयो । त्यस आशनबाट उठेर छैठौं सप्ताहभरि बोधिवृक्ष रुखको पूर्वपट्टि कुनामा रहेको मुचलिन्द रुखमुनि बसेर विमुक्ति धर्मको सुखानुभव गर्नु भयो । त्यसबेला घनघोरसँग वर्षा तथा तूफान चल्यो । त्यतिबेला त्यस रुखमा बस्ने नागराजाले आफ्नो शरीरले बुद्धको शरीरलाई बेरेर छत्रले ओढ्ने जस्तै गरेर फण फैलाई भगवान बुद्धलाई तूफान तथा वर्षाबाट रक्षा गरे । त्यसपछि राजायतन रुखमुनि बसी सातौं सप्ताह भरि नै निरामिस प्रीतिसुख अनुभव गरी बिताउनु भयो ।

यस प्रकार बोधिज्ञान प्राप्त गरेर सर्वज्ञ बुद्ध बन्नु भएपछि सात हप्तासम्म भगवान् बुद्धले गम्भिराति गम्भिर धर्मको बारम्बार विचार गरी धर्मको अमृतरस पान गर्दै बुद्धानुभावको सुख अनुभव गरेर बिताउनु भयो । यस बिचमा भगवान बुद्धले न कुनै खाद्य पदार्थ खानु भयो, न मलमूत्र त्याग गर्नु भयो । सात सप्ताह बितेपछि मात्र भगवान बुद्धले स्नान गर्नुभयो र एक रुखमुनि बस्नु भयो । त्यस बेला ब्यापार गर्न हिँडेका तपुस्स र भल्लुक नामका दुई ब्यापारीहरू हिँड्दै भगवान् बुद्ध बस्नु भएको ठाउँमा आईपुगे । भगवान् बुद्धको तेजस्वी ब्यक्तित्व देखेर चकित भई उनीहरूले आफूसँग भएको सत्तु र मह दान दिए । भगवान् बुद्धले त्यस खाद्य पदार्थ खानु भयो । तपुस्स र भल्लुकले दान दिएको सत्तु र मह नै भगवान् बुद्धले बुद्धत्व प्राप्त गर्नु भएपछि खानु भएको पहिलो भोजन थियो । त्यसपछि भगवान् बुद्धले तपुस्स र भल्लुकलाई दान, शील, भावनाको धर्म उपदेश दिनु भयो । भगवान बुद्धको उपदेशबाट अति प्रभावित भई तिनीहरूले बुद्ध र धर्मको शरणमा आएँ भनीकन बुद्धोपासक बने । बुद्ध धर्ममा सबभन्दा पहिले बुद्ध र धर्मको शरणमा जाने द्वैवाचिक (दुई वचनको) उपासक यिनीहरू नै भए । त्यसपछि उनीहरूले भगवान बुद्धको शारीरिक चिन्ह कुनै पाए सोहीलाई पूजा गरेर पुण्य प्राप्त गर्न पाउँथें भनेर भगवान् बुद्धलाई बिन्ति गरे । भगवान बुद्धले बुद्धोपासकका अनुरोधलाई मनन गरी आफ्नो शीरबाट एक मुट्ठि केश निकालेर तिनीरूलाई दिनु भयो । भगवान बुद्धको केश धातु पाएर अति खुशि भई आफ्नो देश उत्कल (उडिसा) तिर लागे । आफ्नो देशमा पुगेपछि केश धातु जगमा राखी चैत्य निर्माण गरी नित्य पूजाले सत्कार गरीरहे । बुद्धको स्मृतिमा बनाइएको प्रथम चैत्य यही थियो ।

### (ग) बुद्धको प्रथम धर्म उपदेश देखि चवालिसौं वर्षावास सम्मः

भगवान बुद्धले आफूलाई प्राप्त भएको बोधिज्ञानको उपदेश दिएर कसको कल्याण गरुं भनेर सोच्नु भयो । कुनै दिन आफ्ना गुरु भई सकेका आलार कालाम र उदक रामपुत्रलाई सम्भ्फनु भयो । तर उत्निखेरै ती दुवैजना परलोक भईसकेको



Downloaded from http://dhamma.digital

कुरा ध्यान शक्तिले थाहा पाउनु भयो। त्यसपछि उहाँले पञ्च भद्रवर्गीय भिक्षुहरूलाई सम्झनु भयो जसले छ: वर्षसम्मको तपस्या कालमा बोधिसत्त्वको सेवा गरेका थिए। त्यस बखत तिनीहरू ऋषिपतन मृगदावनमा छन् भनी थाहा पाउनु भयो। अत: प्रथम पटक तिनीहरूलाई सद्धर्मको उपदेश दिनेछु भनी भगवान बुद्ध ऋषिपतन मृगदावनतिर जानु भयो। क्रमश: भ्रमण गर्दै आषाढ पूर्णिमाको दिन मृगदावनमा पुग्नु भयो।

पञ्च भद्रवर्गीय भिक्षुहरूले टाढैबाट भगवान बुद्धलाई आईराख्नु भएको देखेर यस्तो भने- "ऊ हेर ! तपभ्रष्ट भएका तपस्वी आए। आज हामीले तिनलाई कुनै स्वागत सत्कार तथा सेवा गर्ने छैन।" भगवान बुद्ध जति जति नजिक आईपुग्नु भयो उहाँको मैत्री भाव तथा तेजस्वी प्रतापको कारण पाँचै जना भिक्षुहरू रहनै सकेनन्। पाँचैजनाले आदरपूर्वक भगवान बुद्धलाई आवश्यक सेवा तथा सत्कार गर्न पुगे।

आवश्यक कुशल वार्तालाप गरेपछि भगवान बुद्धले तिनीहरूलाई सम्बोधन गरेर भन्नुभयो- "भिक्षुहरू ! मैले बोधिज्ञान प्राप्त गरेर अरहत सम्यक सम्बुद्ध बनी सकें। अत: मैले प्राप्त गरेको ज्ञान सुनाउँछु। राम्ररी सुन।"

तिनीहरूलाई बुद्धको कुरामा विश्वास लागेन र भने- "भो गौत्तम ! त्यस्तो कठोर दुष्कर तपश्चर्य्या गर्दा त तपाईंले ज्ञान प्रााप्त गर्न सक्नु भएन भने अहिले हृष्टपुष्ट हुने गरी खाएर सुखपूर्वक बसीकन कसरी बोधिज्ञान प्राप्त गर्नु भयो ?"

भगवान बुद्धले आफू अरहत सम्यक सम्बुद्ध बनी सकेको कुरा यसै प्रकारले तीन पटक सम्म भन्नु हुँदा पनि पञ्च भद्रवर्गीय भिक्षुहरूले विश्वासै गरेनन्। तब भगवान बुद्धले भन्नु भयो- "भिक्षुहरू ! के मैले यो भन्दा पहिले कहिल्यै आफू सम्यक सम्बुद्ध बनेको कुरा दावा गरेको छु ?"

"छैन" भनीकन तिनीहरूले जवाफ दिए।

"त्यसैले भिक्षुहरू ! तथागत (म) अरहत सम्यक सम्बुद्ध हुँ। तथागतले अमृतपद प्राप्त गरीसक्यो। आज तिमीहरूले तथागतको सदुपदेश राम्रोसँग सुन, जस अनुसार अभ्यास गरेमा तिमीहरूलाई पनि जन्म मरण दु:खले मुक्त हुने परमशान्त निर्वाण प्राप्त हुनेछ।" भगवान बुद्धबाट त्यति आज्ञा भएपछि बल्ल तिनीहरूलाई विश्वास भयो र बुद्धको उपदेश सुन्न तयार भए।

भगवान बुद्धले क्रमैसँग सद्धर्मको उपदेश सुनाउनु भयो। अतिवादलाई त्याग्ने मध्यम मार्ग, चतुआर्य सत्य, आर्य अष्टांगिक मार्ग, बुद्धलाई प्राप्त भएको चक्षु, प्रज्ञा, ज्ञान, विद्या तथा आलोक इत्यादि गम्भिर उपदेश सुनाउँदै जानु भयो। पञ्च भद्रवर्गीय भिक्षुहरूलाई दिनु भएको यही उपदेश नै भगवान बुद्धको प्रथम उपदेश थियो। आषाढ



Downloaded from http://dhamma.digital

पूर्णिमाको दिनमा दिईएको यस प्रथम उपदेशलाई बौद्ध साहित्यमा 'धर्मचक्र प्रवर्त्तन सूत्र' भनेर जानिन्छ ।

यस उपदेश सुनेपछि जेठो भिक्षु कोण्डञ्ञले प्रव्रज्या र उपसम्पदा मागेर उपसम्पन्न भए । त्यसपछि आषाढ कृष्णको चौथी सम्ममा एक एक दिन गर्दै क्रमश: वप्प, भद्दिय, महानाम र अस्सजि गरी बाँकि चारैजना भिक्षुहरू पनि उपसम्पन्न भए ।

आषाढ शुक्लको पञ्चमीको दिनमा पुन: भगवान बुद्धले तिनीहरूलाई अर्को गम्भिर उपदेश दिनुभयो । रूप, वेदना, संज्ञा, संस्कार तथा विज्ञान पाँचैवटा पंचस्कन्धको अनित्य, दु:ख र अनात्म लक्षणको उपदेश दिनु भयो । यस गम्भिर उपदेश सुनेपछि ती पाँचैजना भिक्षुहरूले आश्रव क्षय गरेर अरहत्व प्राप्त गरे । त्यस बेला सम्म संसारमा भगवान बुद्ध सहित छ: जना अरहतहरू भएका थिए । पञ्च भद्रवर्गीय भिक्षुहरूले अरहत्व प्राप्त गर्न सकेको यस सदुपदेशलाई बौद्ध साहित्यमा 'अनित्य लक्षण सूत्र' भनेर जानिन्छ ।

त्यस समय वाराणशी देशमा एक संवृद्धशाली महाजन थियो । उनका एक्लो छोरो यश कुमार भने धन दौलतमा रमाउने खालका थिएन । अत: एकदिन यश कुमार रात्रीको समय घरबार त्यागी भाग्यो । जाँदा जाँदै संजोगवश उनी भगवान बुद्ध बस्नु भएको ऋषिपतन मृगदावनमै पुग्न आएको थियो । मृगदावनमा पुगेर यश कुमारले सांसारिक जंजालको कटु सत्यलाई सम्झेर एक्लै बसेर "अहो उपद्रव ! अहोभय" भनेर कराइरहेको थियो । भगवान बुद्धले यश कुमारलाई देखेर भन्नुभयो- "यहाँ आउनु, यहाँ भय छैन, यहाँ उपद्रव छैन" । भगवान बुद्धलाई देखेपछि यश कुमारको मन आनन्दित र प्रफुल्लित भएको सीमा रहेन । त्यहिं भगवान बुद्धले यश कुमारलाई दान कथा, शील कथा, पञ्चकामको दोष कथा, नैस्क्रम्यको गुणकथा र अन्तमा चतुआर्य सत्य धर्मको उपदेश दिनु भयो । भगवान बुद्धको उपदेश सुनेर यश कुमारलाई धर्मचक्षु प्राप्त भयो ।

यश कुमार घरबाट भागेकोले यत्रतत्र उनलाई खोज्ने कार्य जारी नै थियो । स्वयं यश कुमारको पिता पुत्रलाई खोज्दै हिँड्दा मृगदावनमै आईपुग्यो । त्यहाँ यश कुमारको सुनको खराउ छोडी राखेको देखेर पक्कै पनि आफ्ना छोरा यहिं हुनैपर्छ भनी हिँड्दा भगवान बुद्धको दर्शन भयो । भगवान बुद्धसँग भेटघाट भएपछि भगवान बुद्धले यश कुमारका पितालाई पनि उपदेश दिनुभयो । बुद्धको उपदेशले ज्ञान प्राप्त गरी उनले "आजदेखि मलाई उपासक भनेर धारण गर्नुहोस्" भनी याचना गऱ्यो । यस प्रकार यश कुमारको पिता बुद्धशासनमा बुद्ध, धर्म र संघको शरणमा जाने प्रथम "त्रैवाचिक" उपासक भए ।



Downloaded from http://dhamma.digital

आफ्ना पितालाई भगवान बुद्धले दिनु भएको उपदेश सुन्दा सुन्दै यश कुमार अरहत भए। अतः प्रव्रजित भएर भिक्षु बने। त्यसपछि भगवान बुद्ध भिक्षु संघ सहित यश कुमारको घरमा भिक्षा जानु भयो। त्यहाँ भगवान बुद्धको उपदेश सुनेर यश कुमारकी माता र गृहस्थी छँदा उनकी धर्मपत्नी सुजाताले पनि उपासकत्व ग्रहण गरी बुद्धशासनमा सबभन्दा पहिले बुद्ध, धर्म र संघको शरणमा जाने उपासिका बने। यश कुमारले प्रव्रजित बनी अरहत्व लाभ गरेको कुरा सुनेर उनका अति मिल्ने चारजना साथीहरू विमल, सुबाहु, पूर्णजि र गवम्पति पनि प्रव्रजित भए। बुद्धको उपदेश सुनेर तिनीहरूले पनि अरहत्व लाभ गरे। एवं प्रकारले यश कुमारका अर्का पचास जना गृहस्थ साथीहरूले पनि यी सब कुरा सुनेर प्रव्रजित भए। तिनीहरूले पनि भगवान बुद्धको उपदेश सुनेर अरहत्व लाभ गरे। यस प्रकार त्यति बेलासम्म भगवान बुद्ध प्रमुख ६१ जना अरहत भिक्षुहरू भए।

वर्षाकाल सिद्धिएपछि भगवान बुद्धले तिनीहरू ६० जना अरहत भिक्षुहरूलाई "एकै ठाउँमा नबस्नु, चारै दिशामा चारिका गरेर बहुजन हित र सुखको निम्ति धर्म प्रचारको लागि जानु" भनेर आज्ञा दिएर पठाउनु भयो।

त्यस बखत त्यही वनमा ३० जना भद्रिय राजकुमारहरू वनभोज मनाउन आएका थिए। तिनीहरूले मनोरञ्जनका लागि ल्याएकी एउटी गणिका हराएको थियो। वनमा गणिकालाई खोज्दै हिंडेका राजकुमारहरूले भगवान बुद्धलाई भेटेछ। भगवान बुद्धले तिनीहरूसँग भेटेर "गणिकालाई खोज्नुको सट्टा आफूले आफैलाई खोज्नु वेश होला।" भनीकन उनीहरूको मन परिवर्तन गर्नुभयो। ती तीसैजना राजकुमारहरू प्रव्रजित भए। भगवान बुद्धले उनीहरूलाई उपदेश गरेर बोध गर्नुभयो र पछि उनीहरूलाई पनि धर्म प्रचारको निम्ति विभिन्न दिशामा पठाउनु भयो। आफू स्वयं उरुवेल ग्राममा जानुभयो।

त्यस बखत उरुवेल ग्राममा पाँचसय जटिल शिष्यहरूका आचार्य बनेका ऊरुवेल काश्यप, तीनसय जटिल शिष्यहरूका आचार्य बनेका नदी काश्यप र दुईसय जटिल शिष्यहरूका आचार्य बनेका गया काश्यप भन्ने तीनजना दाजुभाई थिए। तिनीहरू सुप्रसिद्ध तपस्वीहरू थिए। भगवान बुद्धले अनेक ऋद्धि प्रातिहार्य देखाएर उनीहरूलाई दमन गर्नुभयो र भिक्षु बनाउनु भयो। त्यसपछि एक हजार उनीहरूका शिष्यहरूलाई पनि साथमा लिएर तिनीहरूलाई गयाशीर्ष पर्वतमा लग्नु भयो। त्यहाँ अग्निपर्य्याय धर्मोपदेश गरेपछि तिनीहरू सबैले अरहत्व लाभ गरे।

त्यसपछि ती नै एक हजार जटिल भिक्षुहरूलाई साथमा लिएर भगवान बुद्ध राजगृह नगरतिर जानुभयो। मगध देशका सम्राट बिम्बिसारलाई बुद्धत्व लाभ गरेपछि उपदेश सुनाउन आउनेछु भनेर बोधिसत्त्व सिद्धार्थले वचन दिएका थिए।



Downloaded from http://dhamma.digital

भगवान बुद्ध एक हजार भिक्षुहरूसंगै नगरमा प्रवेश गर्नु भएको समाचार बिम्बिसार महाराजासम्म पुग्यो । बिम्बिसार महाराजा अति खुशि भई हजारौं ब्राह्मण, गृहस्थहरूलाई लिएर भगवान बुद्ध समक्ष आईपुगे । अभिवादन गरेर सम्पूर्ण परिषद एक ठाउँमा बसे ।

भगवान बुद्धले सम्पूर्ण परिषदको चित्त प्रसन्न हुने गरीकन दानादिकथा भन्नु भयो । त्यसपछि श्रेष्ठोत्तम चतुआर्य्य सत्यको उपदेश दिनु भयो । त्यस बखत बिम्बिसार महाराजासहित धेरैलाई निर्मल धर्मचक्षु प्राप्त भयो । बाँकि सबले उपासकत्व ग्रहण गरे । महाराजाले भगवान बुद्ध प्रमुख सबै भिक्षुगणलाई भोलिपल्टको लागि भोजनको निमन्त्रणा दियो ।

भोलिपल्ट भगवान बुद्ध सहित एक हजार भिक्षुहरूलाई राज भवनमा बोलाएर भव्य रूपमा अति उत्तम स्वादिष्ट भोजन गराए । भोजनको कार्य सकिएपछि एक ठाउँमा बसेका बिम्बिसार महाराजाको मनमा यस्तो लाग्यो -"भगवान बुद्ध स्वयं यतिका धेरै संख्या भिक्षुगणको साथमा कहाँ बास गर्नु होला । मेरो राज्यमा परेको वेणुवन देशबाट धेरै टाढा पनि छैन, धेरै नजिक पनि छैन । आउन जानलाई यातायातको सुविधा पनि छ । किन म वेणुवन भगवान बुद्ध र भिक्षु संघको लागि दान नगरुं ।" यस्तो सोची भगवान बुद्ध समक्ष बिन्ति गरे । भगवान बुद्धले स्वीकार गर्नुभयो । बिम्बिसार महाराजाले दान दिएको यही वेणुवन बुद्ध शासनको प्रथम विहार भयो । वेणुवन विहार नै अत: बुद्ध शासन टिक्नको लागि प्रथम जग रह्यो । त्यसबेला भगवान बुद्धले वस्तु दानमध्ये विहार दान अति नै उत्तम छ भनी विहार दानको महत्तालाई लिएर उपदेश दिनुभयो ।

त्यस समय राजगृह नगरमा संजय नामक एक परिब्राजक (सन्यासी) दुईसय पचास जना शिष्यहरू जम्मा गरी बसेका थिए । उपतिस्स र कोलित नामका दुईजना शिष्यहरू उनका जेष्ठ शिष्यहरू थिए । उपतिस्स र कोलित दुबैजना अति घनिष्ठ मित्रहरू पनि थिए । उनीहरूले एक आपसमा एउटा प्रतीज्ञा गरीराखेका थिए । "हामी दुईजना मध्ये जसले पहिले मोक्ष धर्म प्राप्त गर्छ, त्यसले दोश्रोलाई तुरून्तै सुनाउने छ ।"

त्यस बखत पञ्च भद्रवर्गीय मध्ये एक भिक्षु अस्सजि धर्म प्रचारार्थ देश देशमा चारिका गर्दै एकदिन राजगृह नगरमा भिक्षाटनको लागि आईपुगेको थियो । उपतिस्सले अस्सजि भिक्षुलाई देख्ने बित्तिकै प्रभावित भएर त्यसको पछि पछि लाग्यो । अस्सजिले भोजन खाउञ्जेल पर्खी बसेपछि उनले अस्सजिसँग भेट गरी प्रश्न गऱ्यो- "तपाईंको अनुहार अति प्रसन्न देखिन्छ । तपाइँको गुरु को हो ? कसको धर्मले तपाइँलाई प्रसन्न बनायो ? तपाइँको गुरुको वाद के हो ? उहाँको उपदेश के हो ?"



Downloaded from http://dhamma.digital

अस्सजिले जवाफ दियो- "शाक्यकुलबाट प्रव्रजित भएका महाश्रमण मुनि हुनुहुन्छ। उहाँ नै मेरो गुरु हुनुहुन्छ। उहाँको वाद हो- जुन धर्म हेतुबाट बनेको हो त्यस धर्मको हेतु तथागतले आज्ञा हुनुहुन्छ। पुनः त्यस हेतुको निरोध पनि आज्ञा गर्नु हुने उहाँ श्रमणको वाद हो।" यस प्रकार बुद्धको सिद्धान्तलाई छोटो श्लोकमा अस्सजीले सुनाएको श्लोकमाथि गम्भिर सोच चिन्तन गरी तुरुन्तै उपतिस्सले धर्म चक्षु प्राप्त गऱ्यो र अति नै खुशि भई प्रसन्न मुद्राले आफ्ना मित्र कोलितलाई पनि त्यही सुनाउन गयो। साथसाथै आफ्ना दुईसय पचासजना परिव्राजक साथीहरूसँगै भगवान बुद्धकहाँ प्रव्रजित हुन वेणुवन विहारतिर गए। तिनीहरूका गुरु संजय परिव्राजक अभिमानको कारणले जान मानेनन् र सबै चेलाहरूले छोडेर गएको चोटले तिनको मृत्यु भयो।

भगवान बुद्धकहाँ प्रव्रजित भएपछि उपतिस्सको नाम भिक्षु सारिपुत्र रह्यो जसले दुई सप्ताह पछि अनेक विध प्रज्ञाज्ञानसँगै जन्म मरणले मुक्त रहेको अरहत्व लाभ गऱ्यो। कोलितको नाम भिक्षु मौद्गल्यायन रह्यो जसले एक सप्ताह पछि ऋद्धिबल सहित अरहत्व लाभ गऱ्यो। भगवान बुद्धले भिक्षु संघको बिचमा उनीहरू दुवैजनालाई अग्रश्रावकहरू भनेर घोषणा गर्नुभयो।

यता कपिलवस्तुमा शाक्यमुनि भगवान बुद्धले बुद्धत्व लाभ गरेपछि धर्म प्रचार गर्दै राजगृह नगरमा बस्नु भएको छ भन्ने समाचार शुद्धोदन महाराजासम्म पुग्यो। छः वर्षसम्म पुत्र वियोगमा विह्वल भई बसेका शुद्धोदन महाराजाले एक हजार सिपाहिँ दिएर एकजना राजदूत पठाएर भगवान बुद्धलाई लिन पठाए। भगवान बुद्धकहाँ पुगेपछि तिनीहरू सबजना बुद्धको उपदेश सुनेर प्रव्रजित भएर त्यहिं बसे। कसैले पनि शुद्धोदन महाराजाको सन्देश सुनाएनन्। एवं प्रकारले शुद्धोदन महाराजाले नौ पटकसम्म राजदूतहरू पठाउँदा पनि बुद्धलाई सन्देश दिन कसैले सकेनन्। सबका सब प्रव्रजित भएर उहिं बसे। दुःखि भएर बसेका शुद्धोदन महाराजाले दशौं पटकमा बल्ल कालुदायी नामका मन्त्रीको प्रयासमा शाक्यमुनिलाई स्वदेश ल्याउन सफल भयो। कालुदायी जो आफै पनि दशौं पटक एक हजार सिपाहिँ लिएर गई एक हजार सिपाहींसँगै प्रव्रजित भई सकेका थिए तिनको चातुर्यपूर्ण प्रयासमा शुद्धोदन महाराजाको सन्देश भगवान बुद्ध समक्ष पुग्यो। सन्देश पाएपछि भगवान बुद्धले प्रथम पटक स्वदेश आगमन गर्नुभयो। भगवान बुद्ध कपिलवस्तु नपुगुञ्जेलसम्म यात्रा भरि शुद्धोदन महाराजाले भगवान बुद्ध प्रमुख भिक्षुगणलाई आवश्यक सुख सुविधा तथा सेवा सत्कारको पूर्ण प्रबन्ध गरे।

कपिलवस्तुमा निग्रोध शाक्य नामको उद्यानमा एउटा भव्य विहार बनाएर "निग्रोधाराम" नाम राखियो। भगवान बुद्ध प्रमुख भिक्षुगणको लागि उक्त विहार भव्य स्वागत सत्कार तथा उत्सव मनाएर दान गरियो। त्यस बखत निग्रोधाराममा



Downloaded from http://dhamma.digital

उपस्थित विशाल जन समूहमा सम्पूर्ण देशवासीका साथ सम्पूर्ण राजपरिवारहरू पनि थिए। शाक्य राजपरिवारहरूमा कतिपय जेष्ठ व्यक्तिहरूले आफ्नै परिवारको सदस्य मानी जातीय अभिमानको कारणले बुद्धलाई वन्दना सम्म पनि गरेका थिएनन्। भगवान बुद्धले उनीहरूको जातीय अभिमान तोड्न त्यहाँ ठूलो ऋद्धि प्रातिहार्य देखाउनु भयो। यो दृश्य हेरी शुद्धोदन महाराजाले भगवान बुद्धलाई साष्टाङ्ग प्रणाम गऱ्यो। शुद्धोदन महाराजाको यो तृतीयबार पुत्र वन्दना थियो। महाराजाले नै वन्दना गरेको देखेपछि सबै शाक्य परिवारले वन्दना गरे। भगवान बुद्धले त्यस समय आफ्ना ज्ञातिबन्धुहरूको त्यस ठूलो जन समूहलाई सुहाउँदो उपदेश दिनु भयो। उपदेश सिद्धिएपछि सबै आ-आफ्नो घरबारतिर फर्के। बुद्धलाई भोलिपल्टको भोजनको निम्ति शुद्धोदन महाराजा वा अन्य कोही कसैलाई पनि निमन्त्रणा दिनुपर्ने कुराको सम्झना रहेन।

भोलिपल्ट बिहान भगवान बुद्ध भिक्षु गण सहित कपिलवस्तु नगरमा भिक्षाटनको लागि जानु भयो। कुनै दिन शाक्य राजकुमार रहेका बुद्ध आफ्नै देशमा प्रजाको घर घरमा गएर भिक्षा माग्न जानु भएको यो समाचार सुनेर यशोधरा देबी, शुद्धोदन महाराजा प्रमुख सम्पूर्ण राजपरिवारको मनमा ठूलो विस्मात् भयो। समाचार सुन्ने बित्तिकै शुद्धोदन महाराजा आफ्नो वस्त्र सम्म पनि राम्ररी मिलाउन नभ्याईकन दौडेर भगवान बुद्धकहाँ पुग्यो। "भगवान! हामीलाई किन लज्जित पार्नु भयो? तपाइँ क्षत्रीय वंशी भएर यसरी भिक्षा मागी खान सुहाउँछ के?" चोटभरि शब्दले शुद्धोदन महाराजाले गर्नु भएको यस प्रश्नमा भगवान बुद्धले जवाफ दिनु भयो-"महाराज! अब म राजवंशको छुइन। अब मेरो वंश बुद्धवंश हो। दीपंकरादि बुद्धहरूको पालादेखि चली आएको बुद्धवंशीहरूले अप्रमादी भएर भिक्षा मागेर नै जीविका गरे।" यसरी जवाफ दिँदै त्यसै बखत भगवान बुद्धले शुद्धोदन महाराजालाई उपदेश पनि दिनुभयो, जुन उपदेश सुनेर शुद्धोदन महाराजालाई श्रोतापत्ति मार्गफल प्राप्त भयो। त्यहाँबाट महाराजाले भगवान बुद्ध प्रमुख सबै भिक्षुगणलाई राज भवनमा बोलाएर अत्यन्त उत्तम प्रणीतकार भोजन गराए।

सर्वप्रथम भगवान बुद्ध आफ्नो राजभवनमा पाल्नु भएको उक्त अवसरमा सम्पूर्ण राजपरिवारहरू उपस्थित भई बुद्धलाई वन्दना गर्नुका साथै सेवा सत्कार पनि गरे। तर यशोधरा देबी बुद्धको दर्शन गर्न सम्म पनि आइनन्। उनको स्वाभिमान थियो- "यदि आर्य्यपुत्रले मेरो गुणको कदर गर्नु भएको छ भने उहाँ आफै आएर मलाई भेट्न आउनु हुनेछ।" भगवान बुद्धले परिस्थितिलाई बुझ्नु भयो र अग्रश्रावकहरू सारिपुत्र र मौद्गल्यायनलाई पनि साथमा लिएर यशोधराको खोपीमा जानु भयो। भगवान बुद्धको श्री चरण कमलमा ढोगी यशोधरादेवीले छः वर्षसम्म



Downloaded from http://dhamma.digital

जम्मा गरेको आँसु बगाइन्। यशोधराले घण्टौं विरह पोखिन्। भगवान बुद्धले एक शब्द केही भन्नु भएन। इच्छा हुन्जेलसम्म रोई यशोधरा देबी आफै धैर्य गरेर चुप लागिन्। भगवान बुद्धलाई अत्यन्त आदरपूर्वक वन्दना गरी एक ठाउँमा बसिन्। त्यस बखत शुद्धोदन महाराजाले आफ्नि बुहारी यशोधरादेवीको गुण बर्णन गऱ्यो। छः वर्षसम्म सिद्धार्थले तपस्या गरेको सुने अनुसार यशोधराले पनि दरबारमै बसेर तपस्वी जीवन बिताई पतिव्रता धर्म निभाएको वृत्तान्त कुरा भगवान बुद्ध समक्ष सुनायो।

भगवान बुद्ध कपिलवस्तुमा पुगेर छैठौं दिनमा राजभवनमा भोजनको निम्ति जानु भयो। त्यो दिन भगवान बुद्ध (सिदार्थ कुमार) को सानी आमा पट्टिको भाई नन्द कुमारलाई राज्याभिषेक दिइने मंगलोत्सवको दिन थियो। भोजनको कार्य सकिएपछि भगवान बुद्धले धर्म उपदेश दिनु भयो। त्यसपछि नन्दकुमारलाई बोलाएर आफ्नो पात्र बोक्न आज्ञा दिनु भयो। पात्र बोकेका नन्दकुमारलाई पछि पछि हिँडाई भगवान बुद्ध निग्रोधाराम विहारसम्मै पुग्नु भयो। भगवान बुद्धले त्यस दिन नन्दकुमारलाई प्रव्रजित गराउने सोच्नु भएको थियो। विहारमा पुगेपछि भगवान बुद्धले नन्द कुमारसँग सोध्नु भयो- "नन्द ! प्रव्रजित हुन मन लाग्छ के ?" भगवान बुद्धको अगाडि "मन छैन" भन्न हिच्किचाएर नन्दकुमारले इच्छा नभए पनि "हुन्छ भन्ते" भनी जवाफ दियो। अनि भगवान बुद्धले नन्द कुमारलाई प्रव्रजित गर्नुभयो।

भगवान बुद्ध कपिलवस्तु नगरमा पुग्नु भएको सातौं दिनमा पनि भगवान बुद्ध भोजनको लागि राजभवनमै जानुभयो। त्यस दिन यशोधरादेवीले सात वर्षका आफ्ना छोरालाई उनका पिता भगवान बुद्धलाई चिनाउँदै भनिन्- "हजारौं भिक्षुहरूको बिचमा बस्नु भएका महाश्रमण तिम्रा पिता हुन्। उहाँ राजभवनमा बस्नु हुँदा असंख्य सम्पत्तिका मालिक हुनुहुन्थ्यो। तिमी अहिले गएर अंश भाग माग्न जाउ।" राहुल कुमार आमाले सिकाए बमोजिम भगवान बुद्धकहाँ गयो। "बुबा ! मलाई अंश भाग दिनुहोस्।" भन्दै बालकपनमा भगवान बुद्धको पछि पछि लाग्दै निग्रोधाराम बिहार सम्मै पुग्यो। विहारमा पुगेपछि भगवान बुद्धले दिने अंश प्रव्रज्या नै हो भन्ने हिसाबमा त्यही दिन सारिपुत्रको आचार्यत्वमा राहुल कुमारलाई श्रामणेर प्रव्रज्या गराउनु भयो।

नन्द कुमार र राहुल कुमार दुबैजनालाई प्रव्रजित गराईएपछि शुद्धोदन महार ाजाको मनमा अत्यन्त दुःख लाग्यो किनभने अबबाट महाराजाको राजगद्दीको कोही उत्तराधिकारी नै बाँकि रहेनन्। शुद्धोदन महाराजाले तब भगवान बुद्ध समक्ष एउटा आग्रह गऱ्यो- "भन्ते ! आमा-बाबुको अनुमति बिना सन्तानलाई प्रव्रजित नगराईदिनु होला।" त्यस पछिबाट भगवान बुद्धले आमा बाबुको बचन नभएमा कसैलाई प्रव्रजित गराउन नहुने नियम बनाउनु भयो।



Downloaded from http://dhamma.digital

कपिलवस्तुबाट भगवान बुद्ध पुनः राजगृह नगरमै फर्कनु भयो। त्यस समय कोशल देशको श्रावस्ती नगरमा अनाथपिण्डिक नामका एकजना धनाढ्य सेंठ थियो। उनका एक अति विश्वासी हितैषी मित्र राजगृह नगरमा बस्थ्यो। त्यसबेला अनाथपिण्डिक महाजन आफ्ना मित्रसँग भेट्न राजगृहमा आईराखेको थियो। उनका राजगृहवासी मित्र पहिले नै भगवान बुद्धका उपासक बनीसकेको थियो। आफ्ना मित्रबाट भगवान बुद्धको बारेमा सुनेपछि अनाथपिण्डिकको मनमा बिना दर्शन नै बुद्धको प्रति असीम श्रद्धा जाग्यो। आफ्ना मित्रसँग सोधपूछ गरेर तुरुन्तै भगवान बुद्धको दर्शन गर्न गयो। भगवान बुद्धको धर्मोपदेश सुनेर श्रोतापत्ति मार्गफलमा प्रतिष्ठित भयो। अनाथपिण्डिक महाजनले भगवान बुद्धलाई आफ्नो नगर श्रावस्तीमा पाल्नु हुन निमन्त्रणा गऱ्यो।

त्यहाँबाट फर्केर अनाथपिण्डिक भगवान बुद्धलाई श्रावस्तीमा बोलाउने तयारी कार्यमा जुत्यो। श्रावस्ती सम्मको बाटोभरि एक एक योजनको दूरिमा एक एक लाख धन खर्च गरेर विहारहरू बनायो र त्यस त्यस स्थानका बासिन्दाहरूलाई पनि सहयोग गर्न आह्वान गऱ्यो। भगवान बुद्ध प्रमुख भिक्षु गणको लागि विहार निर्माण गरेर दान दिने उद्देश्य लिई श्रावस्ती नगरमा जग्गा खोज्यो। कोशल देशका राजकुमार जेत कुमारको जग्गा भेटियो जुन विहार बनाउन अति सुन्दर तथा पायक पर्ने स्थानमा पर्दथ्यो। मालिकले त्यो जग्गा त्यसै बेच्न नमानेपछि जग्गाभरि सुनको असर्फि बिछ्याई १८ करोड धन खर्च गरेर जग्गा किन्यो। त्यस जग्गामा १८ करोड धन अर्को खर्च गरेर विशाल भवनहरू बनाएर 'जेतवन बिहार' नाम राख्यो। भगवान बुद्ध श्रावस्तीमा पुग्नु भएपछि स्वागत सत्कार गरेर भव्य रुपमा विहार दानको मंगलोत्सव मनाइयो जसको लागि अर्को १८ करोड धन खर्च गरियो। अनाथपिण्डिकले भगवान बुद्ध प्रमुख भिक्षु संघको लागि विहार दान गरेपछि भगवान बुद्धले त्यस दिन विहार दान श्रेष्ठोत्तम पुण्यको कार्य हो भन्ने धर्मोपदेश दिनु भयो।

एकदिन शुद्धोदन महाराजाको आह्वानमा हजारौं शाक्यकुमारहरू प्रव्रजित भए। यसैबेला महानामादि शाक्य कुलबाट भद्दिय, अनुरूद्ध, आनन्द, भगु, किम्भिल, देवदत्त गरी छ: जना शाक्य कुमारहरू र तिनीहरूका सेवक रहेका हजाम उपालि भगवान बुद्धकहाँ स्वखुशि आएर प्रव्रजित भए। एवं प्रकारले दिन बित्दै गयो। तथागत सम्यक सम्बुद्धले लोक कल्याणको निम्ति देश, नगरहरू घुम्ने क्रम जारी राख्नु भयो। बुद्धत्व प्राप्त गरेपछि प्रथम वर्षावास ऋषिपतन मृगदावनमा, द्वितिय, तृतीय र चतुर्थ वर्षावास राजगृहमा र पाँचौ वर्षावास वैशाली नगरमा गरेर पाँच वर्ष बित्यो।



Downloaded from http://dhamma.digital

सिद्धार्थले बुद्धत्व प्राप्त गरी पाँच वर्ष बिताईसक्दा कपिलवस्तु नगरमा शुद्धोदन महाराजाले स्वयं विदर्शना ध्यानको अभ्यास गर्दै अरहत्व लाभ गऱ्यो र परिनिर्वाण भयो । शुद्धोदन महाराजाको परिनिर्वाण भएपछि प्रजापती गौत्तमीको मनमा विरक्ति लाग्यो । आफू स्वयंले काषायवस्त्र धारण गरिन् । साथै अरू पाँचसय शाक्य स्त्रीहरूलाई पनि काषाय वस्त्र लगाउन दिइन् । भगवान बुद्धको शरणमा गई प्रव्रजित हुन्छु भन्ने उत्साह लिई कपिलवस्तुदेखि श्रावस्तीसम्म अति कष्टकर पैदल यात्रा गरी भगवान बुद्ध बस्नु भएको जेतवन विहारमा पुगिन् ।

जेतवन विहारको बाहिर थकित अवस्थामा आईपुगेकी वृद्धा प्रजापती गौत्तमीलाई भिक्षु आनन्दले भेट्यो । आनन्दले त्यस्तो दु:ख कष्ट भोगेर आउनु पर्ने कारण के हो भनेर सोधे । प्रजापती गौत्तमीले भगवान बुद्धसँग अनुमति लिई प्रव्रजित हुने इच्छा जाहेर गरिन् । भिक्षु आनन्दले यो खबर भगवान बुद्ध सम्म पुऱ्याइदियो । कुनै कारणवश भगवान बुद्धले महिला वर्गलाई प्रव्रज्या दिने इच्छा गर्नु भएन । भिक्षु आनन्दले प्रयास स्वरूप एउटा प्रश्न गऱ्यो -"भो भगवान् ! तथागतको शासनमा प्रव्रजित भएर महिला वर्गले के ज्ञान प्राप्त गरेर अरहत्व लाभ गर्न सक्तैनन् ?" भगवान बुद्धले भन्नु भयो-"अवश्य सक्छ ।" अनि भिक्षु आनन्दले आग्रह गऱ्यो- "उसो भए, भो भगवन् ! प्रजापती गौत्तमीलाई प्रव्रज्या दिनुहोस् । उहाँ तपाइँको आमा हुनुहुन्छ । तपाइँलाई स्तन पान गराएर हुर्काएकी तपाइँको उपकारी हुनुहुन्छ । आज अति दु:ख कष्ट भोगी प्रव्रज्याको लागि कपिलवस्तु देखि पैदल हिँडी आउनु भएको छ ।" यस प्रकार भिक्षु आनन्दले आग्रह गरेपछि भगवान बुद्धले भन्नुभयो- "भिक्षुणीहरूको निम्ति आठवटा गरु धर्म (कठिन नियम) बनाउँछु । यदि त्यो पालन गर्न सक्छ भने प्रव्रज्या दिएको भयो ।" प्रजापती गौत्तमीले ती आठवटा नियम पालन गर्न सहर्ष स्वीकार गरिन् र त्यहि नै प्रव्रज्याको अनुमति मान्य भयो । यस प्रकार प्रजापति गौत्तमीको उत्साह र भिक्षु आनन्दको प्रयास स्वरूप बुद्ध शासनमा महिला वर्गको लागि प्रव्रज्याको बाटो खुल्यो । त्यसपछि हजारौं महिलाहरू गृहत्याग गरेर प्रव्रजित हुन आए । ती हजारौं संख्याले शील, समाधि, प्रज्ञा बढाएर अरहत्व पनि लाभ गरे । बुद्ध शासनमा भिक्षु संघ जस्तै भिक्षुणी संघको पनि स्थापना भयो ।

उता कपिलवस्तुको राजभवनमा एक्लै बसेकी यशोधरादेवीको मनमा यस्तो लाग्यो- "मेरा पति गृहत्याग गरेर बुद्ध बन्नुभयो । पुत्र राहुल कुमार पनि प्रव्रजित भईसक्यो । ससुरा शुद्धोदन महाराजा पनि अरहत्व लाभ गरेर परिनिर्वाण हुनु भईसक्यो । सासु प्रजापती गौत्तमी पनि प्रव्रजित हुनु भईसक्यो । म मात्रै एक्लै यो स्मशान जस्तो भईसकेको राजभवनमा के को लागि बसीराख्ने ।" यस्तो सोची आफ्ना



Downloaded from http://dhamma.digital

सयौं परिचारिकाहरूसँगै श्रावस्ती गइन् । प्रव्रजित भएर अरहत्व पनि लाभ गरिन् । यस प्रकार भगवान बुद्धका सबै आफन्त प्रव्रजित भएर अरहत भए ।

सद्धर्म प्रचारको जीवन बिताउँदै भगवान बुद्धको एक्काइसौं वर्षावास सम्म बितिसक्यो । त्यस बखत शाकेत देशमा धनञ्जय सेठ नामका एक बुद्धोपासक थिए । विशाखा नामकी उनकी एक छोरी थिइन् जो सात वर्षकी उमेरमा प्रथमबार भगवान बुद्धको दर्शन गर्न पाएको बेलामै भगवान बुद्धको उपदेश सुनेर स्रोतापत्ति मार्ग फलमा प्रतिष्ठित भएकी थिइन् । विशाखाको विवाह श्रावस्ती नगरका मृगार नामका महाजनका छोरा पूर्णवर्धनसँग भएको थियो । बुद्धको समयमा भगवान बुद्ध प्रमुख भिक्षु संघलाई दान दिने कार्यमा विशाखा अग्रणी उपासिका थिइन् । एकदिन विहारमा जाँदा उसले आफ्नो गहनाको पोको विहारमै भुलेर आएकी थिइन् । विहारमा छोडिइसकेको गहना फिर्ता लिन मन नलागेर त्यो गहनाको मूल्य रकम बराबरकै दान कार्य गर्ने इच्छा गरिन् । अत: भगवान बुद्धकहाँ गएर बिन्ति गरिन्- "मैले विहारमा भुलेर छोडेर आएको गहनाको मूल्य रकम जति बराबरकै दान दिन मन लाग्यो । भिक्षु संघलाई आवश्यक पर्ने चार प्रत्यय (चीवर, भोजन, औषधि र निवास स्थान) मध्ये कुनमा रकम खर्च गरौं ?" भगवान बुद्धले भन्नुभयो- "हाल श्रावस्तीमा भिक्षुहरूको संख्या धेरै छ । श्रावस्तीको पूर्वपट्टि एउटा विहार बनाइदिए उचित होला ।" भगवान बुद्धको आज्ञा शिरोपर गरी विशाखाले श्रावस्ती नगरको पूर्वतिर ९ करोड धन खर्च गरेर एउटा जग्गा किनिन् । त्यहाँ ९ करोड धन अर्को खर्च गरेर विशाल विहार बनाइन् । पूर्वपट्टि अवस्थित भएकोले विहारको नाम 'पूर्वाराम विहार' राखियो । विहार निर्माण कार्य पुरा भएपछि दान दिने महोत्सवमा भगवान बुद्ध प्रमुख भिक्षु संघलाई सेवा सत्कार तथा दान प्रदानको लागि अर्को ९ करोड धन खर्च गरियो । विशाखाले दान दिएको यस पूर्वाराम विहारमै भगवान बुद्धले बाइसौं बर्षावास बिताउनु भयो । त्यसपछि चवालिसौं सम्मको वर्षावास भगवान बुद्धले श्रावस्ती नगरमै बिताउनु भयो जसमध्ये अनाथपिण्डिकको जेतवन विहारमा अठारवटा र विशाखाको पूर्वाराम विहारमा छ: वटा वर्षावास बिताउनु भएको थियो ।

महाकारुणिक तथागत सम्यक सम्बुद्धले बुद्धत्व प्राप्त गरेदेखि चवालिस वर्ष बित्यो । यस बिच भगवान बुद्धले केवल सद्धर्म प्रचार गर्न, लोक कल्याण गर्न, जगत संसार उद्धार गर्न नै आफूलाई समर्पित गर्नु भयो । तथागतको धर्म शासनमा यति बिचमा थुप्रै दक्ष एवं समर्थ भिक्षुहरू भए । भिक्षुहरू मात्र होइन भिक्षुणीहरू पनि उत्तिकै समर्थवान निस्के । भिक्षु तथा भिक्षुणीहरू मात्र होइन उपासक तथा उपासिकाहरू पनि उत्ति नै धर्ममा दक्ष एवं समर्थ भए । भगवान



Downloaded from http://dhamma.digital

बुद्धले यी विभिन्न भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरूलाई आ-आफ्नो दक्षता अनुसार विभिन्न विषय तथा क्षेत्रमा "एतदग्ग पद" (अग्र स्थान) घोषणा गर्ने पनि गर्नु भयो ।

## (घ) भगवान बुद्धको अन्तिम वर्षावास देखि महापरिनिर्वाणसम्मः

जेतवन विहारमा चवालिसौं वर्षावास सिद्धिएपछि धर्मोपदेश गर्दै भगवान बुद्ध राजगृह जानु भयो । यहाँ गृद्धकूट पर्वतमा बस्नु भयो । त्यस बखत भगवान बुद्धको उमेर अस्सी वर्ष पुगेको थियो । त्यहाँ बुद्धले भिक्षुगणलाई सप्त अपरिहानिय धर्मको उपदेश दिनुभयो । त्यहाँबाट क्रमशः अम्बलट्ठिक वन, पावारिक वन, पाटलिग्राम, कोटि ग्राममा जानु भई धर्म उपदेश गर्दै हिँड्नु भयो । त्यहाँबाट वैशालीमा जानु भयो । वैशालीमा अम्बपाली नामकी प्रख्यात गणिकाले दान दिएको आम्रवनमा बसेर भिक्षुगणलाई सतिपट्ठान सूत्रको देशना गर्नु भयो । वर्षाकालको समय आएपछि वर्षावासको लागि वेलुव ग्राममा जानु भयो । त्यहि नै भगवान बुद्धको अन्तिम वर्षावास थियो ।

अन्तिम वर्षावासको समयमा भगवान बुद्धलाई ठूलो रोग लागेर सिकिस्त बिरामी पर्नु भयो । बिरामी भएको निको भएपछि भगवान बुद्धले एकदिन भिक्षु आनन्दलाई बोलाएर भन्नुभयो- "आनन्द ! यदि इच्छा गऱ्यो भने तथागतले ऋद्धिबलद्वारा कल्पौं कल्पसम्म बाँच्न सक्छ ।" भिक्षु आनन्दले त्यतिबेला भगवान बुद्धको अभिप्राय बुझ्न नसकेर भगवान बुद्धलाई कल्पौं कल्पसम्म बाँच्न हुन आग्रह गर्न सकेन । भगवान बुद्धले तीन पटक सम्म त्यही कुरा दोहराउनु हुँदा पनि भिक्षु आनन्दले कुरो बुझ्न सकेन । त्यतिबेला भगवान बुद्धले परिनिर्वाण हुने समय आईपुगेको निर्णय लिनु भयो र अर्को तीनमहिना पछि परिनिर्वाण हुने संकल्प गरेर आयु संस्कार त्याग गर्नुभयो । भिक्षु आनन्दलाई पछिबाट भगवान बुद्धले यसरी स्मृतिपूर्वक आयु संस्कार त्याग गरेर अर्को तीन महिनामा परिनिर्वाण हुने कुरा बताउनु भयो । आनन्दलाई धेरै पछुतो लाग्यो र बेस्करी रोएर विलाप गऱ्यो ।

भगवान बुद्ध परिनिर्वाण हुन लागेको समाचार थाहा पाएर प्रजापती गौत्तमी पनि परिनिर्वाण हुने इच्छाले भगवान बुद्धकहाँ भेट्न आएर वचन माग्न आइन् । भगवान बुद्धसँग वचन लिई स्वइच्छाले परिनिर्वाण भइन् । त्यति बेला भिक्षुणी गौत्तमीको उमेर १२० वर्षको भएको थियो । त्यस्तै गरी भिक्षुणी यशोधरा पनि भगवान बुद्धसँग वचन लिएर स्वइच्छाले परिनिर्वाण भइन् ।

अन्तिम समयतिर धर्म प्रचारार्थ चारिका गर्दै भगवान बुद्ध भोग नगरमा पुग्नु भयो । त्यहाँ भगवान बुद्धले भिक्षुगणलाई बोलाएर यसरी आज्ञा हुनु भयो-



Downloaded from http://dhamma.digital

“भिक्षुहरू ! यहाँ कुनै भिक्षु आएर ‘यो तथागतको धर्म हो, यो तथागतको विनय हो, यो मैले तथागतबाट सुनेको हुँ’ भनीकन भन्यो भने त्यसमा भिक्षुहरूले तुरून्तै प्रशंसा वा निन्दा नगरीकन त्यस उपदेशलाई, त्यस धर्मलाई सूत्रविनयाभिधर्म सँग मिलाएर हेर्नु, यदि मिल्छ भने, ‘निश्चय पनि यो तथागतको धर्म हो, विनय हो भनेर स्वीकार गर । यदि मिल्दैन भने निश्चय पनि यो तथागतको धर्म होइन, विनय होइन भनेर छोडी देउ । उस्तै गरीकन फलानो ठाउँमा बस्ने धर्मधर स्थविरले भनेको, विनयधर स्थविरले भनेको भनेर त्यसमा तुरून्तै तथागतको विनय धर्म भनेर स्वीकार नगर । यदि उक्त कुरा तथागतको सूत्र विनयाभिधर्मसँग मेल खान्छ भने मात्र स्वीकार गर ।”

केही दिन भोग नगरमै बस्नु भई भगवान बुद्ध त्यहाँबाट पावा नगरमा जानु भयो । त्यहाँ चुन्द भन्ने व्यक्तिको आम्रवनमा बस्नु भयो । भगवान बुद्ध त्यहाँ आईपुग्नु भएको थाहा पाएर चुन्दले भगवान बुद्ध प्रमुख भिक्षु संघलाई अनेक स्वादिष्ट प्रणीताकार भोजन गराए । चुन्दले दान दिएको यही भोजन नै भगवान बुद्धको अन्तिम भोजन थियो । त्यहाँबाट निस्केर भगवान बुद्ध ककुध नदितिर जानु भयो । त्यहाँ स्नान गर्नु भयो । त्यहाँबाट कुशिनगरमा जानु भयो । त्यहाँ मल्ल राजाहरूको उपवर्तन भन्ने शालोद्यानमा दुईवटा पिपलको रुखमुनि उत्तरतिर शीर पारी सिंहशैय्यामा लेट्नु भयो ।

त्यसबखत भगवान बुद्धको अन्तिम अवस्था पुग्यो भन्दै असंख्य संख्यामा मनुष्य, देवता, ब्रह्मादिगण पनि आएर सुगन्धित पुष्प, धूपले भगवान बुद्धको पूजा गर्न आए । त्यतिबेला भगवान बुद्धले आज्ञा हुनु भयो- “सुगन्धित पुष्प, धूप आदिले पूजा गर्दैमा तथागतको सही रूपमा सत्कार, गौरव, मान तथा पूजा गरेको ठहरिंदैन । जुन भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाले तथागतको धर्मलाई तदनुसार अभ्यास गरी धर्माचरण गर्छ भने त्यही नै तथागतको सही रूपमा सत्कार, मान तथा परमोत्तम पूजा गरेको ठहरिन्छ ।”

त्यतिबेला भगवान बुद्धले भगवान बुद्धको जीवन कालसँग सम्बन्धित चार प्रमुख दर्शनीय स्थानको बारेमा यसरी उल्लेख गर्नु भयो- “आनन्द ! यी चारस्थान- भगवान बुद्ध जन्म हुनु भएको स्थान, बुद्धत्व प्राप्त गर्नु भएको स्थान, प्रथम धर्म उपदेश गर्नु भएको स्थान, मह ापरिनिर्वाण हुनु भएको स्थान दर्शनीय छ, जुन स्थानको दर्शन गरेर श्रद्धालु भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरूलाई संवेग उत्पन्न हुन्छ, श्रद्धा उत्पन्न हुन्छ र यस प्रकार पुण्य प्राप्त गर्छ ।”

भगवान बुद्ध परिनिर्वाण हुन लाग्नु भएको सुनेर सुभद्र नामका एक परिब्राजक तथागतको उपदेश सुन्ने ठूलो अभिलाषा लिएर दौडी त्यहाँ पुग्न आए । सुभद्र परिव्राजकलाई भगवान बुद्धले यसरी उपदेश दिनु भयो- “जुन धर्म विनयमा आर्य




Downloaded from http://dhamma.digital

अष्टांगिक मार्ग छ, त्यस धर्म विनयमा श्रमण हुन्छ। भिक्षुहरूले आर्य अष्टांगिक मार्ग अनुसार धर्माचरण गर्न छोडेन भने यस लोकमा अरहत व्यक्तिहरू खालि हुने छैन।" यस धर्मोपदेश सुनेर सुभद्र परिव्राजक अरहत भयो र भगवान बुद्धसँग अनुमति लिई प्रव्रजित पनि भयो। ऊ नै भगवान बुद्धको अन्तिम शिष्य भयो।

त्यसपछि भगवान बुद्धले आज्ञा हुनु भयो- "आनन्द ! तथागतको परिनिर्वाण भएपछि तथागतका अनुयायीहरूको मनमा यस्तो लाग्न सक्छ- "अब हामीलाई उपदेश दिने गुरु रहनु भएन। हाम्रा शास्ता रहनु भएन। आनन्द यसरी ठान्नु हुन्न। जुन धर्म र विनय तथागतले देशना गर्नु भएको छ यही धर्म र विनयलाई नै तथागत नभएपछि आफ्ना गुरु भनेर ठानी लिनु।"

त्यसपछि भगवान बुद्धले त्यहाँ उपस्थित ठूलो भिक्षु संघमा कसैलाई बुद्ध, धर्म र संघको बारेमा कुनै शंका बाँकि छ कि भनी सोध्नु भयो। त्यहाँ त्यत्रो ठूलो परिषदमा कसैले कुनै शंका व्यक्त गरेनन्। त्यसपछि भगवान बुद्धले आज्ञा हुनुभयो- "भिक्षुहरू ! संस्कार जति सबै अनित्य भनेर बुझी अप्रमादी भएर स्मृति राखेर गुण-धर्म सम्पादन गर।" यही वाक्य नै भगवान बुद्धको अन्तिमोपदेश भयो।

त्यहाँबाट भगवान बुद्ध ध्यानमा बस्नु भयो। क्रमश: ध्यानको तह बढाउँदै महापरिनिर्वाण हुनु भयो। यसप्रकार महाकारुणिक तथागत अरहत सम्यक सम्बुद्ध अस्सि बर्ष पुरा भएको दिन बैशाख पूर्णिमाको दिन रातको तृतीय पहरमा अनुपादिशेष महापरिनिर्वाण हुनु भयो।





Downloaded from http://dhamma.digital

# बुद्धकालीन चार प्रमुख विहार तथा विहारदाताहरू

एक समय भिक्षु देवदत्तले भगवान बुद्ध समक्ष एउटा प्रस्ताव राख्न आएको थियो। त्यो प्रस्ताव भिक्षु विनय सम्बन्धि थियो। भिक्षुहरूले पाँचवटा कठिन नियम अनिवार्य रूपमा पालना गर्नैपर्छ भन्ने नियम बनाउने प्रस्ताव थियो जस अनुसार:

१. भिक्षुहरू रुखमुनि नै बास गर्नुपर्छ।
२. भिक्षाटन गरेर नै भोजन प्राप्त गर्नुपर्छ।
३. माछा, मासु खानै हुन्न।
४. पंशुकुल (मृत मानिसको शरीरबाट उतारेर लिइएको कपडा) चीवर नै लगाउनु पर्छ।
५. भोजन गर्दा खाद्य पदार्थ जम्मै एक ठाउँमा मिसाएर स्वाद नलिइकन खानु पर्छ।

हुन त भगवान बुद्धले यी नियमहरू जसलाई 'धुतंग नियम' भनिन्छ पहिल्यै बनाई सक्नु भएको थियो। भगवान बुद्धले 'धुतंग नियम' भिक्षुहरूले पालना गर्न सके राम्रो तर अनिवार्य छैन भनी आज्ञा दिनु भएको थियो। अत: यी नियमहरू भिक्षुहरूले अनिवार्य पालना गर्नुपर्ने बनाइदिनको लागि भिक्षु देवदत्तले राखेको प्रस्ताव भगवान बुद्धले अस्वीकार गर्नु भयो। किनभने अर्काको भरमा बाँच्नु पर्ने कठिन भिक्षु जीवनमा जे प्राप्त भयो त्यही स्वीकार गर्नुपर्ने तथ्य भगवान बुद्धले भिक्षुहरूको सामू ल्याईराख्नु भएको थियो। यस प्रकार रगत मासुले बनेको मानव शरीर रक्षा गर्न अन्न, वस्त्र र आवास प्राकृतिक आवश्यकता रहेको तथ्य पनि भगवान बुद्धले सिद्ध गर्नु भएको थियो। मानवीय शरीरको रक्षाको निम्ति आवासीय आवश्यकताको सत्यलाई बुझाउन भगवान बुद्धले त्यस समय विहार दान दिने दाताहरूलाई अनेक किसिमले 'विहार दान' को पुण्य कार्यको अनुमोदन गर्ने गर्नु हुन्थ्यो। बुद्धको पालाका केही प्रसिद्ध बौद्ध विहार (=आराम) हरू र गन्धकुटीहरू र तिनका दाताहरू निम्न थिए:

| | विहार र गन्धकुटी | निर्माता | स्थान |
|---|---|---|---|
| १. | वेणुवन | राजा बिम्बिसार | राजगृह |
| २. | जीवक आम्रवन | जीवक वैद्य | राजगृह |



Downloaded from http://dhamma.digital

| | | | |
|---|---|---|---|
| ३. | जेतवन विहार | अनाथपिण्डिक | श्रावस्ती |
| ४. | पूर्वाराम | विशाखा | श्रावस्ती |
| ५. | राजकाराम | राजा प्रसेनजीत | श्रावस्ती |
| ६. | निग्रोधाराम | शुद्धोदन महाराजा तथा शाक्यहरू | कपिलवस्तु |
| ७. | कालखेमकाराम | शाक्यहरू | कपिलवस्तु |
| ८. | अम्वपालीवन | आम्रपाली | वैशाली |
| ९. | घोषिकाराम | घोषक सेठ | कौशाम्बी |
| १०. | पावारिकाराम | पावारिय सेठ | कौशाम्बी |
| ११. | कुक्कुयराम | कुक्कुट सेठ | कौशाम्बी |
| १२. | कालकाराम | कालक सेठ | साकेत |
| १३. | अम्बटकवन | चित्र गृहपति | मच्छिकासण्ड, काशी |

यी मध्ये चार प्रमुख विहार तथा विहारदाताहरूको वर्णन यसरी छः

## (क) जेतवन महाविहार तथा अनाथपिण्डिक गृहपतिः

बुद्ध धर्ममा अनाथपिण्डिक गृहपतिको ठूलो स्थान छ। यिनले बुद्ध धर्मको लागि जे जति दान गरे त्यो अवर्णनीय छ। त्रिपिटक अन्तर्गतको अधिकांश सूत्रहरूमा यिनले दान दिएको जेतवन विहारको प्रसंग उल्लेख गरिएको भेटिन्छ।

यिनको जन्म बुद्धकालीन भूगोल अनुसार कोशल महाराष्ट्रको राजधानी श्रावस्ती नगरको एक ठूलो धनी व्यापारी सुमन सेठको कुलमा भएको थियो। यिनको विवाह मगध देशको राजधानी राजगृह सेठकी बहिनी पुण्यलक्षणा भन्ने कुमारीसँग भएको थियो। उनको खास नाम 'सुदत्त' थियो। उनी अनाथ, गरीबगुरुवाहरूलाई भात (पिण्ड) दान दिन्थे। त्यसैले अनाथहरूलाई भात (पिण्ड) दिने साहु भन्ने अर्थले उनको नाम 'अनाथपिण्डिक" रहन गएको हो। 'अनाथपिण्डिक' भन्ने व्यावहारिक नामबाटै उनको चरित्र झल्किन्छ।

उनको घरमा कहिल्यै पनि भिक्षुहरूलाई दान दिने कार्य बन्द हुँदैनथ्यो। दिनहुँ सयकडौं भिक्षुहरूको लागि चतु प्रत्यय अर्थात भोजन, आसन, वस्त्र तथा औषधी तयार गरेर राखेको हुन्थ्यो। उनी दिनको तीन पटक सम्म वा त्यो भन्दा बढी विहारमा जान्थ्यो र जाँदा कहिल्यै खालि हात जान्नथ्यो। प्रातः कालमा जलपान, भोजनकालमा भोजन, सन्ध्याकालमा घ्यू, मह, सक्खर र बेलुकी भए सुगन्धित फूल लिएर जान्थ्यो। उनको जीवनकालमा एक समय उनी अति दरिद्र पनि भएको



Downloaded from http://dhamma.digital

थियो । अति दरिद्र भएर खानेकुरा तथा अन्य सामग्री त के फूलसम्म पनि लिएर जान नसक्ने अवस्था आएको थियो । त्यस्तो दीनहीन अवस्थामा उनले आफ्नो घरको आँगनबाट हातभरि माटो बोकी विहारको आँगनमा बोट बिरूवामा हाल्न लग्थ्यो ।

भगवान बुद्धले उनलाई “दायकानन्ति दानाभिरतानं सुदत्तो गहपति अनाथपिण्डिको अग्गोति दस्सेति” अर्थात् “दायकहरू मध्ये अभिरत सुदत्त गृहपति अनाथपिण्डिक अग्र हो ।” भनीकन उनलाई दातामध्ये अग्रस्थान दिनु भएको थियो । अनाथपिण्डिकले दान दिएको जेतवन विहारमै भगवान बुद्धले जीवनकालको ४५ वटा वर्षावास मध्ये सबभन्दा बढी २० वटा वर्षावास बिताउनु भएको थियो ।

अनाथपिण्डिकले जेतवन विहार दान दिँदाको प्रसंग यसरी आउँछः

एक समय अनाथपिण्डिक गृहपति केही कामले आफ्ना मित्र राजगृह-सेठलाई भेट्न राजगृह गए । राजगृहसेठ र अनाथपिण्डिक महाजनको खूब राम्रो मित्रता थियो । उनीहरू एक अर्काको देशमा आईपुग्दा एकले अर्कोलाई ठूलो स्वागत सत्कार गर्ने गर्थ्यो । यसपालि अनाथपिण्डिक राजगृहमा आईपुग्दा राजगृह-सेठले बाटोमा स्वागत गर्न आएन । घर पुग्दा पनि कुशल मंगलको वार्ता मात्र गऱ्यो । अरु समय आफ्ना नोकर चाकरहरूलाई काम अह्राउनमा ब्यस्त भईरहे । आफ्ना मित्रको यस्तो बदलिँदो व्यवहारदेखि आश्चर्य लागेर अनाथपिण्डिकले राजगृह-सेठसँग सोध्यो- “तिम्रो घरमा कुनै विवाह वा कुनै मंगल उत्सव छ कि के हो ? ठूलो तयारी गर्दैछौ ।” राजगृहसेठले जवाफ दियो-“कुनै विवाह, मंगल उत्सव त छैन । भोलिको निम्ति मैले बुद्ध प्रमुख भिक्षु संघलाई निम्त्याएको छु । त्यसैको तयारी गर्दैछु ।” आफ्ना मित्रको मुखबाट ‘बुद्ध’ शब्द सुन्ने बित्तिकै अनाथपिण्डिकको मनमा अगाढ श्रद्धा उत्पन्न भयो र भन्यो- “भो मित्र ! ‘बुद्ध’ ‘बुद्ध’ भन्ने शब्दसम्म पनि यो लोकमा सुन्न दुर्लभ छ । के अहिले भगवान अरहत सम्यक सम्बुद्धको दर्शन गर्न सकिएला ?”

राजगृह-सेठले “यो समय बुद्धको दर्शन गर्ने समय छैन । भोलि बिहान दर्शन गर्लाउ” भनेकोले उनी भोलि बिहानको ठूलो प्रतिक्षामा राती सुते । ‘प्रभात भयो’ भन्दै राती तीन पटकसम्म उठे । बिहान हुन नपाउँदै उठेर भगवान बुद्ध बस्नु भएको शीत-बन भन्ने ठाउँमा गई हाले ।

त्यस बखत भगवान बुद्ध खुल्ला ठाउँमा चंक्रमण (हिंडेर गरिने ध्यान) गरीराख्नु भएको थियो । भगवान बुद्धले “हे सुदत्त ! यहाँ आउ” भनेर बोलाउनु भयो । ‘भगवान बुद्धले मेरो नाम लिएर बोलाउँदै हुनुहुन्छ’ भन्दै खुशिले विभोर भएर अनाथपिण्डिक भगवान बुद्धको समक्ष पुग्यो । भगवान बुद्धको चरणकमलमा वन्दना गरेर एक उचित ठाउँमा बस्यो । त्यस बखत भगवान बुद्धले अनाथपिण्डिकलाई धर्म



Downloaded from http://dhamma.digital

उपदेश दिनु भयो जुन सुनेर उनी श्रोतापन्न भयो । त्यसदिन देखि आजीवन बुद्धको शरणमा जाने बुद्धोपासक बन्यो । त्यसै समय अनाथपिण्डिकले भोलिपल्टको भोजनको निम्ति बुद्ध प्रमुख भिक्षु संघलाई निमन्त्रणा दियो ।

भोलिपल्ट आफ्ना मित्र राजगृहवासी सेठको घरमा आफ्नै व्ययमा प्रणीत भोजन पकाउन दिएर भगवान बुद्ध प्रमुख भिक्षु संघलाई भोजन दान दिने कार्य पूर्ण गऱ्यो । भोजनको कार्य सकेपछि अनाथपिण्डिकले भगवान बुद्धसँग एउटा प्रार्थना गऱ्यो- "भन्ते ! भिक्षु संघसहित श्रावस्तीमा वर्षावास गर्नु हुन मेरो निम्तो स्वीकार गर्नुहोस् ।" भगवान बुद्धले भन्नुभयो- "हे गृहपति ! तथागत शून्यागारमा अभिरमण गर्छ ।" अनाथपिण्डिकले भन्यो-"भगवान ! मैले कुरा बुझें ।"

अनाथपिण्डिक आफ्नो कामकाज सकाएर राजगृहबाट श्रावस्ती फर्क्यो । त्यस बखत अनाथपिण्डिकलाई मान्ने उनका धेरै साथीहरू थिए । बाटोभरि उनले आफ्ना साथीहरूलाई आह्वान गरे- "लोकमा बुद्ध उत्पन्न भईसक्नु भएको छ । मैले उहाँलाई निम्तो गरी आएको छु । उहाँ यही बाटो भएर पाल्नु हुनेछ । अत: भगवान बुद्धलाई बास गराउन आरामहरू बनाउ । दान दिने वस्तुहरू तयार गर ।" उनका साथीहरूले पनि खुशिसाथ भगवान बुद्धको स्वागतको लागि भनेजस्तो तयारी गर्नतिर लागे ।

श्रावस्तीमा पुगेपछि अनाथपिण्डिकले विहार बनाउन उपयुक्त रहने जग्गाको खोजी गर्न थाले । उनले यस्तो एउटा स्थानको चाहना गरे जुन ठाउँ शहरबाट धेरै टाढा पनि होइन, धेरै नजिक पनि होइन, इच्छुकहरूलाई आउन जान यातायातको सुविधा भएको, धेरै भीडभाड नभएको, वायु प्रदुषित नभएको तथा भिक्षुगणलाई ध्यान गर्न शान्त वातावरण भएको होस् । नगरभरि परिक्रमा गर्दै उपयुक्त स्थानको खोजी गर्दै हिँड्दा कोशल देशका राजा प्रसेनजीतका छोरा जेत राजकुमारको त्यस्तै उद्यान देखे जो उपरोक्त गुणले युक्त थियो ।

अनाथपिण्डिकले जेत कुमारसँग उपरोक्त उद्यान खरीद गर्न माग गऱ्यो । जेत कुमारले आफ्नो उद्यान बिक्री गर्न चाहेन । त्यसैले भने-"उद्यानभरि सुनको असर्फि बिछ्याई दिए पनि उद्यान दिन सकिन्न ।" उनको यसै कुराको आधारमा अनाथपिण्डिकले एक गाडाभरि सुनको असर्फि भरेर ल्याई उद्यानभरि असर्फि बिछ्याईदियो । असर्फि बिछ्याउँदा जेतवनमा एक कोठा जतिको ठाउँलाई पुगेन । नपुगेको ठाउँ भर्न अनाथपिण्डिकले अर्को असर्फि ल्याउन आफ्ना मानिसहरूलाई काम अह्रायो । अनाथपिण्डिकले यसरी अचम्म किसिमले धन खर्च गरेर जग्गा हासिल गर्न खोजेको देखेर जेत कुमारको मनमा लाग्यो- "यी गृहपतिले कुनै मामुलि काम गर्न लागेको होइन होला ।" यस्तो सोची उनले भन्यो- "हे गृहपति ! भईहाल्यो । त्यो ठाउँमा असर्फि बिछ्याउन छोडीदेउ । मेरो तर्फबाट दान दिनेछु ।" अनाथपिण्डिकले



Downloaded from http://dhamma.digital

जेत कुमारलाई पनि यस पुण्य कार्यमा सहभागी गराउनु राम्रो हुनेछ भनी यो दान स्वीकार गर्‍यो । यस प्रकार उक्त भूमि प्राप्त गर्न अनाथपिण्डिकलाई १८ कोटि धन खर्च लाग्यो ।

जग्गा प्राप्त भएपछि त्यस कम्पाउण्ड भित्र भिक्षुहरू बस्ने ठूलो कोठाहरू, सभागृहहरू, अग्निशालाहरू (पानी तताउने घरहरू), भिक्षुहरूलाई सेवा गर्ने कप्पियकारहरू बस्न कुटिहरू, चर्पीहरू, स्नान घरहरू, पानी खाने ठाउँहरू, पानी घरहरू, चंक्रमण गर्ने स्थानहरू, बगैंचाहरू, मण्डपहरू इत्यादि निर्माण गरे । यसरी सम्पूर्ण निर्माण कार्य पुरा गर्न अर्को १८ करोड धन खर्च भएको थियो । विहार निर्माण कार्य पुरा भएपछि जेत कुमारले एक टुक्रा भूमि दान दिएको कारणमा अनाथपिण्डिकले विहारको नाम 'जेतवन महाविहार' भनेर राखीदियो ।

भगवान बुद्ध राजगृहदेखि चारिका गर्दै क्रमश: श्रावस्ती नगरमा आईपुग्नु भयो । अनाथपिण्डिकले भरखरै निर्माण पुरा भएको जेतवन विहारमा भगवान बुद्ध सहित भिक्षु संघलाई भोजनको लागि निमन्त्रणा गर्‍यो । भोजन दान दिने कार्य पुरा भएपछि अनाथपिण्डिकले भगवानसँग निम्न कुरा सोधे- "भन्ते ! जेतवन विहार बारे मैले के कस्तो व्यवहार गर्नुपर्ला ?" भगवान बुद्धले भन्नुभयो- "हे गृहपति ! जेतवन विहार चतुर्दिशाबाट आए नआएका संघको निम्ति प्रतिष्ठित गरीदेउ ।"

"हवस" भनी अनाथपिण्डिकले जेतवन विहार चतुर्दिशाबाट आए नआएका संघको निम्ति प्रतिष्ठित गरीदिए अर्थात अर्पण गरे ।

त्यसपछि भगवान बुद्धले अनाथपिण्डिकको विहार दानलाई निम्न गाथाद्वारा अनुमोदन गर्नुभयो-

१- **"सीतं उण्हं पटिहन्ति ततो वालगिमानि च ।**
**सरिंसपे च मकसे सिसिरे चापि वुट्ठियो ॥"**

२- **"ततो वातातापे घोरा सञ्जातो पटिहञ्ञति ।**
**लेणत्थं च सुखत्थं च झायितुं च विपस्सतुं ॥"**

३- **"विहारदानं संघस्स अग्गं बुद्धेन वण्णितं ।**
**तस्माहि पण्डितो पोसो सम्पस्सं अत्थमत्तनो ॥"**

४- **"विहारे कारये रम्मे वासयत्थ बहुस्सुते ।**
**तेसं अन्नं च पानं च वत्थ सेनासनानि च ।"**

५- **"ददेय्य उजुभूतेसु विप्पसन्नेन चेतसा ।**
**ते तस्स धम्मं देसेन्ति सब्बदुक्खा पनूदनं ।**
**यं सो धम्मं इधञ्ञाय परिनिब्बाति अनासवोति ।"**



Downloaded from http://dhamma.digital

अर्थात्-

१- “जाडो र गर्मीलाई हटाउँछ, क्रूर जनावरहरूबाट पनि बचाउँछ । सर्प, लामखुट्टे र शिशिर हावा र वर्षादबाट पनि बचाउँछ ।”

२- “घोर हावा र गर्मीबाट बचाउँछ । बस्नको लागि, ध्यान गर्नको लागि र विपश्यना भावना गर्नका लागि पनि सुखावह हुन्छ ।”

३,४,५- “संघलाई विहार दान दिनु “अग्र दान हो” भनी बुद्धद्वारा पनि वर्णित छ । आफ्नो हितलाई ध्यानमा राख्ने पण्डित पुरुषले रमणीय विहारहरू बनाई, त्यसमा बहुश्रुतहरू राखी, उनीहरूको निम्ति अन्न, पान, वस्त्र र शयनासनको प्रबन्ध गरी, ऋजु भएका (संघ) लाई प्रसन्न चित्तले दान दिउन् । उनीहरूले (संघले) उनलाई (दातालाई) सबै दुःखबाट मुक्त हुने उपदेश दिन्छन् र जुन धर्मोपदेश अवबोध गरी यसै जन्ममा अनाश्रव भई परिनिर्वाण हुन सक्दछ ।”

यी गाथाद्वारा विहार दान कार्यको अनुमोदन गरी भगवान बुद्ध आशनबाट उठी फर्केर जानु भयो । त्यस दिनपछि अनाथपिण्डिकले पुनः महिनौं महिनासम्म भव्य दान प्रदान कार्य जारी गऱ्यो । विहारोत्सवको नाममा भगवान बुद्ध सहित भिक्षु संघलाई भव्य रुपमा दान दिँदा दिँदै अनाथपिण्डिकले अर्को १८ करोड धन खर्च गऱ्यो । यस प्रकार जेतवन महाविहार एकको निम्ति अनाथपिण्डिकले ५४ करोड धन खर्च गरेर आफ्नो श्रद्धा व्यक्त गरे ।

## (ख) पूर्वाराम विहार तथा विशाखा महाउपासिकाः

भगवान बुद्धद्वारा महिलाहरूमा दान दिनेमा अग्रस्थान घोषणा गरिएका विशाखा महाउपासिकाको नाम बुद्ध धर्मको क्षेत्रमा प्रख्यात छ । विशाखाले दान दिएको पूर्वाराम विहारको भव्यता र यसको सदुपयोगबारे त्रिपिटकमा चर्चा भएको पाइन्छ ।

यिनको जन्म अंग राष्ट्रको साकेत नगरमा भएको थियो । यिनको बाबुको नाम धनञ्जय सेठ तथा आमाको नाम सुमनादेवी थियो । यिनको बाज्ये मेण्डक गृहपति त्यस बखत साकेत नगरका पाँच महापुण्यवान महाजन मध्ये एक थियो । विशाखाको परिवार भगवान बुद्ध प्रति अगाढ श्रद्धा राख्ने दायक परिवार थियो ।

एक समय भगवान बुद्ध साकेत नगरमा पाल्नु हुने खबर थाहा पाएपछि मेण्डक महाजनले सात बर्षकी आफ्नि नातिनी विशाखालाई बोलाएर भगवान बुद्धलाई स्वागत सत्कार गरेर ल्याउने काम अह्राएको थियो । विशाखाले आफ्ना पाँचसय सेविकाहरूलाई साथमा लिएर बडो कुशल तथा दक्षतापूर्वक बाटो



Downloaded from http://dhamma.digital

भरि भगवान बुद्धको स्वागत सत्कार गरेकी थिइन्। त्यसबेला भगवान बुद्धको उपदेश सुनेर सात वर्षको सानो उमेरमै विशाखा श्रोतापन्न भएकी थिइन्।

त्यसबखत कोशल राष्ट्रको श्रावस्ती नगरमा पनि मिगार नामका एक धनाढ्य सेठ थियो। मिगारले आफ्ना छोरा पूर्णवर्धनको लागि एक अति सुन्दरी, पंच स्त्री कल्याणले युक्त भएकी सुशील कन्या बिहे गरी दिन चाहीराखेको थियो। अतः मिगार सेठले आठजना विद्वान ब्राह्मणहरूलाई छानेर पंच स्त्री कल्याणले युक्त भएकी कन्याको खोजी गर्न अन्य राष्ट्र तथा नगरमा पठाए। ती ब्राह्मणहरू धेरै नगरहरू घुमेर खोजी गर्दा पनि त्यस्ति कन्या अर्थात पंच स्त्री कल्याणले युक्त भएकी कन्या भेटाउन सकेन। हार मानेर तिनीहरू फर्कँदै आउँदा साकेत नगरमा आईपुगे।

साकेत नगरमा त्यस बखत कन्याहरू नदीमा नुहाउने तथा कुमारहरू कन्या छान्न आउने एउटा उत्सव भएकै बेला पऱ्यो। आठजना ब्राह्मणहरूले यस्तो उत्सवमा त त्यस्ति एउटी कन्या भेट्टाउने आशा देखे। उक्त उत्सवमा विशाखालाई देख्ने बित्तिकै उनीहरूले ठम्याईहाले कि उनीहरूले खोजेकी कन्या यही नै हुन्। त्यस समय विशाखा पन्ध्र वर्ष पुरा भएर सोह्र वर्ष लागेकी थिइन्। उनीहरूले त्यहिं विशाखालाई भेटी चिनजान गरे। दुई परिवारको बिच कुराकानी भएपछि विवाह छिनियो। विशाखाका बाज्ये तथा बाबुले अति नै भव्यताका साथ दाइजो दिई, जन्तीको स्वागत गरी, अद्‌भुत किसिमले विवाह उत्सव मनाएर आफ्नि पुत्री विशाखाको विवाह सम्पन्न गरे। उनलाई दाइजोमा दिएको 'महालता पसाधन' नामको बहुमूल्य गहनाको ठूलो चर्चा भयो।

विवाह पछि लोग्नेको घरमा, समाजमा विशाखाले आफ्नो सुशिल व्यवहार, राम्रो आचरण, कुशल गृहकार्य, तथा असल संस्कारको नमूना देखाउन कुनै कसर छोडिनन्। दास, दासी, आफन्त, छिमेकी तथा परिवार सबैका प्रिय पात्र बनिन्। तर विशाखाको दुर्भाग्य! आफ्ना लोग्नेको परिवार भगवान बुद्धप्रति बिलकुल श्रद्धा नराख्ने तथा निर्गण्ठ तीर्थंकरियहरूका भक्त परे। यसकारण विशाखाले शुरुमा आफ्ना परिवारबाट धेरै आरोप तथा लाञ्छना सहनु परेको थियो। एकपटक आफ्ना ससुराले नांगो साधुहरूलाई वन्दना गर्न बोलाउँदा विशाखाले नमानेकीले उनका ससुरा बुहारीदेखि बेस्करी रिसाएको थियो। एकदिन विशाखाका ससुरा सुनको थालमा स्वादिष्ट भोजन खाईराखेको थियो। त्यही बेला तिनीरूको घरमा एक भिक्षु भिक्षा पात्र लिएर भिक्षा माग्न आए। मिगार सेठले भिक्षुलाई नदेखे जस्तै गरेर भिक्षा दिएनन्। यो देखी विशाखाले भनिन्- "हाम्रा ससुराले बासी भोजन खाई राख्नु भएको छ।" विशाखाको यस व्यंग्यपूर्ण कुराले मिगार सेठलाई यतिको रीस उठ्यो कि उसले बुहारीलाई घरबाट निकाल्ने फैसला गरे। तर विशाखाले आफ्नो अधिकार



Downloaded from http://dhamma.digital

जताइन् । न्याय निशाफ मागिन् । न्याय गराउन मानिसहरू बोलाइयो । विशाखाको माइतीतर्फबाट पनि मानिसहरू बोलाइयो । विशाखाले आफ्नो पक्षमा भनिन्- “मेरा ससुराले पुरानो पुण्यको फल मात्र भोग्दै नयाँ पुण्यको कार्य नगरेकोले यस अर्थमा बासि भोजन खाई राख्नु भएको छ भनेकी हुँ ।” विशाखाको यस जवाफमा कसैले केही भन्न सकेन । उनका ससुराले पनि केही बोल्न सकेन ।

विशाखाले आफ्ना ससुरालाई सही धर्म चिनाउने प्रयासमा एकदिन भगवान बुद्ध प्रमुख भिक्षु संघलाई आफ्नो घरमा भोजनको निमन्त्रणा गर्न आफ्ना ससुरासँग अनुमति मागिन् । मिगार सेठले अनुमति त दियो तर भोजनको समयमा भगवान बुद्धको दर्शन गर्न सम्म पनि अगाडि आएनन् । भोजनको कार्य सकिएपछि विशाखाले धर्म देशनाको समयमा आफ्ना ससुरालाई बोलाउन पठाइन् । मिगार सेठ ‘अब त नगई भएन’ भनीकन धर्म देशना सुन्ने ठाउँमा एक छेउमा पर्दाले छेकेर बस्न गए । त्यस बखत भगवान बुद्धले मिगार सेठलाई नै बोध गर्ने उद्देश्यले धर्म देशना गर्नुभयो । भगवान बुद्धको धर्म देशना सुनेर मिगार सेठ उही बेला श्रोतापन्न भयो । आफ्नि बुहारीको कारण आफूले सद्धर्म बुझ्न पाएको कारण खुशिले विभोर भई मिगार सेठले भने- “विशाखा ! आजदेखि म तिमीलाई आफ्नो माताको दर्जामा राख्छु । तिमी मेरी माता भयौ ।” त्यसबेला देखि विशाखाको नाम मिगार-माता भनीकन पनि प्रख्यात भयो ।

विशाखाले भिक्षु संघलाई दान प्रदान गर्ने कार्यमा यति दक्षतापूर्वक काम गर्थिन् कुनै पनि दाताको ठूलो दान कार्यमा विशाखालाई बोलाइन्थ्यो । भोजनको निम्ति जाने भिक्षुगणले विशाखालाई देखेपछि “आज त यहाँ विशाखाको उपस्थिति रहेछ । भोजनको राम्रो प्रबन्ध हुनेछ” भनीकन सोच्ने गर्थे । भगवान बुद्ध प्रमखु भिक्षु संघलाई सुविधा पुऱ्याउने अभिलाषा राख्ने विशाखाले भगवान बुद्धसँग ८ वटा वरहरू पनि मागेकी थिइन् जसको निम्ति भगवान बुद्धले स्वीकार पनि गर्नु भएको थियो । उक्त आठवटा वरहरू यस प्रकार थियो ।

१. भिक्षु संघलाई नुहाउने कपडा दिने

२. आगन्तुकहरूलाई भोजन दान दिने

३. यात्रीहरूलाई भोजन दान दिने

४. रोगीहरूलाई भोजन दान दिने

५. रोगीको सेवकलाई भोजन दान दिने

६. रोगीहरूलाई औषधी दान दिने



Downloaded from http://dhamma.digital

७. रोगीहरूलाई जाउलो (=यागू) दान दिने

८. भिक्षुणीहरूलाई ऋतुमती कपडा दान दिने ।

विशाखा महाउपासिकाले पूर्वाराम विहार दान दिँदाको प्रसंग यसरी आउँछ :-

एक समय श्रावस्ती नगरमा एउटा ठूलो मंगल उत्सव लागेको थियो । विशाखा उक्त उत्सवमा जान आफूले दाइजोमा पाएको 'महालता पसाधन' नामको बहुमूल्य गहना लगाएर गएकी थिइन् । उत्सव सकाएर घरतिर फर्कनु भन्दा पहिले एकपल्ट विहारमा पसेर बुद्धको दर्शन गर्ने इच्छा लागेर विहारतिर लागिन् । तर विहारमा जान त्यसरी भव्य सजी सजावटमा जान अप्ठ्यारो लागेकोले विशाखाले 'महालता पसाधन' उतारी एउटा खास्तोमा पोको पारेर एउटी दासीलाई बोक्न लगाई विहारमा गइन् । विहारमा धर्म देशना सुनी फर्कंदा विशाखा र उनकी दासी दुबैजनाले 'महालता पसाधन' को पोको बिर्सेर विहारमै छोडेर आए ।

बाटोमा सम्झेपछि विशाखाले आफ्नि दासीलाई भनिन्- "यदि त्यो गहनाको पोको तिमीले जहाँ छोडेर आएकी हो त्यहिं नै छ भने लिएर आऊ । यदि कुनै भिक्षुले उठाएर कतै सारेर राखी सकेको छ भने लिएर नआऊ । त्यो भिक्षु संघलाई नै दान भयो ।" दासीले विहारमा गएर बुझ्न जाँदा भिक्षु आनन्दले त्यो गहनाको पोको उठाएर भऱ्याङ मुनि राखी दिएको कुरा बताए । अत: विशाखाले आफ्नो बहुमूल्य गहना 'महालता पसाधन' भिक्षु संघलाई नै दान दिइन् । तर त्यस्तो बहुमूल्य गहना भिक्षु संघको लागि कुनै कामको थिएन । अत: विशाखाले सुनुवारहरूलाई बोलाएर गहनाको मूल्य टोक्न लगाइन् । त्यस बहुमूल्य गहनाको मोल ९ करोड रकम टोकियो । विशाखाले आफ्नै धनले आफ्नै गहना किनिन् । अब भिक्षु संघको भागमा गएको नौ करोड धनको खर्च कसरी गर्नुपर्ला भनी विशाखाले भगवान बुद्धसँग सोधिन्- भगवान बुद्धले भन्नुभयो- "अहिले श्रावस्तीमा भिक्षुहरूको संख्या धेरै छ । श्रावस्ती नगरको पूर्व दिशातिर नगर ढोकाको नजिक पर्ने गरी भिक्षु संघलाई बस्न एउटा विहार बनाई दिए उचित होला ।" भगवान बुद्धले दिनु भएको यस आज्ञादेखि खुशिले गद्‌गद् भई विशाखाले तुरुन्तै श्रावस्तीको पूर्व दिशातिर उचित पर्ने ठाउँमा एउटा जमीन नौ करोड धन खर्च गरेर किनिन् ।

जग्गा किनेपछि लगत्तै विहार निर्माणको काम गराइन् । जग्गाको कम्पाउण्ड भित्र भिक्षुगणलाई सुविधा पुग्ने हिसाबले सकेसम्म राम्रो गरी भवनहरू, कुटिहरू बनाउन लगाइयो । विहार निर्माण कार्यको लागि अर्को नौ करोड धन खर्च गरिएको थियो । विहारको नाम 'पूर्वाराम विहार' भनी राखियो । विहार निर्माणको सम्पूर्ण कार्य सम्पन्न भएपछि भगवान बुद्ध प्रमुख भिक्षु संघलाई चार महिनासम्म



Downloaded from http://dhamma.digital

भोजन तथा अन्य आवश्यक चतुप्रत्यय दान गरी विहार उद्घाटनको उत्सव मनाइयो । विहार उद्घाटनमा गरिएको भव्य दान प्रदानको कार्यकै लागि अर्को नौ करोड रकम खर्च गरिएको थियो । यस प्रकार विशाखाले २७ करोड धन खर्च गरीकन पूर्वाराम विहार बनाएर भिक्षु संघलाई दान दिने कार्य सम्पन्न गरेपछि एकदिन आफ्ना परिवारसँगै एक साथ बसी प्रीति गानाहरू गाईरहिन् ।

विशाखाले कहिल्यै नगाउने गरी यसरी परिवारसँगै बसेर गीत गाईरहेको सुनेर भिक्षुगणले यो कुरा भगवान बुद्धलाई बताउन गए । भगवान बुद्धले भन्नुभयो- "विशाखाले त्यो कुनै बेमतलबको गीत गाएकी होइन । धेरै समय अगाडि देखि आफूले गर्दै आएको आशिका, प्रार्थना सम्पूर्ण भएको खुशिमा प्रीति उदान (हृदयोद्गार प्रसन्नता) प्रकट गरेकी हुन् । भिक्षु हो ! जसरी एक दक्ष कुशल मालीले अनेक प्रकारको फूलको संग्रहबाट असल, राम्रो छानी छानी फूलको माला गाँस्छ त्यस्तै गरी विशाखाले अनेक प्रकारको कुशल कर्म छानी छानी गरेकी छिन् ।" यसरी उपदेश दिई भगवान बुद्धले एउटा गाथा भन्नुभयो-

**"यथा, पि पुप्फरासिम्हा कयिरा मालागुणे वहु ।**
**एवं जानेन मच्चेन कत्तब्बं कुसलं बहुं ति ।**

अर्थात्- "दक्ष चतुर मालीले फूलको ढुंग्रोबाट राम्रो राम्रो फूल छानी फूलको माला गाँसे झैं संसारमा जन्म भएका मानिसहरूले पनि धेरै कुशल कार्यहरू गर्दै लग्नुपर्छ ।

यस धर्मदेशनाको अन्तमा धेरै श्रोतागण श्रोतापन्न भए तथा धेरैलाई धर्मबाट सार्थक भयो । भगवान बुद्धले त्यस सालको बाइसौं वर्षावास पूर्वाराम विहारमै बस्नु भयो । त्यसको पछिबाट पनि भगवान बुद्धले अर्को छः वटा वर्षावास विशाखाले दान दिएको पूर्वाराम विहारमा बिताउनु भएको थियो ।

### (ग) वेणुवन विहार तथा बिम्बिसार महाराजाः

बुद्धको समयमा मगध देशका प्रतापी राजा बिम्बिसार भगवान बुद्धको धर्ममा अगाढ श्रद्धा राख्ने एक महाउपासक थिए । बिम्बिसार महाराजाको बुद्ध धर्मप्रति श्रद्धाको उदाहरण पालि त्रिपिटकमा धेरै ठाउँमा उल्लेख भएको पाइन्छ । बिम्बिसार महाराजा त्यस बखत अत्यन्त प्रभावशाली, रणकुशल तथा सेना सम्पन्न थियो । त्यस्तै जनताहरूको सुख दुःख बारे विशेष विचार राख्दथे । जनताको हर्ष विस्मातमा सरीक हुन्थे ।



Downloaded from http://dhamma.digital

बिम्बिसार महाराजाको बाबुको नाम भाति र आमाको नाम बिम्बि थियो। यिनको विवाह कोशल नरेश महाकोशल राजाकी छोरी, प्रसेनजीत कोशलकी बहिनी कोशलदेबीसँग भएको थियो। यिनकै तर्फबाट अजातशत्रु राजकुमार जन्मेका हुन्। भिक्षु देवदत्तको कुसंगतमा परेर यिनै अजातशत्रुले आफ्ना पिता बिम्बिसार राजाको हत्या गरेका थिए। बिम्बिसार राजाकी कान्छी महारानी खेमा महारानी आफ्नो सौन्दर्यको घमण्डको कारण विहारमा जान चाहन्नथिन्। बिम्बिसार राजाले नै अनेकौं उपाय कौसल्यताद्वारा खेमा महारानीलाई बुद्धको सामू लगेका थिए। बुद्धको धर्म देशनाबाट बोध भएर खेमा महारानी भिक्षुणी बनिन्। अरहत्व लाभ गरेर पछि प्रज्ञावान भिक्षुणी मध्ये अग्रणी भईन्।

बिम्बिसार महाराजाको संसर्गमा आएकी पद्मावती गणिका र उनीबाट प्राप्त छोरा अभय राजकुमार दुबैजनाले बुद्ध धर्ममा दिक्षित भई अरहत्व लाभ गरेका थिए। त्यस्तै बिम्बिसारलाई मन पर्ने अर्कि गणिका अम्बपाली र उनीबाट प्राप्त छोरा विमल कोण्डञ्ञ दुबैआमा छोराले पनि अरहत्व लाभ गरेका थिए।

त्यस बखत प्रचलनमा रहेको परम्परागत धर्मबाट अलग्ग नयाँ प्रकाशमा आएको धर्म बुद्ध धर्ममा दिक्षित भईसकेपछि राजा बिम्बिसारले बुद्धप्रति मात्र नभई बुद्ध धर्म चिरस्थायीको निम्ति अगाढ श्रद्धा र भक्तिपूर्वक धेरै कामकाजहरू गरेका थिए। राजा स्वयंले महिनाको छः दिन उपोसथ व्रत पालन गर्थे। यस आदर्शबाट अरु सर्वसाधारण जनतालाई ठूलो प्रेरणा मिल्दथ्यो। बुद्ध धर्म अँगाली धर्मावबोध गरेका राजा बिम्बिसारले बुद्ध धर्मको जग बसाल्न आफ्नो सारा शक्ति लगाएको मात्र नभई धर्म प्रचारको कार्यमा आफू स्वयंलाई समर्पित पारेको कुरा पालि साहित्यमा धेरै ठाउँमा उल्लेख भएको पाइन्छ। बिम्बिसार महाराजाले दान दिएको वेणुवन उद्यान भगवान बुद्ध प्रमुख भिक्षु संघलाई प्राप्त भएको पहिलो विहार थियो। वेणुवन दान दिएको बखतमा बुद्ध शासनको जग बसेको हिसाबले महाभूकम्प भएको थियो।

बिम्बिसार महाराजाले वेणुवन दान दिँदाको प्रसंग यसरी आउँछ-

सिद्धार्थ राजकुमारले महाअभिनिष्क्रिमण गरीकन भिक्षुत्व भावमा बसेपछि चारिका गर्दै मगध देशको राजगृह नगरमा आईपुग्नुभयो। नगरमा घर घरमा गएर सिद्धार्थले भिक्षाटन गर्न जानु भयो। सिद्धार्थको आकर्षक व्यक्तित्व तथा रूप सौन्दर्य देखेर नगरवासीहरू चकित भए। उहाँलाई 'यी को हुन्' भनी कसैले चिन्न सकेन। यो समाचार एक अर्कामा फैलिदै महाराजा बिम्बिसारसम्म पुग्यो। महाराजाले यो सुनी आफ्नो दरबारको सबैभन्दा माथिल्लो तल्लामा चढेर झ्यालबाट हेर्दा सिद्धार्थको रूप, सौन्दर्य, व्यक्तित्व देखेर आश्चर्य चकित भयो। त्यहाँ प्रासादमा बसेका राजा बिम्बिसारले लक्षणयुक्त सिद्धार्थलाई देखेर यस्तो भने-"हे पुरुष ! हेर, यी वृहत लीलाले



Downloaded from http://dhamma.digital

सम्पन्न, अभिरुप आचरण सम्पन्न तथा चक्षुइन्द्रिय संयम गर्ने पुरुषलाई। चक्षु संयम गरी स्मृतीवान भएका यी पुरुष नीच कुलका जस्तो लाग्दैन। राजदूत हो! दौड्, हेर यी भिक्षु कहाँ जाँदा रहेछन्।"

राजाको आज्ञा लिएर राजदूतहरू भिक्षु भावमा रहेका सिद्धार्थको पछि पछि लागे। सिद्धार्थले भिक्षाटन गरी पात्र भरेपछि नगरबाट निस्की 'त्यहाँ बास हुनेछ' भनी सोची पाण्डव पर्वतको उकालो चढ्नु भयो। यो देखी पछि पछि लागेका राजदूतहरूमध्ये एकजना राजाकहाँ खबर पुऱ्याउन गयो र बाँकि सिद्धार्थले के के गर्लान् भनी हेर्न त्यहिं बसे।

खबर पुऱ्याउने राजदूतले महाराजाकहाँ बिन्ति गऱ्यो- "महाराज! ती भिक्षु गिरि-गुफामा सिंह बसे झैं पूर्वपट्टि हेरी पाण्डव पर्वतमा बसेका छन्।" दूतको कुरा सुनी बिम्बिसार महाराजा हतार हतार गरी यानमा चढेर पाण्डव पर्वतसम्म पुग्यो। यान लान नमिल्ने ठाउँमा पुगेपछि राजा पैदल हिँडी सिद्धार्थ बसेको ठाउँसम्म गयो। सिद्धार्थसँग कुशल वार्ता गर्दै राजाले सोधे- "तपाईं युवा तथा तन्नेरी नै हुनुहुन्छ। प्रथम वैशाको शिशु जस्तै हुनुहुन्छ, वर्ण सम्पन्न जातिले क्षत्रीय जस्तो लाग्छ। म तपाईंलाई अनेक सुशोभित हस्ति समूह सहित उपभोग सम्पति राज्य दिनेछु, उपभोग गर्नुहोस्, तपाईंको जाति के रहेछ? सो पनि बताउनुहोस्।"

सिद्धार्थले जवाफ दिनु भयो- "हे राजन। यहाँबाट सीधा त्यस तरफ (हातले आफ्नो देशको दिशातिर देखाउँदै) हिमालयको पार्श्वमा, जनपराक्रम, सुसम्पन्न, कोशल राज्यको निकेतन अर्थात प्राचिन देश छ। त्यहाँ आदित्य गोत्रका शाक्य जाति छन्। त्यसै कुलबाट प्रव्रजित भएर आएको हुँ। न कि काम विषयको खोजी गरी। काम विषयको दोषलाई देखी तपश्चर्य्याको निम्ति जाँदैछु- यसैमा मेरो मन लाग्छ न कि काम विषयमा।"

अनि बिम्बिसार राजाले प्रार्थना गऱ्यो- "तपाईंले बुद्धत्व प्राप्त गरेपछि मगध देशको राजधानी राजगृह आएर धर्म उपदेश गर्नु हुन अनुरोध गर्दछु।" सिद्धार्थले "हुन्छ" भनी वचन दिएर त्यहाँबाट हिँड्नु भयो।

सिद्धार्थ क्रमश: चारिका गर्दै छ: वर्ष तपस्या गर्दै अन्त्यमा बुद्ध बन्नुभयो। भगवान बुद्धले बुद्धत्व प्राप्त गरेपछि धर्म प्रचारार्थ चारिका गर्दै उरुवेलमा आई पुग्नु भयो। त्यहाँ उरुवेल काश्यप, नदी काश्यप, र गया काश्यप भन्ने तीनजना जटिल आचार्यहरू तथा उनीहरूका एक हजार शिष्यहरूलाई धर्मोपदेश गरेर भिक्षु भावमा राखी अरहत्व लाभ समेत गराए। गयाशीर्ष पर्वतमा इच्छानुसार बस्नु भईसकेपछि तीन जना जटिल आचार्यहरू र एक हजार शिष्य रहेका भिक्षुहरूलाई साथमा लिएर



Downloaded from http://dhamma.digital

बिम्बिसार महाराजालाई सिद्धार्थ बोधिसत्त्व छँदा दिएको वचन पुरा गर्न राजगृह नगर तिर जानु भयो ।

मगधराजा बिम्बिसारले "श्रमण गौत्तम शाक्यपुत्र, शाक्यकुलबाट प्रव्रजित भई बुद्धत्व प्राप्त गरेर राजगृहमा आईपुग्नु भई राजगृहस्थित यष्टिवनोद्यानमा सुप्रष्ठित चौरमा बस्नु भएको छ ।" भन्ने खबर सुनेर १२ लाख मागधिक ब्राह्मण गृहपतिहरू सहित जहाँ भगवान बुद्ध हुनुहुन्थ्यो त्यहाँ गए । कुशलवार्ता गरी एक एक छेउमा बसेका मागधिक ब्राह्मणहरू सहित बिम्बिसार महाराजालाई उद्देश्य गरी भगवान बुद्धले शुरुमा दान कथा, शील कथा, स्वर्ग कथा, काम विषयको दोष कथा भन्नुभयो । क्रमैसँग तिनीहरूको चित्त संयमित हुँदै गएपछि चतुआर्य सत्यको गहन उपदेश दिनु भयो । त्यस समय १२ लाख मध्ये ११ लाख परिषद र बिम्बिसार महाराजा श्रोतापन्न भए । बिम्बिसार महाराजाले भगवान बुद्ध प्रमुख भिक्षु संघलाई भोलिपल्टको भोजनको लागि निमन्त्रणा गरे ।

भोलिपल्ट भगवान बुद्ध एक हजार जटिल भिक्षुहरूसँगै बिम्बिसारको राज भवनमा भोजनको निम्ति जानु भयो । महाराजले अनेक थरिका प्रणीत खाद्य पदार्थ राखेर भोजन गराए । भोजनको कार्य सकेपछि एक छेउमा बसेका बिम्बिसार महाराजाको मनमा यस्तो लाग्यो- "यतिका भिक्षुहरूलाई लिएर भगवान बुद्ध कहाँ बास गर्नुहुन्छ होला । भगवान बुद्ध सहित भिक्षुसंघलाई बास गराउन यस्तो एउटा ठाउँको व्यवस्था गर्नुपर्‍यो जुन ठाउँ गाउँ तथा शहरबाट धेरै टाढा पनि नहोस्, धेरै नजिक पनि नहोस्, आउने जाने इच्छुक मानिसलाई यातायातको व्यवस्था होस्, दिनमा कम भीड र रातमा हल्ला नभएको होस्, वायु प्रदुषण नभएको तथा जुन ठाउँमा बसेर भिक्षुहरूले ध्यान पनि गर्न सकोस् ।" यस्तो सोचीरहेका बिम्बिसार महाराजाको सोचाइमा आफ्नै देशमा पर्ने वेणुवनोद्यानको सम्झना आयो । वेणुवनोद्यान पर्ने स्थान उपरोक्त कुराहरूले मिल्ने र पायक पर्ने खालको थियो ।

बिम्बिसार महाराजाले उक्त आराम भगवान बुद्ध सहित भिक्षु संघलाई दान दिने प्रस्ताव राख्यो । भगवान बुद्धले मौन भावले स्वीकार गर्नु भयो । अनि बिम्बिसार महाराजाले सुवर्णमय कलश हातमा लिएर जल अर्पण गरी भगवान बुद्धलाई वेणुवन अर्पण गरे । भगवान बुद्धले स्वीकार गर्नु भयो । त्यस बखत भगवान बुद्धको शासनमा पहिलो विहार दान भएकोले 'बुद्ध शासनको जग' बसेको मानेमा ठूलो भूकम्प गएको थियो । विहार दानको कार्य सम्पन्न भएपछि भगवान बुद्धले 'दान मध्ये विहार दान अति उत्तम छ' भनेर विहार दानको महत्फल सम्बन्धि उपदेश दिनु भयो ।



Downloaded from http://dhamma.digital

## (घ) निग्रोधाराम विहार तथा शुद्धोदन महाराजाः

सिद्धार्थ गौत्तम जो पछि शाक्यमुनि गौत्तम बुद्ध बने उहाँका पिता कपिलवस्तुका नरेश शुद्धोदन महाराजा क्षत्री कुलोत्पन्न, शाक्यवंशी र गौत्तम गोत्रका थिए। यिनको जन्म ई.पू. ६२० मा भएको थियो। यिनको आमाको नाम कंचना तथा पिताको नाम शिंहहनु थियो। यिनका चार भाई र दुई बहिनीहरू थिए। शुद्धोदन महाराजाको ३७ वर्षको उमेरमा विवाह भएको थियो। अग्रमहिषी महामायादेवी तथा कान्छी महिषी प्रजापति गौत्तमी थिइन्। महामाया देवीको तर्फबाट सिद्धार्थ गौत्तम र प्रजापति गौत्तमीको तर्फबाट नन्दाकुमारी र नन्द कुमार गरी तीन सन्तान थिए। विवाहको २० वर्षपछि ५७ वर्षको उमेरमा प्रथम पुत्र सिद्धार्थ पाएको थियो। प्रजापति गौत्तमीको तर्फबाट जन्मेकी छोरी नन्दा भने सिद्धार्थ भन्दा जेठी थिइन्। शुद्धोदन महाराजा अति नै धर्मात्मा थिए तथा प्रजाको सुख दुःखमा सरीक हुन्थे। सिद्धार्थ 'बुद्ध' बनेको ५ वर्षपछि अर्थात शुद्धोदन महाराजा ९८ वर्षको हुँदा यिनको परिनिर्वाण भएको थियो।

शुद्धोदन महाराजाले जीवन कालमा तीन पटक सम्म आफ्ना पुत्र सिद्धार्थलाई वन्दना गरेको थियो। आठ समापत्ति ध्यानले युक्त चालिस कल्पसम्म अतीत र अनागत देख्न सक्ने महान तपस्वी कालदेवल ऋषिले बालक सिद्धार्थलाई पछि 'सर्वज्ञ बुद्ध' बन्ने बालक भनेर चिनेपछि सिद्धार्थलाई शीर झुकी वन्दना गरेको देख्दा त्यस्ता महान तपस्वीले त वन्दना गरेको छ भन्दै शुद्धोदन महाराजाले पनि आफ्ना नाबालक छोरालाई पहिलो पटक वन्दना गरेको थियो। एक पटक कपिलवस्तु नगरमा आषाढ महोत्सवको बेला शुद्धोदन महाराजाले समेत खेतमा हलो जोतीराखेको थियो। खेतमा एक ठाउँमा सुताईराखेको बालक सिद्धार्थ उठेर ध्यान गरी राखेको थियो। अद्‌भुत ढंगले सिद्धार्थ जुन रुख मुनि बसेको थियो त्यो रुखको पातको छायाँ सिधै थियो बाँकि रुखको पातको छायाँ मात्र घामको दिशानुसार परिवर्तन हुँदै गएको थियो। त्यो बेला दोश्रो पटक शुद्धोदन महाराजाले पुत्र वन्दना गरेको थियो। सिद्धार्थ गृहत्याग गरेर बुद्ध बन्नु भएपछि प्रथम पटक आफ्नो मातृभूमि कपिलवस्तुमा पाल्नु हुँदा शाक्यकुलका वयोवृद्ध व्यक्तिहरू आफनो जाति अभिमानको कारण बुद्धलाई वन्दना नगरीकन बसेको थियो। त्यो बेला भगवान बुद्धले आकाशमा ऋद्धिबल देखाउनु भयो। त्यस बखत शुद्धोदन महाराजाले तृतीयबार पुत्र वन्दना गरेको थियो।

भगवान बुद्ध कपिलवस्तुमा पुग्नु भएको भोलिपल्ट भोजन प्राप्तिको लागि भिक्षु संघका साथ नगरमा भिक्षाटनको लागि जानु भयो। यो खबर सुनी शुद्धोदन महाराजाको मनमा ठूलो विस्मात भयो। हतारिएर दौडिदै भगवान बुद्ध समक्ष पुगी



Downloaded from http://dhamma.digital

दु:ख व्यक्त गरे- "भन्ते ! तपाइँ राजवंशी भईकन भिक्षा मागेर किन मलाई लज्जित पार्नु भयो ?" भगवान बुद्धले भन्नुभयो- "म अब राजवंशको छुइन, बुद्धवंशको हुँ ।" त्यसपछि त्यहिं बाटोमै उभिएर भगवान बुद्धले "उतिष्ट भई अप्रमादी होऊ, राम्रोसँग धर्माचरण गर, धर्मचारी नै यसलोक र परलोकमा सुखपूर्वक सयन गर्छ अर्थात सुखपूर्वक जीवन बिताउँछ ।" भनी एक टुक्रा धर्मोपदेश दिनु भयो । यति उपदेश सुनेर नै शुद्धोदन महाराजाले श्रोतापन्न फल साक्षात्कार गरे । महाराजाले त्यहिंबाट भगवान बुद्धको हातबाट भिक्षापात्र लिई आफ्नो राजदरबारमा लगेर भिक्षु संघका साथ भोजन गराए । भोजनको कार्यपछि भगवान बुद्धले पुन: धर्म उपदेश दिनु भयो- "धर्मको आचरण शुद्ध रूपले गर्नुपर्छ, अशुद्ध रूपले गर्नु हुन्न, धर्मचारी नै यस लोकमा र परलोकमा सुखपूर्वक शयन गर्छ अर्थात् सुखपूर्वक जीवन बिताउँछ ।" यति उपदेश सुनेर नै शुद्धोदन महाराजा सकृदागामी फलमा प्रतिष्ठित भए ।

भगवान बुद्ध प्रथम पल्ट आफ्नो मातृभूमि आउनु भएको छैठौं दिनमा आफ्ना भाई नन्दकुमारलाई प्रव्रजित गराउनु भयो जुन दिन नन्द कुमारलाई राज्याभिषेक दिने मंगल उत्सवको दिन थियो । त्यसको भोलिपल्ट राहुल कुमारलाई प्रव्रजित गराउनु भयो । यसरी आफ्नो राज्यको उत्तराधिकारी नै नरहने भएपछि शुद्धोदन महाराजाको मनमा ठूलो चोट् लाग्यो । अत: शुद्धोदन महाराजाले भगवान बुद्धकहाँ गई प्रार्थना गरे- "भन्ते ! भगवानले प्रव्रज्या ग्रहण गर्नु हुँदा मलाई साह्रै दु:ख लागेको थियो । त्यस्तै नन्दलाई प्रव्रज्या गर्दा पनि । राहुलको प्रव्रज्याले त मलाई झन दु:ख लागीरहेको छ । अतएव आर्यले आमा बाबुको अनुमति नपाएको पुत्रलाई प्रव्रजित नगर्नु भए वेश हुने थियो ।" शुद्धोदन महाराजाको प्रार्थनालाई स्वीकार्दै भगवान बुद्धले अबदेखि आमाबाबुको अनुमति बिना प्रव्रज्या दिन नहुने नियम बनाउनु भयो र भन्नुभयो- "भिक्षु हो ! आमाबाबुको अनुमति नपाउने पुत्रलाई प्रव्रज्या नगर्नु । जसले प्रव्रजित गर्छ उसलाई दुस्कृत्य-आपत्ति लाग्नेछ ।"

त्यसको भोलिपल्ट भगवान बुद्ध भिक्षु संघका साथ राजदरबारमा भोजनको निम्ति जानु भयो । भोजनको कार्यपछि शुद्धोदन महाराजाले भने- "भन्ते तपाइँ उरुवेल वनमा तपस्या गरीराख्नु भएको बेला तपाइँले आहार त्याग गर्नु भएपछि तपाइँको मृत्यु भयो भनेर मकहाँ समाचार पुगेको थियो ।" भगवान बुद्धले सोध्नु भयो- "महाराजाले पत्याउनु भयो त ?" शुद्धोदन महाराजाले भन्यो- "मैले अलिकति पनि विश्वास गरिन ।" त्यसबेला भगवान बुद्धले धर्मदेशना गर्नु भयो जुन धर्म देशना सुनेर शुद्धोदन महाराजा अनागामी फलमा सुप्रतिष्ठित भए ।

भगवान बुद्धले बुद्धत्व लाभ गरेको पाँचौ वर्षमा वैशालीको कूटागार शालामा पाँचौ वर्षावास बस्नु भयो । त्यस बेला शुद्धोदन महाराजा विसञ्चो भईरहेको



Downloaded from http://dhamma.digital

समाचार आयो। अनि भगवान बुद्ध ५०० भिक्षुहरूका साथ वैशाली देखि कपिलवस्तु आउनु भयो। शुद्धोदन महाराजासँग भेटी धर्मोपदेश दिनु भयो। त्यसबेला शुद्धोदन महाराजा अरहत फलमा प्रतिष्ठित भए। यस प्रकार शुद्धोदन महाराजा कठोर तपस्या बिना नै राजदरबारमै बसी गृहस्थ भावमै अरहत्व अर्थात जन्म मरणबाट मुक्त भई परम शान्ती निर्वाणपद साक्षात्कार गरी परिनिर्वाण भएका थिए।

शुद्धोदन महाराजाले निग्रोधाराम विहार दान दिएको प्रसंग यसरी आउँछ-

सिद्धार्थ कुमारले गृहत्याग गरेर छः वर्षसम्म दुष्करचर्य्या तपस्या गरेको समय अवधि भर शुद्धोदन महाराजा पुत्र वियोगमा दुःख मान्दै छट्पटिरहेका थिए। सिद्धार्थ बुद्ध बनेपछि धर्म प्रचारार्थ चारिका गर्दै राजगृह नगरमा बिम्बिसार महाराजाको वेणुवनोद्यान विहारमा बसी राख्नु भएको थियो। सो समाचार शुद्धोदन महाराजाले सुनेपछि पुत्रको अनुहार हेर्ने ठूलो अभिलाषा राखेर बसेका महाराजाले बुद्धलाई राजगृहमा लिन पठाएर कपिलवस्तुमा ल्याउने व्यवस्था गरे। एकजना दक्ष सचिव छानेर एक हजार सिपाहिसँगै राजगृहमा पठाइदिए।

ती एक हजार सिपाही र एक प्रमुख दूत भएर गएका मानिसहरू वेणुवन विहारमा पुग्दा भगवान बुद्धले भिक्षु परिषदलाई धर्मोपदेश गरीराख्नु भएको थियो। तिनीहरू पनि धर्मोपदेश सुन्दै त्यहिं अरहत फलमा प्रतिष्ठित भए। त्यसपछि तिनीहरू सबैजनाले त्यहिं भगवान बुद्धसँग प्रव्रज्या मागेर प्रव्रजित भए। ती मध्ये कसैले पनि शुद्धोदन महाराजाको सन्देश सुनाएनन्। यता शुद्धोदन महाराजा दूतहरूले खबर ल्याउला भनीकन पर्खँदा पर्खँदै कोही नफर्केकोले अर्को एक हजार सिपाहींका साथ एक प्रमुख दूत पठाए। एवं प्रकारले शुद्धोदन महाराजाले ९ पटक सम्म एक एक हजार सिपाहींसँग एक एक प्रमुख दूत पठाउँदा पनि ती सबका सब उहिं भिक्षु बनेर कोही फर्केनन्।

बृद्ध शुद्धोदन महाराजाको मनमा अति नै दुःख लाग्यो। “यतिका मानिस मैले पठाईसकें। कसैले पनि मलाई जवाफ दिन आएनन्। यतिका मानिसको बिचमा मलाई सम्झने कोही रहेनछ हाय ! अब म कसरी पुत्रको अनुहार हेरुँ” भन्दै महाराजाले विलाप गरे। यसैबेला महाराजाले कालुदायी मन्त्रीलाई सम्झे जो सिद्धार्थ कुमारको सानैदेखिको मित्र पनि थियो। महाराजाले कालुदायीलाई बोलाएर बुद्धलाई लिएर आउने काम अह्राए। कालुदायीले पनि आफू भिक्षु बन्न सक्छु भने मात्रै बुद्धलाई लिन जानेछु भनी शर्त हाले। महाराजाले सहर्ष स्वीकार गरे। त्यसपछि कालुदायीलाई एक हजार सिपाहीं दिएर दशौं पटक दूत पठाए। तिनीहरू पनि बुद्धको धर्मोपदेश सुनेर अरहत भए र भिक्षु बने। कालुदायीले एकदिन उचित समय देखेर भगवान बुद्ध समक्ष बिन्ति गरे- “भन्ते ! हजुरका पिता शुद्धोदन महाराजा भगवान



Downloaded from http://dhamma.digital

बुद्धको दर्शन गर्ने ठूलो अभिलाषा लिएर बसेका छन् । भन्ते ! आफ्ना ज्ञातिबन्धुहरूको प्रति कृपा गर्नुहोला ।" कालुदायी मन्त्रीबाट यो खबर सुनेपछि भगवान बुद्धले आफ्नो मातृभूमि कपिलवस्तु जाने विचार गर्नु भयो । अनि बीस हजार भिक्षुगणलाई साथमा लिएर फागुण पूर्णिमाको दिन राजगृहबाट कपिलवस्तुको लागि प्रस्थान गर्नु भयो । ६० योजनको बाटो थियो । दिनहुँ एक एक योजन यात्रा गरी दुई महिना बिताई भगवान बुद्ध भिक्षु संघका साथ वैशाख पूर्णिमाको दिनमा कपिलवस्तु आईपुग्नु भयो ।

शुद्धोदन महाराजाले भगवान बुद्ध सहित भिक्षु संघलाई बास गराउन निग्रोधाराम विहार बनाई राखेको थियो । कपिलवस्तु नगरमा निग्रोध शाक्य भन्ने व्यक्तिको एक अति रमणीय, अति सुन्दर उद्यान थियो । उक्त उद्यान भगवान बुद्धलाई बस्न दिन पायक पर्ने उचित स्थानमा पर्दथ्यो । अतः शुद्धोदन महाराजा प्रमुख सबै शाक्य राजा खलक मिलेर उक्त उद्यानमा अति नै राम्रो, भव्य रुपमा एउटा विहार बनाए । निग्रोध शाक्यको उद्यानमा बनाएको भएर त्यस विहारको नाम 'निग्रोधाराम विहार' राखियो ।

वैशाख पूर्णिमाको दिनमा भगवान बुद्ध आईपुग्नु भयो भन्ने समाचार सुनेपछि कपिलवस्तु देशवासीको बिचमा ठूलो हर्षोल्लास छायो । शाक्य कुलका यशवर्धक, सर्वज्ञ बुद्धलाई स्वागत गर्न सम्पूर्ण देशवासी राज भवनमा जम्मा भए । शुद्धोदन महाराजा सहित सम्पूर्ण राजपरिवार पनि भव्य सजी सजावटमा भगवान बुद्धको स्वागत गर्न तयार भए । बालकदेखि वृद्ध, वृद्धासम्म सम्पूर्ण देशवासी स्वागत सत्कारको लागि पूर्ण सामान बोकी अगाडि बढे । त्यसपछि क्रमशः गन्यमान्य व्यक्तिहरू, त्यसपछि राजपरिवारका सदस्यहरूका साथ साथ शुद्धोदन महाराजा ठूलो हर्षोल्लासका साथ शाक्य पुत्र शाक्यमुनि गौतम बुद्धको स्वागत गर्न ताँति लागे । लाखौं शाक्यजन परिवारले भगवान बुद्ध प्रमुख बीस हजार भिक्षुगणको भव्य स्वागत सत्कार गरेर निग्रोधाराम विहारमा लिएर गए । निग्रोधाराम विहारमा पुगेपछि त्यहाँ भेला भएका विशाल जनसमूह जो भगवान बुद्धका ज्ञातिबन्धु थिए तिनलाई भगवान बुद्धले धर्मोपदेश गर्नुभयो ।

त्यसबखत भगवान बुद्ध आफ्नो मातृभूमि कपिलवस्तुमा बसुञ्जेल भिक्षु संघका साथ निग्रोधाराम विहारमै बस्नु भएको थियो । भगवान बुद्धका भाई नन्द कुमार र पुत्र राहुल कुमारको प्रव्रज्या पनि निग्रोधाराम विहारमै गरिएको थियो । यस प्रकार शुद्धोदन महाराजाले आफ्ना प्रिय पुत्र शाक्यमुनि गौतम बुद्धको लागि बनाएको विशाल तथा भव्य 'निग्रोधाराम विहारको' भग्नावशेष आजसम्म पनि वर्तमान नेपालको कपिलवस्तु जिल्लामा विद्यमान छ ।



Downloaded from http://dhamma.digital

# चार संवेजनीय तथा दर्शनीय स्थान

भगवान बुद्धले ८० वर्ष उमेर पुग्न लाग्दा थप तीन महिनापछि अर्थात आउने बैशाख पूर्णिमाको दिनमा परिनिर्वाण हुनेछु भनी संकल्प गर्नु भयो। बाँकि तीन महिनाको अवधि भित्र भगवान बुद्ध विभिन्न स्थानहरूका यात्रा गर्दै धर्म प्रचार गर्दै जानु भयो। यसरी जीवनको अन्तिमयात्रा गर्दै भगवान बुद्ध कुशीनगरको मल्लहरूको शालवन उपवन (उपवत्तनमा) पुग्नु भयो। त्यहाँ पुगी भिक्षु आनन्दलाई भन्नु भयो- "आनन्द ! यमक शाल वृक्ष (दुईवटा शाल रुख) को बीचमा मेरो लागि उत्तरतर्फ सिरान राखी मञ्च (खाट) बनाई देउ। आनन्द ! म क्लान्त छु, लेट्न चाहन्छु। "हवस भन्ते।" भनी आयुस्मान आनन्दले प्रत्युत्तर दिई यमक शालवृक्षको बीचमा उत्तरतर्फ सिरान राखी मञ्च बनाई दिनुभयो। अनि भगवान बुद्ध दाहिनेतिरबाट सिंहशैय्या गरी लेट्नु भयो।

अन्तिम शैय्यामा लेट्नु भएका भगवान बुद्ध सँग भिक्षु आनन्दले सोध्नु भयो- "भन्ते ! पहिले विभिन्न दिशाबाट वर्षावास बिताई भिक्षुहरू भगवानको दर्शन गर्न आइरहन्थे। ती मनोभावनीय भिक्षुहरूको दर्शन तथा सत्संगत हामीलाई मिलिरहन्थे। भन्ते ! अब भगवान नरहनुभएपछि हामीले ती मनोभावनीय भिक्षुहरूको दर्शन पनि पाउँदैनौं होला।"

भगवान बुद्धले भन्नुभयो- **"चतारिमानि, आनन्द, सद्धस्स कुलपुत्तस्स दस्सनीयानि संवेजनीयानि ठानानि। कतमानि चत्तारि ! इध तथागतो जातो' ति आनन्द, सद्धस्स कुलपुत्तस्स दस्सनीयं संवेजनीयं ठानं। इध तथागतो अनुत्तरं सम्मासम्बोधिं अभिसम्बुद्धोति....। इध तथागतेन अनुत्तरं धम्मचक्कं पवत्तितं ति। इध तथागतो अनुपादिसेसाय निब्बानधातुया परिनिब्बुतो ति, आनन्द, सद्धस्स कुलपुत्तस्स दस्सनीयं संवेजनीयं ठानं इमानि खो आनन्द। चत्तारि सद्धस्स कुलपुत्तस्स दस्सनीयानि संवेजनीयानि ठानानि।"**

अर्थात- "आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त यी चार दर्शनीय, संवेजनीय (वैराग्यप्रसाद) स्थान हुन्। कुन चार स्थान ? यहाँ तथागत उत्पन्न भयो (लुम्बिनी) भनी आनन्द श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ। यहाँ तथागतले अनुत्तर सम्यकसम्बुद्धत्व प्राप्त गर्नुभयो (बुद्धगया) भनी -आनन्द श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ। यहाँ तथागतले अनुत्तर धर्मचक्र



Downloaded from http://dhamma.digital

प्रवर्त्तन (प्रथम धर्मोपदेश) गर्नुभयो भनी -आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । यहाँ तथागत अनुपादिशेष निर्वाणधातुद्वारा परिनिर्वाण हुनुभयो (कुशीनगर) भनी- आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । आनन्द ! यी नै चार स्थान श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय, संवेजनीय स्थान हुन् ।"

यस प्रकार भगवान बुद्धको जीवनको चार प्रमुख महत्वपूर्ण धटना भएको स्थान लुम्बिनी, बुद्धगया, सारनाथ र कुशीनगर जसलाई आजको भाषामा हामी चार बौद्ध तीर्थस्थल भन्दछौं त्यसको दर्शन गर्नु पुण्य कार्य हो भनी स्वयं भगवान बुद्धले अन्तिम शैय्यामा बस्नु भएको बेला भन्नुभएको थियो । भगवान बुद्धको परिनिर्वाण भएपछि उक्त चार पवित्र स्थलको संरक्षण, संवर्धन तथा त्यसको दर्शनको क्रम आजसम्म जारी रहेको २५०० वर्षको बुद्ध धर्मको इतिहासको पानाले बताउँछ । भगवान बुद्धको जन्मस्थल लुम्बिनी, बोधिज्ञान प्राप्त भएको स्थान बुद्धगया, प्रथम धर्म उपदेश दिनुभएको स्थान सारनाथ तथा परिनिर्वाण हुनु भएको स्थान कुशीनगर गरी यी पवित्र चार बौद्ध तीर्थस्थलको संक्षिप्त परिचय दिने यहाँ प्रयास गरिएको छ ।

## (क) लुम्बिनी:

शाक्यमुनि गौत्तम बुद्ध बन्ने बालक सिद्धार्थ गौत्तमको जन्म भएको स्थान लुम्बिनी वर्तमान विश्वको भूगोलमा नेपालको लुम्बिनी अञ्चल, रुपन्देही जिल्लामा पर्दछ । जन्मस्थल लुम्बिनीको साथै सिद्धार्थको पिता शुद्धोदन महाराजाको देश कपिलवस्तु, सिद्धार्थको मामाको राज्य तथा ससुराली देवदह तथा भगवान बुद्धको परिनिर्वाण पछि बुद्धको अस्थि गाडेर राखेको ८ वटा स्तूप मध्ये एकवटा (जुन आजसम्म खोलिएको छैन) त्यस स्तूप अवस्थित स्थान रामग्राम जस्ता बुद्धको जीवनीसँग सम्बन्धित महत्वपूर्ण स्थानहरू पनि नेपाल अधिराज्यकै भौगोलिक क्षेत्र पर्दछ जुन नेपाली मात्रको लागि गर्वको विषय छ ।

भगवान बुद्धको परिनिर्वाण पछिको २५०० वर्षको समय अवधिमा विभिन्न राजनैतिक, भौगोलिक स्थितिमा आएको परिवर्तन सँगै बुद्ध जन्मस्थल लुम्बिनी केही समयको लागि उपेक्षित पनि रह्यो । एशियामा पुनः सांस्कृतिक जागरण आयो । पालि र संस्कृत वाङमय अनुसारको तीर्थस्थल वर्णन र चिनीया यात्रीहरूको यात्रा विवरणको आधारमा बौद्ध तीर्थस्थलहरू खोज्ने काम भारतस्थित ब्रिटिश सरकारले पनि गरेका थिए । तर पुरातात्विक उपलब्धिभन्दा पहिलेको खोज भएर आधारहीन ठानियो । १९ औं शताब्दीमा "हिद बुधे जाते' 'हिद भगवं जातेति' 'लुंमिनि



Downloaded from http://dhamma.digital



लुम्बिनिमा महामायादेवीको कोखबाट बोधिसत्त्व सिद्धार्थको जन्म लिनु भएको मूर्ति
(हाल धर्मकीर्ति विहारको नवनिर्मित भवनमा स्थापना गरिएको)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

गामे..............." लेखिएको ब्राह्मि लिपिको अभिलेख सहितको लुम्बिनीको अशोक स्तम्भ भेटिएपछि बुद्ध जन्मस्थल लुम्बिनी प्रमाणित भयो जुन यस शताब्दीकै महान आविष्कार उपलब्धि मानियो ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भ पत्ता लगाउने श्रेय धेरै जसो जर्मन पुरातत्वविद् डा. ए. फुहररलाई दिने गर्दछ । नेपालको पाल्पा जिल्लाको स्थानिय स्मरण अनुसार वि.सं. १९५० मा पाल्पाका तैनाथवाला खड्ग शम्शेरले रुपन्देही जिल्लाको चारकोसे जंगल फडानी गराउँदा यो स्तम्भ फेला परेको हो । खड्ग शम्शेरले ३।४ हात्तीद्वारा यो स्तम्भ निकाल्न पनि खोजे तर सकेनन् । वि.सं. १९५२ (इ.सं.१९८६) मा डा. फुहररले यो अशोकस्तम्भ नै हो भनी ठोकुवा गरे । फुहररको शब्दमा तराईको गभर्नर जेनरल खड्ग शम्शेरलाई भाग्यवशै निग्लिहवामा भेट्नुको सट्टा पडेरियामा १ डिसेम्बर १८९६ का दिन भेट्ने संयोग परेको र जेनरलको क्याम्पबाट नजिकै अशोकस्तम्भ १० फीट जमीनबाट माथि खडा रुपमा रहेको देखिएको थियो । अनि उहाँकै सुझाव अनुसार लुम्बिनीस्थित अशोकको शिलास्तम्भको उत्खनन् गर्दा जगदेखि ९ फीट ८ इञ्च माथि ५ हरफको राम्रै सुरक्षित मौर्यकालनि अभिलेख देखियो ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेख ५ हरफको छ तर अत्यन्त व्यापक र महत्वपूर्ण अर्थको छ । त्यस स्तम्भाभिलेखबाट बुद्ध पौराणिक आदर्शको महापुरुष अथवा सूर्यको अर्को पौराणिक आदर्शरुप मानिने पश्चिमी चिन्तनधारालाई सदाको लागि अन्त्य गरिकन बुद्ध एक ऐतिहासिक महामानव प्रमाणित भयो । अशोक स्तम्भमा कुँडिएको ब्राह्मि लिपिको लिखावटको अर्थ भावसार यसरी देखापर्दछ- "देवताहरूको मनपर्ने प्रियदर्शी राजा अभिषिक्त (भएको) बीस वर्षपछि आफै यहाँ आई दण्डवत् (वन्दना पूजा) गरे (किनभने) यहाँ बुद्ध शाक्यमुनि जन्मनु भएको थियो । ढुंगाको एक "सिलापिगडभी" (सूर्यद्योतक ढुंगाको चक्का ढुंगाको घोडाको मूर्ति, ढुंगाको एक मूर्ति जसद्वारा सिद्धार्थ जन्मलाई संकेत गरिन्छ, ढुंगाको पर्खाल (रेलिङ) गर्भाकारको सामान्य एक ढुङ्गा, पनि बनाउनु भयो (र) ढुंगाको खम्बा (स्तम्भ) गाड्नुभयो । यहाँ 'भगवं" जन्मनु भएकोले लुंमिनि गाउँ 'उबलिक' (बलिमुक्त धार्मिककर मुक्त धर्मको नाउँमा हुने हिंसा बलि मुक्त) गर्नुभयो । (अनि) अठभागिये (आठ भागको एक भागमात्र उत्पादन कर तिर्नु पर्ने, आठ भाग कर पनि तिर्नु नपर्ने, अशोकद्वारा प्रदान गरिएको स्वर्णमुद्राको भागी, अर्थको भागी, आर्य अष्टांगमार्गको भागीय) पनि गरीदिए ।

आजको विश्वमा बुद्धको जन्मस्थल लुम्बिनी बौद्ध मार्गीमात्र होइन सम्पूर्ण शान्ती प्रेमी मानवको लागि पूण्य भूमि रहेको छ । भगवान बुद्धको महापरिनिर्वाण



Downloaded from http://dhamma.digital

पछि आजसम्म अनेक अनगिन्ति भिक्षुगण, उपासक गण, राजा महाराजाहरू तथा विश्व प्रसिद्ध व्यक्तित्वहरू लुम्बिनीको दर्शनार्थ आइसके, अझै आउँदैछन् । तीमध्ये भारतका सम्राट अशोक, चीनिया यात्री फाहियान, ह्वेनसांग, बर्माका ऊ. थान्त आदिको भ्रमण ऐतिहासिक महत्व राख्दछ । अशोक, ह्वेनसांग, फाहियानको यात्रा पछिको ऐतिहासिक प्रमाणहरूले लुम्बिनी विश्वमा बुद्धको, जन्मस्थल हो भनी प्रमाणित भएको छ ।

'लुम्बिनी' को नाम इतिहासको विभिन्न समयमा केही फरक किसिमले उच्चारण तथा लेख्ने गरेको देखिन्छ । पालि जातक अट्ठकथामा 'लुम्बिनीवन' भनिएको छ । अशोक स्तम्भको अभिलेखमा 'लुंमिनि' भनिएको छ । चिनीया यात्री फाहियानले लेखेको बेला यस स्थानलाई लुन-मिन (Lun–Min) अथवा लुन-मिंग (Lun–Ming) लेखियो । ह्वेनसांगको अनुवादमा ल(फ(नि (La–Fa–Ni) भयो । अर्को चिनीया उल्लेखमा लोंग्मिं-नि, लं पिनि (Loungmi–Ni, Lan–Pi–NI) भनेर पनि उल्लेख भएको छ । श्री रक्कहिलको श्रोत अनुसार "लुम्बिनी" देवदहका महाराजा सुप्रबुद्धकी रानीको नाम थियो । अनि रानी लुम्बिनीको लागि बनाइएको उद्यान भएर लुम्बिनी नाम रहन गएको हो । श्री.एन.पी. जोशीले लेखेको अनुसार महामाया देवीकी आमा अर्थात् सिद्धार्थको मामा घर पट्टिकी बज्यैको नाममा कपिलवस्तु र देवदह बिचको उद्यानको नाम 'लुम्बिनी' रहन गएको हो ।

डा.ए.फुहररले संसारमै हलचल हुने गरी लुम्बिनी अशोक स्तम्भको बारे प्रचार प्रसार गरे । यसले गर्दा विद्धत वर्गमा, बौद्ध जगतमा, पुरातात्विक संसारमा, नेपाल र भारतको सरकारी स्तरमा ठूलो प्रभाव पऱ्यो । नेपालमा राणा सरकारले समेत लुम्बिनीलाई उपेक्षा गर्न सकेन । भारतका पुरातत्वज्ञहरूको नेतृत्वमा उत्खनन् शुरु गर्न दिइयो । महामायादेवीको सिद्धार्थ जन्म सम्बन्धि भेटिएको टाउको नभएको मूर्तिलाई डा. हेय (Dr. Haey) ले चिने । त्यसपछि श्री पूर्ण चन्द्र मुखर्जीले महामायादेवीको टाउको पनि भेट्टाए । अनि टाउको जोडी मूर्ति पूर्ण गरियो । यस महत्वपूर्ण उत्खनन क्रम सन् १८९८-९९ मा भएको थियो । यसभन्दा अघि उक्त मूर्तिलाई 'लुमिनि माई' नामक वनकाली ठानी बली दिने चलन थियो । यो प्रथा श्री ३ चन्द्रशम्शेरले सन् १९२५ मा बन्द गरेको थियो ।

इतिहास अनुसार आजसम्म ५ जना राजाहरूले लुम्बिनी यात्रा गरी सके: १.. शुद्धोदन २. अशोक ३. रिपु मल्ल ४. श्री ५ महेन्द्र ५. श्री ५ वीरेन्द्र । वि.सं. २०१२ सालमा श्री ५ महेन्द्र लुम्बिनी सवारी होईबक्सँदा बैशाख पूर्णिमाको दिन अधिराज्यभर हिंसाकर्म बन्द गर्ने हुकुम बक्सेको थियो ।



Downloaded from http://dhamma.digital

आधुनिक युगमा लुम्बिनी क्षेत्रको जुन रुपमा विकास हुँदै गएको छ त्यसको शुरुवात सन् १९६७ (वि.सं. २०२३) मा संयुक्त राष्ट्र संघका तत्कालिन महासचिव ऊ थान्तको लुम्बिनी भ्रमणबाट भएको मान्न सकिन्छ । लुम्बिनी भ्रमण गर्दा ऊ थान्तले "बुद्ध नेपालको मात्र नभई विश्वकै महापुरुष हुन् । त्यसैले संयुक्त राष्ट्र संघद्वारा लुम्बिनीको विकास हुनुपर्दछ" भन्ने सोच लिई लुम्बिनी विकासको लागि कदम चाल्नु भयो । १३ अप्रिल १९६७ का दिन राजदरबारमा श्री ५ महेन्द्रसँग भेट गर्न जानु भयो । श्री ५ को सरकारबाट अक्टूबर १९६७ मा विधिवत् पत्राचार गरी संयुक्त राष्ट्र संघबाट प्राविधिक सहयोगको लागि लुम्बिनी विकास योजनाको निम्ति पत्र लेख्ने कार्य गरियो । ७ मे १९७० का दिन १५ राष्ट्रहरूको प्रतिनिधि भएको लुम्बिनी विकास समिति अन्तर्राष्ट्रिय स्तरमा न्यूयोर्कमा गठन भयो । वि.सं. २०२७।५।१ का दिन श्री ५ को सरकारको मुख्य सचिवबाट "लुम्बिनी विकास समिति" बनाउने प्रस्ताव मंत्री परिषदको बैठकमा पेश भएपछि श्री ५ को सरकारबाट पनि लुम्बिनी विकास समितिको गठन भयो । यसभन्दा अघि नेपालमा प्रजातन्त्र आएको लगत्तै पछि २००८ सालमा राष्ट्रिय स्तरमा सर्वप्रथम 'लुम्बिनी प्रबन्ध समिति' को पनि गठन भएको थियो ।

अन्तर्राष्ट्रिय स्तरमा लुम्बिनी विकास समिति गठन भएकै समयतिर अर्थात सन् १९७०-७१ मा लुम्बिनीमा सर्वप्रथम वैज्ञानिक उत्खनन् भयो जसले अशोक शिलास्तम्भको "लुम्बिनी ग्राम" राम्ररी प्रमाणित भयो । जमीन सतहको ७ फुट मुनि मौर्यकालिन माटोको इनार र घर निकास भयो । जमीन सतहको ३ फुट मुनि कुशान कालीन चिहान देखा पऱ्यो ।

लुम्बिनी क्षेत्रलाई अत्याधुनिक ढंगले विकास तथा निर्माण गर्न सन् १९७८ मा लुम्बिनी विकास गुरु योजना बनाइयो । लुम्बिनी विकास गुरु योजना पुरा गर्न विश्वविख्यात जापानी वास्तुकलाविद् प्रो केंजो टांगेले नक्शा बनाउनु भएको थियो ।

जापानमा सम्पन्न भएको १२ औं विश्व बौद्ध सम्मेलनद्वारा सन् १९७९ लाई 'अन्तर्राष्ट्रिय लुम्बिनी वर्ष' घोषणा गरेको थियो ।

नेपालमा लुम्बिनी विकास समिति गठन भएपछि धेरै पटक अध्यक्षहरू फेर्दै समितिहरू गठन हुँदै गए । तर ठोस काम हुन दिन पुरै समय कार्यालयमा बसी काम गर्ने गरी २०३२ चैत्रमा श्री लोकदर्शन बज्राचार्यलई श्री ५ को सरकारले लुम्बिनी विकास समितिको अध्यक्ष नियुक्त गऱ्यो । श्री लोकदर्शन बज्राचार्यको अध्यक्षतामा सक्रिय भएको लुम्बिनी विकास समितिले तदारुकताका साथ गुरु योजना अन्तर्गतको कार्यहरू पुरा गर्दै गयो । गुरु योजनाको लागि चाहिने ११५० बीघा जमीनको



Downloaded from http://dhamma.digital

अधिग्रहण, बिजुली पुऱ्याउने, लुम्बिनी विकास क्षेत्रको चारैतिर ढल-निकास बनाउने, विकास क्षेत्रलाई गुरु योजना अनुसार आकार प्रकार दिने, ४ लाख रुख लगाएर पूर्ण रुप दिने, भैरहवा देखि लुम्बिनीसम्मको पक्की सडक निर्माण इत्यादि आधारभूत कार्यहरू उहाँको कार्यकालमा पुरा भयो ।

सन् १९८६ (वि.सं. २०४३) मा लुम्बिनी विकास समिति विघटन गरेर 'लुम्बिनी विकास कोष' स्थापना गरियो । स्थापना कालदेखि लुम्बिनी विकास कोषको कार्यकारिणी समिति धेरै पटक परिवर्तन गरियो । वर्तमानमा लुम्बिनी विकास कोष अन्तर्गत नै लुम्बिनी गुरु योजना पुरा गर्ने कार्य हुँदैछ ।

बुद्धले संवेजनको निम्ति श्रद्धालु भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू बुद्धको जन्म स्थलमा आउनेछ भनी आज्ञा हुनु भएको थियो । अतः लुम्बिनी दर्शनीय स्थान हो, संवेजनीय स्थान हो । लुम्बिनीमा बुद्धको दर्शन गरेर मानिसले आफ्नो मनको मैलो पखाली शान्ति परमशान्तिको अनुभव गर्न सक्छ । आफ्नै श्रद्धा र स्वेच्छाले यहाँ संवेजन लिन आउने, पूजा गर्न आउने, गौरवान्वित हुनेहरू तथा लुम्बिनी दर्शन गरेको प्रभावबाट सुगति प्राप्त गर्नेहरूको पुण्य कथा पनि छन् । ऐतिहासिक प्रमाण अनुसार ह्वेनसांगले अशोकद्वारा निर्मित स्तूपको दर्शन गरेर शान्तिको अनुभव गरे । अभिलेखको प्रमाण अनुसार राजा रिपु मल्लले पनि लुम्बिनीमा आएर शान्तिको प्रेरणा पाए । लुम्बिनीप्रति श्रद्धाभिनन्दनको एउटा प्रमाण 'वन गज रत्न साल' अर्थात् ९८९ ने.सं.मा रचित प्रसिद्ध त्यो भजन हो, जुन भजन आज पनि उपत्यकाको बहाल बहालहरूमा भजन गरिन्छ- "जय नमो श्री बुद्ध भगवान लुम्बिनी वनस बिज्यात' अर्थात लुम्बिनी वनमा पाल्नु हुने बुद्ध भगवानलाई नमस्कार गर्दछु । यस भजनमा बुद्धको लुम्बिनी आगमनको वर्णन गरेको छ । यसरी शताब्दी शताब्दीसम्म असंख्य श्रद्धालुहरूबाट लुम्बिनीमा शान्तिको प्रेरणा प्राप्त गरे र गर्दैछन् ।

### (ख) बुद्धगयाः

बुद्धले बोधिज्ञान प्राप्त गर्नु भएको पवित्र स्थान उरुवेला (=बुद्धगया) वर्तमान विश्वको भूगोल अनुसार भारत देशको विहार राज्यमा पर्दछ । गयाको ६ मील दक्षिणपट्टि पर्ने बुद्धगया आज विश्वमा बौद्ध धर्मावलम्बी मात्र होइन सम्पूर्ण मानव जातिको लागि दर्शनीय तथा पूजनीय पवित्र स्थान बनेको छ । यस पवित्र स्थानमा थुप्रै स्मारकहरू बनेका छन् ।

चिनीया यात्री ह्वेनसांगको यात्रा विवरणले यस पवित्र तीर्थ स्थलको भूत कालको गौरव तथा वैभवको वर्णन गर्दछ । ह्वेन सांगको वर्णनमा यस स्थानमा सम्राट अशोकले यस स्थानमा मौलिक बौद्ध मन्दिर स्थापना गरेको सूचित गर्दछ ।



Downloaded from http://dhamma.digital



बुद्धगयामा सिद्धार्थले बोधिवृक्ष मुनि बुद्धत्व प्राप्त गर्नु भएको मूर्ति
(हाल धर्मकीर्ति विहारको नवनिर्मित भवनमा स्थापना गरिएको)

Downloaded from http://dhamma.digital

अशोकका धेरै शिलालेखहरू मध्ये एकमा उल्लेख छ, अशोकले आफ्नो राज्य अभिषेकको दश वर्ष पछि यस स्थानको भ्रमण गरे जसलाई शिलालेखमा सम्बोधि भनिएको छ। यो कुरो धेरै संभाव्य छ कि अशोकले यस धार्मिक पवित्र स्थानमा कुनै पवित्र बोधि मन्दिर बनाएको थियो। तर वर्तमानमा त्यस्ता कुनै चिन्ह भेटिदैन। इतिहासविदहरूको अनुसार इश्वीको २०० वर्ष पूर्व निर्मित बौद्ध मन्दिरहरू अशोकद्वारा निर्मित मध्येको प्रतिनिधित्व गरेको हुन सक्छ। बौद्ध मन्दिरको चारैतिर लुघुस्तम्भावली ग्यालरी भएको हुन सक्छ जहाँ अशोकको अभिलेखहरू कुँडिएको छ। मौलिक अभिलेखहरू, लुघुस्तम्भहरू काठमा कुँडिएको पछि ढुंगामा अनुवाद गरिएको हुन सक्छ। वर्तमानमा बुद्धगयामा जुन बोधि मन्दिर देख्छौं त्यो पछि बनाइएको हो। यो मन्दिर धेरै पटक पुनर्निर्माण गरीसक्यो। ह्वेनसांगको यात्रा विवरण अनुसार यस बोधि मन्दिर आज देखिएको स्वरूपमा सातौं शताब्दीमै स्थापित भइसकेको थियो।

आज बुद्धगयामा अवस्थित महाबोधि मन्दिर १६० फीट अग्लो छ। पिरामिड आकारमा बनिएर टुप्पोमा स्तूप छ। मन्दिरको प्रवेशद्वार पूर्वपट्टि रहेको छ जुन मौलिकभन्दा बेग्लै बनिएको हुन सक्छ। मन्दिरको चारै दिशामा भित्रि पर्खाल बेरिएको छ र मन्दिरको प्रमुख स्वरूप (front face) तिर यस पवित्र स्थानमा प्रवेश गर्ने एउटा अग्लो भालाकाराग्र ढोका (lancet) निर्माण गरिएको छ। मन्दिरको आधारमा गजूरको लघु आकृतिको प्रतिलिपि गरी चारै कुनामा कलश बनाइएको छ।

मन्दिर भित्र भगवान बुद्धले भूमि स्पर्श गरी बोधिज्ञान प्राप्त गरेको प्रमाण दिँदाको भूमि स्पर्श मुद्राको सुनको गिल्ती गरिएको मूर्ति सुरक्षित राखिएको छ। मन्दिरको उत्तरपट्टि जमीन तह भन्दा चार फुट माथि उठ्ने गरी संगतराशी ढुंगाको सतह क्षेत्र बनाइएको छ जहाँ भगवान बुद्धले बुद्धत्व प्राप्त गरेपछि एक सप्ताह सम्म चंक्रमण ध्यान गरेको भनिन्छ। भगवान बुद्धले पाइला टेक्नु भएको ठाउँमा चमत्कारी ढंगले फूल उम्रेको संकेत गर्न त्यस सतह माथि श्रृंगारात्मक सजावत गरिएको छ। यस सतह भन्दा पर मन्दिरको पश्चिमतिर पवित्र स्थान मानी रातो चेप्टो ढुंगा सुरक्षित बनाइएको छ जहाँ बसेर भगवान बुद्धले सम्यक सम्बोधिज्ञान प्राप्त गर्नु भएको थियो। बुद्ध गया क्षेत्रमा अग्लो शंक्वाकार महाबोधि मन्दिर बनाउनको निम्ति पूर्वपट्टि निर्माण गर्दा बुद्धले बोधिज्ञान प्राप्त गरेको पवित्र स्थान र बोधिवृक्ष मन्दिरको पछाडि पट्टि पर्न गएको छ।

मन्दिरको चारैतिर धेरै पुरानो अर्थात कुनै २०० वर्ष इ.पू. को तथा कुनै गुप्त वंशतिरको अवशेषहरू अवस्थित छन्। त्यहाँ अझै पनि थुप्रै राम्रा मूर्तिहरू, संवृद्ध रुपमा सजाइएको स्तूपहरू अवस्थित छन् जुन दृष्यले भ्रमण गर्ने तीर्थयात्रीहरूको मन



Downloaded from http://dhamma.digital

प्रफुल्लित पार्दछ । मन्दिर क्षेत्रको वरिपरिको हातामा सातवटा पवित्र शुद्ध स्थान अवस्थित छन् जुन स्थानले बुद्धको जीवनीको उल्लेखित भए अनुसार भगवान बुद्धले बुद्धत्व प्राप्त गरेपछि मन हर्ष विभोरित भएर एक एक स्थानमा एक एक सप्ताह बिताउनु भएको स्थानको प्रतिनिधित्व गर्दछ ।

## (ग) सारनाथ:

सारनाथमा भगवान बुद्धले प्रथम धर्म उपदेश दिनु भएको थियो । अत: यो स्थान बुद्धको धर्मको जन्म भएको स्थान भएर २५०० वर्ष अघि देखि बौद्ध धर्मावलम्बीहरूको लागि पवित्र स्थान रही आएको छ । शिलालेखले भन्छ ऐतिहासिक बौद्ध लेखकहरूले यस स्थानलाई धर्मचक्र-प्रवर्त्तन विहार भन्ने गर्छ । भगवान बुद्ध परिनिर्वाणको केही शताब्दीसम्मको यस मृगदावनको बारे खासै थाहा पाइएतापनि अरु बौद्ध तीर्थस्थलहरूमा जस्तै यहाँ पनि अशोकको समयपछि यसको महत्ता जागृत गरियो । सम्राट अशोकले एउटा स्तम्भको साथै स्मारकहरू खडा गरेका थिए जसमा संघभेद नहोस् भनी चेतावनी लेखिएको थियो । चिनीया यात्री फाहियानले पाँचौ शताब्दीमा र ह्वेनसांगले सातौं शताब्दीमा यस स्थानको यात्रा गरेर यसको बारेमा महत्वपूर्ण तथ्यहरू आ-आफ्ना यात्रा विवरणमा लेखेर छोडेर गएका छन् । त्यसपछि पनि यस पवित्र स्थलसँग सम्बन्धित मन्दिरहरू इमारतहरू बनेको, त्यसको पुनर्निर्माण भएको, यस क्षेत्रको विकास भएको शिलालेखहरू भेटिएको छ । ती मध्ये सबभन्दा पछिको १२ औं शताब्दीको मध्यतिर कनौजका महाराजा गोविन्दचन्द्रका महारानीहरू मध्ये एक कुमारादेबीले भेट्टाएको  धर्मचक्र प्रवर्त्तनको मन्दिर हो ।

सारनाथमा भेटिएको भग्नावशेषले ठूलो क्षेत्र ओगेको छ । भारतीय पुरातत्व विभागले यस क्षेत्रको धेरै उत्खनन् गरीसकेको छ तथा थुप्रै कलात्मक स्मारक, मूर्तिहरू भेटिएको छ । स्थानीय भाषामा चौखण्डी भनिने अष्टकोणीय माटाको सानो पहाड जस्तो बनाइएको ढुंगाको ढिस्को (Mound) ले यात्रुको आँखा तान्छ । भगवान बुद्धले बोधिज्ञान प्राप्त गरेपछि गयादेखि ऋषिपतन मृगदावनमा पञ्च भद्रवर्गीय भिक्षुहरूलाई धर्म उपदेश दिन जाँदा पहिले ती पाँचजना भिक्षुहरूलाई भेटेको स्थानको प्रतिनिधित्व गर्न बनाइएको स्तुपको भग्नावशेष नै त्यो माटोको ढिस्को (Mound) हो ।

यसको आधा मीलजति उत्तर तिर मृगदावन छ जहाँ त्यस बखत अर्थात यसको मौलिक महत्वको दिनमा ठूल ठूला भवनहरू भएको हुनुपर्छ । अहिले सबै भग्नावशेष बाँकि छ र चर्किएको धम्मिक स्तुप छ । हाल त्यस क्षेत्रमा खुला रुपमा छोडिएको देखिने भग्नावशेषले त्यस क्षेत्रमा मन्दिर तथा स्तूपहरू भएर गएको



Downloaded from http://dhamma.digital



सारनाथमा भगवान बुद्धले प्रथम धर्म उपदेश (धर्मचक्र प्रवर्त्तन) दिनु भएको मूर्ति
(हाल धर्मकीर्ति विहारको नवनिर्मित भवनमा स्थापना गरिएको)

Downloaded from http://dhamma.digital

देखाउँछ। तिनीहरूको निर्माण विभिन्न ऐतिहासिक समयको भएको थाहा हुन्छ तथा सबभन्दा पुरानो अशोकले निर्माण गरेको सम्म देखिन्छ। कुनै कुनै भवनहरूमा समय समयमा मरम्मत तथा पुनर्निर्माण भएको पनि थाहा हुन्छ।

ह्वेन सांगले देखेको अशोकको स्तूप एउटा ठूलो ढुंगाको स्तूपको भग्नावशेषबाट चिनिएको छ। यो स्तूप अवस्थित रहेको स्थान नै भगवान बुद्धले सर्वप्रथम धर्मचक्र प्रवर्तन गर्नु भएको स्थान हुनुपर्छ। यसको अलिपर उत्तर तिर अशोक स्तम्भको टुक्रा भएको ठुटो रहेको छ। भारतको सारनाथतिरको पुरातात्विक संग्रहालयमा राखिएको धर्मचक्र विशाल चार सिंहको टाउको राखिएको ढुंगा यसैको भाग हुनु पर्छ। यही मूर्तिको स्वरूप चिन्ह (Lion Capital) नै वर्तमान भारतको राष्ट्रिय चिन्ह रहेको छ।

मुख्य तीर्थ स्थानको पूर्वतिरबाट एउटा पक्की प्रांगन छ जसमाथि थुप्रै स्तूपहरूको विभिन्न आकारको भग्नावशेष छन्। उत्तर दक्षिणतिर क्रमबद्धसँग मठहरू स्थापित छन्। सारनाथमा भेटिने अवशेषहरू मध्ये सबभन्दा महत्वपूर्णको धम्मिक स्तूप (थुबे) नै हो जुन यस स्थानको दक्षिण-पूर्वतिर अवस्थित छ। अहिले चर्किइसकिएको भएतापनि यो अझै १४३ फुट अग्लो छ। आठवटा जब्बर खम्बा माथि उभ्याइएर भारी ढुंगाले गोलाकार गरी बनाइएको यो स्तूप खासै एक ठोस निर्माण हो। धम्मिक भन्ने आधुनिक नाम संस्कृत शब्द धर्मेक्षबाट आएको हुनुपर्छ जसको माने 'धर्मको विवेचना' हो। पश्चिमतिर अवस्थित अशोकको धर्मराजिक स्तूपकै पंक्तिमा देखिएकोले यस स्तुपको प्रारम्भिक स्वरूप अशोककै पालाको हुन सक्छ।

सारनाथ क्षेत्रमा रहेका ऐतिहासिक भग्नावशेष तथा स्मारकहरूका अलावा वर्तमानमा महाबोधि सोसाइटिले निर्माण गरेको मूल गन्धकुटि विहार तीर्थयात्रीहरूको लागि आकर्षक केन्द्र बनेको छ। तक्षशिला नागार्जुनकुण्ड, सिन्धमा मिरपुरखसमा भेटिएको बौद्ध अवशेषहरू यहाँ सुरक्षितसाथ राखिएको छ।

सारनाथ क्षेत्रमा पत्ता लगाइएका थुप्रै मूर्ति, परभूमिगठित मूर्ति (Bas-Reliefs) काठका अंशहरू, शिलापत्रहरू, माटाका भाँडाकुडाहरू तथा अन्य वस्तुहरू निर्विवाद रुपमा बुद्ध धर्म सँग सम्बन्धित छन् तथा ३०० वर्ष इशा पूर्वदेखि १२ औं शताब्दीको बिच १५०० वर्ष समय अवधिको पर्दछ। यी महत्वपूर्ण बस्तुहरू नजिकै एउटा संग्रहालयमा सुरक्षित राखिएका छन्। अशोक खम्बाको टुप्पो रहेको चार सिंह मूर्ति भएको मूर्ति (Lion Capital) संग्रहालयमा सबैभन्दा मानपूर्वक राखिएको छ। यही प्रतिमूर्तिलाई आज भारतले शान्ति सन्देश तथा



Downloaded from http://dhamma.digital

कल्याण कामनाको चिन्हको रुपमा विश्व सामू राखेको छ । संग्रहालयमा भएको संग्रह मध्ये भगवान बुद्धको धर्मचक्र मुद्रामा रहेको ढुंगाको मूर्तिले अझै प्रमुख महत्वपूर्ण राख्दछ ।

## (घ) कुशिनगरः

भगवान बुद्धले अस्सी वर्षको उमेरमा दुई शाल रुख बिच महापरिनिर्वाण हुनु भएको स्थान कुशिनगर वा कुशिनारा बौद्ध धर्मावलम्बीको लागि अति पवित्र स्थान रहँदै आएको छ । वर्तमान विश्वको भूगोलमा यो पवित्र स्थान भारत देशको उत्तर प्रदेश, गोरखपुर जिल्लाको कसया गाउँमा पर्दछ ।

भगवान बुद्धको जीवनीको महत्वपूर्ण घटनासँग सम्बन्धित अन्य पवित्र तीर्थ स्थानहरूजस्तै कुशिनगर पनि शताब्दीयौं देखि श्रद्धालु तीर्थयात्रीहरूको लागि दर्शनीय, पूजनीय पवित्र स्थान रहँदै आएको छ । तर कुनै कारणवश किन हो यो स्थान बुद्ध शासनको प्रारम्भिक इतिहासमा उपेक्षित रह्यो । चिनीया यात्री फाहियान र ह्वेनसांग दुबै जनाले यस महत्वपूर्ण स्थानमा परेको भग्नावशेषहरूको उल्लेख गरेका छन् । यस स्थानको उत्खनन्मा फेला पारिएका अवशेषहरू टुक्रा, अपूर्ण तथा आंशिक छन् । तर यस स्थानमा खडा रहेको परिनिर्वाण चैत्यको उल्लेख रहेको शिलापत्रको खोजीबाट भने यो स्थानको पवित्र महत्व बारे कुनै शंका रहन्न । अशोकले निर्माण गरेको भनी उल्लेख भएको परिनिर्वाण चैत्य भने भेटिएको छैन । शिलालेखमा उल्लेखित परिनिर्वाण चैत्य शिलालेखमा उल्लेखभएको तिथि अनुसार भारतको गुप्तवंशको बेलाको पर्दछ । त्यति बेला परिनिर्वाण चैत्य निर्माण गरिंदा अशोकले बनाएको चैत्य त्यसै मुनि गाडिएको पनि अनुमान गरिन्छ । कुशिनगर क्षेत्रमा बाँकि रहेका अन्य धार्मिक इमारतहरू मध्ये 'मठ कुँवरका कोट' रहन्छ जहाँभगवान बुद्धको परिनिर्वाण शैय्यामा लेटेको मूर्ति पवित्र मानीकन सुरक्षित साथ राखिएको छ । यो मूर्ति आंशिक रुपमा फेला परेको थियो र श्री कार्लेल (Mr. Carllegle) ले बडो दक्षतापूर्वक पुन: स्थापना गरेको थियो । भगवान बुद्ध परिनिर्वाण भइसकेपछि उहाँको दाह संसकार गरिएको तथा उहाँको शरीरको पवित्र अस्थिधातु आठ बराबर भागमा बाँडिएको स्थानमा निर्मित स्तुप संभवत: आज उक्त स्थानमा देखिने सानो माटोको ढिस्को हुन सक्छ जुन ठाउँलाई आज स्थानीय भाषामा रमाभार (Ramabhar) भनिन्छ । यस माटोको डाँडोको राम्रो छानवीन तथा अनुसन्धान भएमा यहाँबाट ऐतिहासिक महत्वका तथ्यहरू पत्ता लाग्ने अनुमान छ ।



Downloaded from http://dhamma.digital



कुशिनगरमा भगवान बुद्ध महापरिनिर्वाण हुनु भएको मूर्ति (हाल धर्मकीर्ति विहारको नवनिर्मित भवनमा स्थापना गरिएको)

Downloaded from http://dhamma.digital

**सन्दर्भ सामग्रीहरू**

१) अनाथपिण्डिक, भिक्षु प्रज्ञारश्मि, प्रकाशक- उपासिका चम्पावती बनिया, वि.सं. २०२६, बु.सं. २५१३

२) बुद्धकालीन राजपरिवार, भिक्षु अमृतानन्द, प्रकाशक- आनन्दकुटी विहार गुठी, वि.सं. २०२९, बु.सं. २५१५

३) बुद्धकालीन गृहस्थीहरू, भिक्षु अमृतानन्द, प्रकाशक- आनन्द कुटी विहार गुठी, वि.सं. २०२९, बु.सं. २५१६

४) बुद्ध जीवनी, भिक्षु अमृतानन्द, प्रकाशक- धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०३८, बु.सं. २५२५

५) बौद्ध दर्पण, प्रकाश बज्राचार्य, प्रकाशक- बुद्ध जयन्ती समारोह समिति तथा धर्मकीर्ति प्रकाशन, वि.सं. २०५३, बु.सं. २५४०

६) लुम्बिनी, भिक्षु सुद्धर्शन, प्रकाशक- तीर्थमुनि शाक्य, नानी शाक्य, वि.सं. २०३६, बु.सं. २५२३

७) लुम्बिनीको काखमा, भिक्षु सुद्धर्शन, प्रकाशक- हिमाली बौद्ध प्रशिक्षण संस्थान, वि.सं. २०५५, बु.सं. २५४२

८) लुम्बिनीया किचलय्, भिक्षु सुद्धर्शन, प्रकाशक- मोनाज अफसेट प्रेस, वि.सं. २०५३, ने.सं. १११६

९) विशाखा चरित्र, भिक्षु प्रज्ञारश्मी, प्रकाशक- लेखक स्वयं, बु.सं. २५२४

१०) Lumbini : The Birthplace of Buddha, UN, New York, 1979

११) 2500 years of Buddhism, Prof. P.V. Bapat and S. Radhakrishnan, Published by: The Publications Division, Ministry of Information and Broadcasting, Goverment of India, 1959.



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# (द्वितीय खण्ड)

Dhamma.Digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति विहार भवनः स्थापना कालदेखि आजसम्म

## (क) धर्मकीर्ति विहार स्थापनाको पृष्ठभूमिः

नेपालमा भएका थेरवाद विहारहरू मध्ये धर्मकीर्ति विहार पनि एक हो । काठमाडौंको न:घलटोल श्रीघः चैत्यको उत्तरपट्टि अवस्थित धर्मकीर्ति विहार करीब ६० फीट x ६२ फीटको जग्गामा निर्मित छ । वि.सं. २०२७ सालमा स्थापना भएको यस थेरवादी विहारमा भिक्षुणी तथा अनगारिकाहरू बसोबास गर्नुहुन्छ ।

धर्मकीर्ति विहारको स्थापनाको कुरा गर्दा सर्वप्रथम यस विहारका संस्थापक भिक्षुणी धम्मवतीको नाम उल्लेख गर्न जरुरी हुन आउँछ । धर्मकीर्ति विहारको स्थापना देखि यसको संचालन तथा संरक्षण सबै पक्षमा भिक्षुणी धम्मवती पूर्ण रुपमा समर्पित हुँदै आएको सर्वविदित छ । धर्मकीर्ति विहार स्थापनाको पछाडि उहाँको जीवनीसँग सम्बन्धित केही कुराहरू जान्नु उपयुक्त देखिन्छ ।

श्रद्धेय भिक्षुणी धम्मवती आजको एक विशिष्ट धार्मिक पथप्रदर्शक हुनुहुन्छ । विशेषतः थेरवादी बुद्ध धर्ममा उहाँ वर्तमानकी एक आदर्श नारी हुनुहुन्छ । वि.सं. २०२० सालमा बर्माबाट बुद्ध धर्मको अध्ययन पूरा गरेर नेपाल फर्कि आउनु भएका भिक्षुणी धम्मवती विगत ३८ वर्ष यतादेखि निरन्तर रुपमा बुद्ध शिक्षा प्रचार प्रसारको साथसाथै बुद्ध धर्म सम्बन्धि हरेक क्रियाकलापमा आफैलाई समर्पित गर्दै आउनु भएको छ ।

उहाँको जन्म वि.सं. १९९१ सालमा पाटनमा भएको हो । त्यसबखत गणेश कुमारी नामले चिनिएकी उहाँ बालिका अवस्थादेखि नै बुद्ध शिक्षा अध्ययनको तिब्र बौद्धिक प्यास बोकी यता उती भौंतारिन थाल्नु भयो । नेपालमै बसेर आफूले चाहेजस्तो बुद्ध धर्म अध्ययन गर्ने परिस्थिति नदेखेपछि विदेशमा गएर अध्ययन गर्ने कुरो उठाएर परिवारका सदस्यलाई पिरोल्न थाल्नु भयो । त्यसबेलाको पिछडिएको समाजका संकुचित मनोवृत्तिका परिवार आफ्नि एक्लि सानी छोरीलाई विदेश पठाएर पढाउन तयार थिएन । गणेश कुमारीले अनेकौं प्रयास गर्नु भयो । आखिरमा केही भिक्षुहरू तथा साथीहरूको सहयोग लिएर चौध वर्षको सानो उमेरमा घरबाट भाग्नु भयो अर्थात् विद्याको खोजीमा घर त्याग्नु भयो । अनेकौं दु:ख कष्ट सही भारत पुगी



Downloaded from http://dhamma.digital

वि.सं. २००६ सालमा कुशिनगरमा प्रव्रजित हुनु भयो। भारतबाट बौद्ध देश बर्मा गएर अध्ययन गर्नको लागि प्रयास गर्दा गर्दै परिस्थिति नमिलेकोले आसाम र नागलैण्डको जंगली बाटो भएर बर्मा जान तयार हुनु भयो। त्यस्तो कलिलो उमेरमा अदम्य साहस बटुलीकन घनघोर जंगलको बाटो पार गरी आखिरमा बर्मा पुग्नु भयो।

बर्मामा रहुञ्जेल सँधै एक जेहेन्दार छात्राको रुपमा परिचित हुनु भयो। बर्मामा १२ बर्षको अध्ययन काल पुरा भएपछि 'शासन धज धम्माचरिय' जस्तो अति उच्च स्तरको उपाधि हासिल गर्नु भयो जसको अर्थ हो 'बुद्ध शासनको ध्वजा फरफराउन सक्षम'। त्यसपछि २ वर्ष बर्मामै अध्यापनको कार्यमा समय बिताउनु भयो।

वि.सं. २०२० सालमा अनगारिका रत्न मञ्जरी र बर्मी नागरिक अनगारिका मा गुणवतीका साथ स्वदेश फर्कनु भयो। नेपालमा फर्किनु भएपछि तुरुन्तै बुद्ध धर्म प्रचारको कार्यमा ब्यस्त हुनुभयो। शुरु शुरुमा उहाँहरूलाई बस्नको लागि कुनै आवासको बन्दोबस्त भएन। अत: पाटन, हौगलस्थित अनगारिका धम्मवतीको बुबा हर्षमान शाक्यको घरमा २ महिना उहाँहरूको बसाँइ भयो। त्यसताका भिक्षु सुमंगलद्वारा काठमाडौंको गणबहालस्थित थेरवादी बौद्ध विहार "गणमहाविहारमा" स-साना बालबालिकाहरूलाई बौद्ध शिक्षा अध्यापनको कक्षाहरू संचालन गरी राख्नु भएको थियो। संचालक भिक्षु सुमंगल जापानको यात्रामा जानुपर्ने भयो। आफू जापान जानु अघि भिक्षु सुमंगलले बाल बालिकाहरूको सो कक्षा संचालन गर्ने अभिभारा उहाँ तीनजना अनगारिकाहरूलाई नै सुम्पिनु भयो। त्यसपछि उहाँ अनगारिकाहरूले काठमाडौंको ज्या:बहालस्थित भाजुरत्न, ज्ञानमानको घरमा बसेर बाल बालिकाहरूको कक्षा संचालन गर्नुका साथै अनगारिका धम्मवतीले काठमाडौं, ललितपुर र भक्तपुरको टोल टोलमा प्रवचन दिँदै बुद्ध धर्मको प्रचारमा तिव्रता ल्याउँदै आफ्नो कदम अगाडि बढाउनु भयो। यसै बिच गुंला (श्रावण शुक्ल र भाद्र कृष्णको एक महिना जसलाई नेपालका बौद्धहरू धर्म गर्ने विशेष महिना मान्छन्) एक महिना भरि बुद्धपूजा र धर्म देशनाको संचालन गर्नु भयो। त्यस बखत उहाँहरूको बसाँइ काठमाडौंको केलटोल, त:खाछेँ स्थित दानलक्ष्मी कंसाकारको घरमा भयो।

यस प्रकार अनगारिका धम्मवतीको धर्मदेशनाबाट प्रभावित भई धर्म देशना श्रवण गर्न आउने उपत्यका वासीहरूको संख्यामा निकै वृद्धि हुँदै गयो। अत: अनगारिकाहरूलाई बस्न र धार्मिक कार्यक्रमहरू संचालन गर्नको लागि एउटा स्थायी स्थानको आवश्यक भएको महशूस सबैले गरे। त्यस अनुसार शहरको बिचैमा



Downloaded from http://dhamma.digital

न:घलटोल, श्रीघ:स्थित श्री रत्न बहादुर मालीको ६० फिट लम्बाई र ३१ फिट चौडाई भएको जग्गा खरिद गर्ने निर्णय गरियो । अनगारिका धम्मवतीका पिता हर्षमान शाक्यले जग्गाको मूल्य तिर्न रू. ३०००/- उपलब्ध गराउनु भयो । जग्गा खरिदको रजिष्ट्रेशन पास गर्न रू. ५००/- काठमाडौं ज्याबहालका चतुररत्न शाक्यले दिनु भएको थियो । यस प्रकार जग्गा प्राप्त भएपछि जग्गामा विहार बनाउने उपासक उपासिकाहरूको मनसाय अनुरूप असनका लक्ष्मीप्रभा तुलाधर, जमलका केशरी लक्ष्मी कंसाकार र त:खाछेँका दानलक्ष्मी कंसाकारको विशेष सहयोगका साथै अन्य उपासक उपासिकाहरूको सहयोगमा रू.६५०००/- को लागतमा ४२ फिट लम्बाई र २१ फिट चौडाई भएको एक तल्ले भवनको निर्माण भयो ।

काठमाडौंको मरु टोलका हेरालानी ताम्राकार नामकी उपासिकाले धम्मवती गुरुमांको तर्फबाट धर्म प्रचार गर्ने उद्देश्यले बनाइएको यस विहारको नाम "धर्मकीर्ति' राख्दा उपयुक्त होला भनी सुझाव दिँदा यो सुझाव सबैले उपयुक्त ठानी "धर्मकीर्ति' नै नामाकरण गर्ने निर्णय गरियो । 'धर्मकीर्ति विहार' भनी नामाकरण गरी वि.सं. २०२२ बैशाख २६ गते शनिवारका दिन विहारको समुद्घाटन गरियो ।

## (ख) धर्मकीर्ति विहार भवनको विकासक्रम:

धर्मकीर्ति विहारमा धर्म श्रवण गर्न आउने श्रद्धालुहरूको संख्या दिनपर दिन बढ्दै गएकोले ठूलो संख्यामा जम्मा हुने श्रद्धालुहरूको लागि विहार निकै सानो भयो । विस्तारै अनगारिकाहरू लगायत विभिन्न दाताहरूको सहयोगबाट एक तल्ले विहारमा तल्ला थप्नुको साथै कोठाहरू पनि थपिँदै गयो । धर्मकीर्ति विहार लाई समयको माग अनुसार ठाउँ ठाउँमा भत्काइयो र पुन: निर्माण गरियो । आवश्यकता अनुसार भान्छा, कोठा, हल, शौचालय, धारा इत्यादि सुविधाहरू थपिँदै लगियो । विहार भवनको निर्माण क्रमलाई केलाई हेर्दा निम्न अनुसार विकास भएको पाइन्छ ।

वि.सं. २०२४ सालमा डिल्ली बजारका हेराकाजी राजकर्णिकारको सहयोगबाट पूर्वपट्टि भान्छा कोठा बनाइयो र बिजुलि पनि जडान गरियो ।

वि.सं. २०२५ सालमा नन्दलाल जोशीको सहयोगबाट धारा र स्नान कक्ष बनाइयो । वि.सं. २०२५ सालमै अनगारिका धम्मवतीकि आमा हेराथकुं र भाई मोतिकाजि शाक्यको सहयोगबाट २१'X१०' को ठाउँ ओगटी भवनमा एक तल्ला थपियो ।

विहारमा हुने बुद्धपूजा तथा अन्य धार्मिक कार्यक्रमहरू संचालन हुँदा श्रद्धालु उपासक उपासिकाहरू एउटै कोठामा कोचाकोच गरी बस्नु परेकोले त्यस कोठालाई



Downloaded from http://dhamma.digital

हलको रुपमा परिवर्तन गर्नुपर्ने अति आवश्यक भयो । यस कारण वि.सं. २०२८ सालमा भुइँ तल्लामा अनगारिकाहरू सुत्ने कोठालाई हल बनाइयो र अनगारिकाहरू सुत्नका लागि पूर्व उत्तरतिर एउटा कोठा पनि थपियो । त्यो सालको निर्माण कार्यमा विशेष सहयोग गर्ने उपासक उपासिकाहरूमा डिल्ली बजारका हेराकाजी, ज्याठाका कुलिशरत्न, बांगेमुढाका जुजुरत्न र बुद्ध पूजामा सहभागी हुने उपासक उपासिकाहरूको पनि सहयोग रहेको थियो ।

वि.सं. २०३० सालमा जनबहालका हेरादेवी कंसाकारको सहयोगमा प्रथम तल्लाको पूर्व-दक्षिणतिर थप एउटा कोठा बनाइयो । यही सालमा ज्याठाका ताराशोभाको सहयोगमा यसै तल्लामा अर्को एउटा सानो कोठा थपियो ।

वि.सं. २०३२ सालमा धर्मकीर्ति विहार भवनको स्वरूप ठूलो आकारमा विस्तार भयो । ज्याठाका हर्षरत्न स्थापित र सानुरत्न स्थापितको सहयोगमा प्रथम तल्लाको पश्चिमतिर बुद्धमूर्ति सहितको भव्य रुपमा एउटा हल निर्माण गरियो । उक्त हल विहारमा पाल्नु हुने श्रद्धेय विदेशी भिक्षुगण, विदेशी अतिथिहरू तथा गन्यमान्य व्यक्तिहरूको आतिथ्य तथा स्वागत सत्कारको निम्ति प्रयोग हुँदै आयो । साथै धर्मकीर्ति विहारको उच्चस्तरीय वैठकहरू बस्ने थलोको रुपमा उक्त हलको प्रयोग गरियो । उहाँ दाताहरूकै सहयोगमा विहारमा दोश्रो तल्ला पनि थपियो जसमा अर्को तीनवटा कोठाहरू बनाइयो ।

वि.सं. २०३४ सालमा आएर धर्मकीर्ति विहार भवन अझ ठूलो रुपमा विस्तार गरियो । जमलका मणिहर्ष ज्योति र केशरी लक्ष्मी कंसाकारको सहयोगमा करीब ६०'X३१' को जग्गा सहित उत्तर पट्टि भुइँ तल्लामा ठूलो भान्छा कोठा र एउटा ठूलो कोठा निर्माण गरियो । यस ठूलो भान्छा कोठाको निर्माण भएपछि विहारमा आएर भिक्षु तथा भिक्षुणीहरूलाई श्रद्धापूर्वक भोजन तथा जलपान दान गर्न आउने श्रद्धालु उपासक उपासिकाहरूको लागि ठूलो सुविधा भयो । साथै भुइँ तल्लामा निर्मित अर्को कोठा 'धर्मकीर्ति पुस्तकालय' को लागि प्रयोगमा ल्याइयो ।

त्यति बेलासम्म धर्मकीर्ति विहारको दक्षिणतिरको प्रवेश द्वारमा दायाँ बाँया सानो बगैंचा सजाइएको थियो । बिहारमा बुद्धपूजा तथा धर्म देशना सुन्न आउने श्रद्धालु उपासक उपासिकाहरूको घुइँचोको चाप बढेपछि बगैंचालाई हलको रुपमा विस्तार गर्ने आवश्यकता देखियो । अत: वि.सं. २०३७ सालमा डिल्लीबजारका हेराकाजी राजकर्णिकार र मरुका आशामाया राजकर्णिकारको सहयोगमा हलको दक्षिणतिरको भिट्टा फोडी बगैंचालाई पनि हल कोठामै गाँसियो र बगैंचाको माथिपट्टि छट लगाई कौसी बनाइयो ।



Downloaded from http://dhamma.digital




बि.सं. २०२८ सालमा हेराकाजी, कुलिशरत्न, जुजुरत्न र बुद्धपूजाका सहभागी उपासक-उपासिकाहरूको सहयोगमा भुइँ तल्लामा बनेको हलको मूल ढोका र बाहिर पट्टिको बगैंचाको भाग



बि.सं. २०२८ सालमा हेराकाजी, कुलिशरत्न, जुजुरत्न र बुद्धपूजामा सहभागी उपासक-उपासिकाहरूको सहयोगमा भुइँ तल्लामा बनेको हल (कौसीको मुनि देखिएको छ। बाहिरबाट खिचिएको तस्विर)

Downloaded from http://dhamma.digital



बि.सं. २०२५ सालमा अनगारिका धम्मवतीकी आमा हेराथकुं र भाई मोतिकाजी शाक्यको सहयोगमा २१'x१०' को ठाउँ ओगटी भवनमा एक तल्ला थपिएको कोठा (बाहिरबाट खिचिएको तस्वीर)

Dhamma Digital



बि.सं. २०३० सालमा हेरादेवी कंसाकारको सहयोगमा पहिलो तल्लाको पूर्व-दक्षिणतिर बनाइएको कोठा (तस्वीरमा कौसीको बाँया पट्टि बाहिरबाट देखिएको झ्याल भएको कोठा)

Downloaded from http://dhamma.digital



बि.सं. २०३२ सालमा हर्षरत्न स्थापित र सानुरत्न स्थापितको सहयोगमा
पहिलो तल्लाको पश्चिमतिर बनेको हल



बि.सं. २०३२ सालमा हर्षरत्न स्थापित र सानुरत्न स्थापितको सहयोगमा
दोस्रो तल्लाको कौसीमा बनिएको तीनकोठा (बाहिरबाट खिचिएको तस्वीर)

Downloaded from http://dhamma.digital



बि.सं. २०३७ सालमा हेराकाजी राजकर्णिकार र आशामाया राजकर्णिकारको सहयोगमाा दक्षिणतिरको बगैंचालाई पनि हलमै गाँसेर बनाइएपछिको धर्मकीर्ति विहारको ठूलो हल । तस्विरमा बि.सं. २०३८ सालमा हलमा स्थापित तीनवटा बुद्धमूर्तिहरू देखिएका छन् ।



बि.सं. २०४० सालमा भीमबहादुर र दिलमायाको सहयोगमाा पहिलो तल्लाको दक्षिणतिर भएको कौसीमा छत लगाई बनाइएको कोठा

Downloaded from http://dhamma.digital




बि.सं. २०४८ सालमा भीमबहादुर र दीलमायाको सहयोगमा दोस्रो तल्लाको कौसीमा दक्षिण-पूर्वतिर छत लगाई बनाइएको कोठा



बि.सं. २०४५ सालमा भिक्षुणी धम्मवतीकी आमा हेराथकुंको पुण्य स्मृतिमा भिक्षुणी धम्मवती र उहाँका भाई मोतिकाजीको सहयोगमा दोश्रो तल्लाको उत्तरपट्टी बनाइएको कोठा

Downloaded from http://dhamma.digital



सानुरत्न स्थापितको सहयोगमा पुरानो धर्मकीर्ति विहारको कौसीमा बनाइएको चैत्य



बि.सं. २०४८ सालमा भीम बहादुर र दिलमायाको दोश्रो तल्लाको कौसीमा कोठा निर्माण गर्नुभन्दा पहिलेको धर्मकीर्ति विहारको स्वरूप

Downloaded from http://dhamma.digital

वि.सं. २०३८ सालमा सोही नवनिर्मित ठूलो हलमा उत्कृष्ट बुद्ध मूर्तिहरू स्थापना गर्ने कार्य भयो। हलमा सुनको जलप लगाइएको तामाको अभयदान मुद्राको उत्कृष्ट बुद्धमूर्ति स्थापना गरियो। उक्त मूर्ति बनाउँदा कुनै एकल दाताको सहयोगमा निर्माण गर्नु भन्दा विहारमा पूण्य कार्य गर्दै आएका सम्पूर्ण उपासक उपासिकाहरूको सहभागितामा बनोस् भन्ने भिक्षुणी धम्मवतीको सदिच्छा अनुरूप सबै उपासक उपासिकाहरूबाट चन्दा संकलन गरी रकम जुताइएको थियो । सोही सालमा उक्त मूर्तिको दायाँपट्टि एउटा बुद्धमूर्ति बर्माका दो.चि.चि.को सहयोगमा र बाँयापटि काठमाडौं, गोफलका चन्द्रमायाको सहयोगमा अर्को एउटा बुद्धमूर्ति स्थापना गरियो।

वि.सं. २०४० सालमा आएर पुन: कोठा थप्ने कार्य भयो । धर्मकीर्ति विहारमा आउने उपासक उपासिकाहरूको साथसाथै विहारमा बसोबास गर्ने अनगारिकाहरूको संख्या पनि बढ्दै गएको थियो । अत: अनगारिकाहरूलाई निवास स्थानको विस्तार गर्नु आवश्यक थियो । अत: यस सालमा मासंगल्लीका भिम बहादुर र दिलमायाको सहयोगमा भुइँ तल्लामा भएको हलको दक्षिणतिर भागमा छत लगाइएको कौसीलाई कोठाको रुपमा निर्माण गरियो । कौसीमा छत लगाई कोठाको रुपमा बनाइएपछि विहारमा बसोबास गर्ने अनगारिकाहरूलाई सुविधा भयो।

ठूलो संख्यामा मानिसहरू जम्मा हुने हुँदा भोजनको कार्य तथा शौचालयको सरसफाइको निम्ति विहारमा पानीको अभाव हुन थाल्यो । अत: यस समस्यालाई सुल्भाउन वि.सं. २०४० सालमा तंलाछीका अष्टमाया महर्जन र मोहन महर्जनको सहयोगमा ट्यूबवेल बनाइयो।

वि.सं. २०४१ सालमा ठूलो संख्यामा भोजन प्रदान कार्य हुँदा सुविधा पुऱ्याउने हिसाबमा भुइँ तल्लाको पश्चिम छेउमा भोजन पकाउने भान्छाको टहरा बनाइयो। यसको लागि धर्मकीर्ति विहारका आजीवन सदस्यहरूको कोषको ब्याजबाट रकम जुटाईएको थियो।

वि.सं. २०४३ सालमा पुन: मासंगल्लीका भीम बहादुर र दिलमायाकै सहयोगमा प्रथम तल्लाको पश्चिमतिर रहेको कौसीमा छत लगाई कोठा विस्तार गर्ने कार्य भयो । यही २०४३ सालमै क्षेत्रपाटीका कृष्णदेवी मानन्धरको सहयोगमा ट्यूबवेलको मर्मत गरियो।

वि.सं. २०४५ सालमा भिक्षुणी धम्मवती तथा उहाँको परिवारबाट उहाँकी माता हेराथकुंको स्मृतिमा तेश्रो तल्लामा उत्तरपट्टि एक कोठा थप निर्माण गरियो।



Downloaded from http://dhamma.digital

यही २०४५ सालमै मंगल लक्ष्मीको स्मृतिमा उनका परिवारले पश्चिमतिर जमिन मुनि पानी ट्यांकीको निर्माण गरियो ।

वि.सं. २०४७ सालमा बुद्ध पूजामा सम्मिलित हुने उपासक उपासिकाहरूको संयुक्त सहयोगमा पश्चिममा इनार निर्माण गरियो ।

वि.सं. २०४८ सालमा पुन: एक पटक मासंगल्लीका भीम बहादुर र दिलमायाको सहयोगमा दोश्रो तल्लाको पूर्व दक्षिण कुनामा एक कोठा थप निर्मण गरियो । वि.सं. २०४८ सालमै धर्मकीर्ति विहार भवनको अझै ठूलो विस्तार भयो । जमलका मणिहर्ष ज्योति तथा केशरी लक्ष्मी कंसाकारको सहयोगमा उत्तरपट्टिका भागमा पुरै एक तल्ला थप निर्माण गरियो ।

वि.सं. २०५१ सालमा धर्मकीर्ति विहारको आजीवन सदस्यहरूको कोषको ब्याज रकमबाट पुन: एक पटक ट्यूबवेल मर्मत गरियो ।

धर्मकीर्ति विहार भवनको स्थापनाकाल वि.सं. २०२२ सालदेखि वि.सं. २०५७ सालमा पुरै भवनको पुननिर्माणको कार्य अवधिमा आठ पटकसम्म शौचालयहरू बनाइयो । भवनको निर्माण र विस्तार क्रममा शौचालयहरू थप्ने तथा एक स्थानबाट अर्को स्थानमा सार्ने कार्य गर्नु पर्ने हुन्थ्यो । यसप्रकार आठ पटक सम्मको शौचालयको निर्माण गर्दा अनगारिका रत्न मञ्जरी, अनगारिका धम्मवतीको सहयोगको अलावा आजीवन सदस्यहरूको कोषको ब्याज रकमबाट खर्च जुटाउने कार्य भयो ।

यस प्रकार वि.सं. २०२२ साल बैशाखमा धर्मकीर्ति विहारको स्थापना काल देखि वि.सं. २०५७ साल पुषसम्ममा पुरै भवन पटक पटक मरम्मत तथा निर्माण गरिंदै गयो । पुरै ३५ वर्ष बितेको निर्माण कार्यमा विभिन्न श्रद्धालु दाताहरू तथा अनगारिकाहरूको सहयोगले धर्मकीर्ति विहार भवनको स्वरूप परिवर्तित हुँदै गयो । माथि उल्लेखित दाताहरूको अलावा विभिन्न समयमा आवश्यकता अनुसार भवनको मरम्मत, सजी सजावट, सरसफाई तथा अन्य भौतिक साधनहरू जुताउनको लागि विहारमा बसोबास गर्ने अनगारिकाहरू तथा विहारमा पुण्य कार्यको लागि आउने श्रद्धालु उपासक उपासिकाहरूको सहयोग रहँदै आएको कुरा उल्लेखनीय छ ।

### (ग) धर्मकीर्ति विहार भवनको वर्तमान अवस्था:

काठमाडौंको केन्द्रबिन्दुमा अवस्थित धर्मकीर्ति विहारमा कुनै पनि किसिमको धार्मिक क्रियाकलाप हुँदा पनि सयौंको संख्यामा उपासक उपासिकाहरूको भेला हुने गर्छ । स्थापना कालदेखि ३५ वर्षको दौरानमा विहारले ओगटेको पुरै जग्गामा निर्माण कार्य सम्पन्न भयो र शुरुमा निर्माण गरिएको जगको क्षमताले भ्याएसम्म तल्लाहरू



Downloaded from http://dhamma.digital




हाल (बि.सं. २०५९) मा नवनिर्मित धर्मकीर्ति विहार भवन निर्माणाधिन अवस्थामा



नवनिर्मित धर्मकीर्ति विहारको पूर्वपट्टिको भाग

Downloaded from http://dhamma.digital



हाल निर्माण भएको धर्मकीर्ति विहारको भुईं तल्लामा रहेको हलमा स्थापित चार संवेजनीय स्थलको मूर्ति तथा दृश्य

Downloaded from http://dhamma.digital

थपियो । तर पनि भवनभित्र ठाउँको अभाव रहि नै रह्यो, किनकि धर्मकीर्ति विहारमा आउने श्रद्धालुहरूको संख्या बढ्दो प्रवृत्तिमै छ । अत: धार्मिक क्रियाकलापहरू संचालन हुँदा थुप्रै श्रद्धालुहरूको उपस्थिति हुने हुँदा कोही उभिएर, कोही भऱ्याङ्मा अझ छिँडिमा समेत नअटी विहारको बाहिर श्रीघ: बहालमा बसी धर्म श्रवण गर्नुपर्ने अवस्था आइपुग्यो । यस प्रकार उपासक उपासिकाहरूको घुइँचो बढेको बढ्यै भएको कारण धर्मकीर्ति विहारमा स्थानाभावको समस्या झनझन जटिल हुँदै गयो । अत: त्यो समस्या हटाउन असन, दगुबहालका श्रद्धालु उपासक भाइराजा तुलाधर, बसुन्धरा तुलाधर र उहाँको परिवारले 'धर्मकीर्ति विहार" भवन पुरै भत्काएर आधुनिक ढाँचाले पुनर्निर्माण गर्ने सोच बनाई उक्त प्रस्ताव विहार प्रमुख भिक्षुणी धम्मवती समक्ष राखियो ।

भिक्षुणी धम्मवतीले उक्त प्रस्तावमा छलफल गर्न विहारका पूर्व दाताहरूसँग सरसल्लाह गर्नु भयो । धर्मकीर्ति विहार स्थापना कालदेखि नै कुनै एकल दाताको सहयोगमा निर्माण नभईकन धेरै दाताहरूको सहयोगमा निर्मित भएकोले त्यस भवनलाई जगैसम्म भत्काई पुनर्निर्माण गर्ने उद्देश्य रहेकोले पूर्व दाताहरूको राय तथा स्वीकृति लिनु जरुरी देखियो । अत: विहार निर्माणमा योगदान पुऱ्याउनु हुने पूर्व दाताहरू, विहारको संरक्षणको निम्ति स्थापित 'धर्मकीर्ति संरक्षण समिति' का सदस्यहरू तथा विहारमा बसोबास गर्दै आउनु भएका श्रद्धेय अनगारिकाहरूको बिच बैठक बसियो । बैठकबाट सबैको सहमतिमा, सबै पक्षको राजी खुशि विहार पुनर्निर्माण गर्ने निर्णय पारित गरियो ।

वास्तवमै विहारको भौतिक अवस्थालाई अध्ययन गर्दा धर्मकीर्ति विहारको पुनर्निर्माण गर्नु अति जरुरी पनि भई सकेको थियो । विहार भवनको उत्तर पट्टिको भाग जुन मणिहर्ष ज्योति तथा केशरी लक्ष्मी कंसाकारले जग्गा सहित वि.सं. २०३४ सालदेखि बनाउनु भएको थियो त्यसलाई छोडेर दक्षिणपट्टिको भाग ज्यादै कच्चा भइसकेको थियो । वि.सं. २०२२ सालमा शुरुमा बनाइँदा हालिएको छोटो जगमाथि तीन तल्ला सम्म थपिँदै लगिएको कारण दक्षिण पट्टिको भित्री भाग कच्चा हुँदै गएको थियो । तेश्रो तल्लाको कुनै कोठाहरू विस्तारै भासिँदै पनि गइरहेको थियो । अत: बिहारको पुनर्निर्माणको प्रस्तावलाई सबैको राजी खुशिमा निर्णय भएको छ । तदनुसार उत्तरपट्टिको मणिहर्ष ज्योति परिवारले बनाउनु भएको पक्की भागलाई छोडेर दक्षिणपट्टिको भाग पुरै भत्काइयो ।

वि.सं. २०५७ पुष २२ गते शनिबारका दिन श्रद्धेय भिक्षु तथा भिक्षुणीहरूबाट परित्राण पाठ गराई धर्मकीर्ति विहार भवन पुनर्निर्माणको शिलान्यास कार्य सम्पन्न गरियो । त्यसपछि लगातार निर्माण कार्य जारी गरियो । श्रद्धालु उपासक भाइराजा तुलाधर, बसुन्धरा तुलाधर तथा उहाँको परिवारको एक्लो आर्थिक



Downloaded from http://dhamma.digital

सहयोगमा हाल निर्माण पुरा भएको नयाँ 'धर्मकीर्ति विहार भवन' को विस्तृत विवरण यस प्रकार छ ।

| | हल, कोठा इत्यादि | ओगटेको स्थान (क्षेत्रफल) |
|---|---|---|
| | **भुइँ तल्ला (Ground Floor)** | |
| १. | मुख्य हल (Main Hall)<br>हलभित्र १$^{१}/_{२}$ फुट उँचाइमा बुद्ध मूर्तिहरू<br>स्थापना गरिएको स्थान | ३५'८'X३४'८"<br><br>८'X३४'८" |
| २. | मिनि हल (Mini Hall) | ११'६"X२३'१०" |
| ३. | नुहाई धुलाइको कोठा (Washing Place) | ५'X७'४" |
| ४. | चर्पी (Toilet) - १ नं | ३'६"X४'१" |
| ५. | चर्पी (Toilet) - २ नं | ३'६"X४'१" |
| ६. | चर्पी (Toilet) - ३ नं | ५'२"X४'१" |
| | **प्रथम तल्ला (First Floor)** | |
| १. | मिनि हल (Mini Hall) | १३'X३३' |
| २. | मुख्य सुत्ने कोठा (Master Bed room) | १३'२"X२०'४" |
| ३. | सुत्ने कोठा (Bed room) | १३'२"X१६'९" |
| ४. | पुस्तकालय कोठा (Library) | ११'९"X१४'२" |
| ५. | बाथरुम (Bathroom) | ७'X१४'२" |
| ६. | भान्छाघर (Kitchen) | १५'८"X२६'३" |
| ७. | स्टोर (Store) | ७'२"X९'१०" |
| ८. | नुहाइ धुलाइ कोठा (Wsahing Place) | ७'६"X५'६" |
| | **दोश्रो तल्ला (Second Floor)** | |
| १. | भोजनशाला (Dining Room) | २०'६"X१३'२" |
| २. | भान्छा घर (Kitchen) | १४'८"X११'९" |
| ३. | सुत्ने कोठा (Bed room) - १ नं | १२'X१३'२" |



Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| ४. | सुत्ने कोठा (Bed room) - २ नं | १२'X१३'२" |
| ५. | सुत्ने कोठा (Bed room) - ३ नं | १२'X१३'२" |
| ६. | बाथरुम (Bathroom) १०'११"X१२'११" | |
| ७. | चर्पी (Toilet) - १ नं | १०'११"X१२'११" |
| ८. | चर्पी (Toilet) -२ नं | १०'११"X१२'११" |
| | **तेश्रो तल्ला (Third Floor)** | |
| १. | सुत्ने कोठा (Bed room) - १ नं | १४'६"X१३'२" |
| २. | सुत्ने कोठा (Bed room) - २ नं | १५'११ १/२"X१३'२" |
| ३. | सुत्ने कोठा (Bed room) - ३ नं | १५'६"X१३'२" |
| ४. | सुत्ने कोठा (Bed room) - ४ नं | १३'X११'९" |
| ५. | सुत्ने कोठा (Bed room) - ५ नं | १४'८"X११'९" |
| ६. | बाथरुम (Bathroom) | ९'९"X११' |
| ७. | चर्पी (Toilet) - १ नं | ९'९"X११' |
| ८. | चर्पी (Toilet) - २ नं | ९'९"X११' |
| | **चौथो तल्ला (Fourth Floor)** | |
| १. | सुत्ने कोठा (Bed room) | १४'८"X११'९" |
| २. | सुत्ने कोठा (Bed room) | १०'९"X११'९" |
| ३. | बाथरुम (Bathroom) | ८'५"X११'९" |
| ४. | खुल्ला कौसी (Open Terrace) | ४६'X१६'६" |



Downloaded from http://dhamma.digital

# धर्मकीर्ति विहार तथा यसको गतिविधिः

## (क) धर्मकीर्ति विहारः

### १) परिचयः

नेपालमा शुद्ध बुद्ध धर्म प्रचार प्रसार गर्ने दृढ संकल्प लिएर १४ वर्ष सम्मको अध्ययन काल पुरा गरी अनगारिका धम्मवती वि.सं. २०२० सालमा बर्माबाट स्वदेश फर्कनु भयो । साथै फर्किनु भएका बर्मी नागरिक अनगारिका मा गुणवती र अनगारिका रत्न मञ्जरीको साथमा अनगारिका धम्मवतीले नेपालमा बुद्ध शिक्षा प्रचार प्रसारको कार्य थालनी गर्नु भयो जसको फलस्वरूप दुई वर्ष पछि धर्मकीर्ति विहारको स्थापना भयो । वि.सं. २०२२ सालमा बुद्ध धर्म प्रचार गर्ने उद्देश्यले स्थापना गरिएको धर्मकीर्ति विहारमा स्थापना कालदेखि वर्तमान सम्म अटुट रुपमा बुद्ध धर्म चिरस्थायी गर्ने क्रियाकलाप यथावत रुपमा जारी नै छ ।

स्थापना कालमा अनगारिका धम्मवती, अनगारिका रत्न मञ्जरी तथा बर्मी नागरिक अनगारिका मा गुणवतीहरूले विहारमा विभिन्न धार्मिक गतिविधिहरू संचालन गर्दै जानु भयो । केही समयपछि धर्मकीर्ति विहारमा अनगारिका धम्मदिना (चमेली गुरुमां) र अनगारिका कमला पनि बसोबास गर्न आउनु भयो । यस अनुसार विहारमा आवास गर्ने अनगारिकाहरूको संख्या पाँचजना भयो । उहाँहरूबाट शुरुमा प्रौढ व्यक्तिहरूलाई बौद्ध शिक्षा प्रदान गर्न बुद्धपूजा र धर्म देशनाको कार्यक्रम चलाइयो । प्रत्येक औंसी, पूर्णिमा, संक्रान्ती र अष्टमी (दुई पटक) गरी महिनाको पाँच पटक बुद्धपूजा र धर्म देशनाको कार्यक्रम संचालन गरियो । सो कार्यक्रम आजसम्म पनि अटुट रुपमा चल्दै आएको छ ।

बुद्ध शिक्षालाई बाल्यकालदेखि सिकाउनु पर्ने आवश्यकतालाई ध्यान दिई अनगारिकाहरूबाट प्रत्येक दिन बिहान ६:०० बजे देखि ८:०० बजेसम्म बाल बालिका किशोर किशोरीहरूलाई पठन पाठन हुने धार्मिक पाठशाला खोलियो । धर्मकीर्ति विहार स्थापना भएको छः वर्षपछि युवा वर्गलाई बुद्ध शिक्षा अध्ययन गराउने उद्देश्यले वि.सं. २०२८ साल ज्येष्ठमा 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको' स्थापना गरियो । यस प्रकार पाँचजना अनगारिकाहरूको सक्रियतामा धर्मकीर्ति विहारको कार्यक्रमहरू सफलतापूर्वक संचालन हुँदै गयो ।



Downloaded from http://dhamma.digital

## २) धर्मकीर्ति विहारमा बसोबास गर्नु हुने भिक्षुणी तथा अनगारिकाहरूः

उपासक उपासिकाहरूको संख्या वृद्धि भए जस्तै विहारमा बसोबास गर्ने अनगारिकाहरूको संख्या पनि वृद्धि हुँदै गयो। धर्मकीर्ति विहारको नियम अनुसार यस विहारमा बसोबास गर्ने अनगारिकाहरू गृहस्थी छँदा अविवाहित नै हुनुपर्छ। विवाहित भईसकेर पछि अनगारिका हुनेहरूलाई यस विहारमा बसोबास गर्न दिइँदैन। हाल स्थायी अस्थायी गरेर विहारमा बसोबास गर्नु हुने अनगारिकाहरू क्रमैसँग निम्नानुसार छ:

| क्रसं | प्रव्रजित नाम | गृहस्थ नाम | जन्म स्थान |
|---|---|---|---|
| १. | दो. गुणवती | मा खे तां | म्यानमार (हाल म्यानमारमा) |
| २. | रत्न मञ्जरी | नानीमैञा श्रेष्ठ | चैनपुर |
| ३. | धम्मवती | गणेश कुमारी शाक्य | पाटन |
| ४. | धम्मदिना | चमेली शाक्य | पाटन |
| ५. | अनुपमा | मानशोभा शाक्य | पाटन |
| ६. | पञ्ञावती | बिन्द्रा मानन्धर | बनेपा |
| ७. | जवनवती | सिद्धि बज्राचार्य | काठमाडौं (हाल बर्मामा) |
| ८. | संघवती | चन्द्र प्रभा बज्राचार्य | तानसेन |
| ९. | केशावती | गुण केशरी शाक्य | पाटन (हाल श्रीलंकामा) |
| १०. | खेमावती | गुणलक्ष्मी महर्जन | काठमाडौं (हाल थाइलैण्डमा) |
| ११. | धम्मविजया | ज्ञानहेरा तुलाधर | काठमाडौं (हाल भारतमा) |
| १२. | दानवती | रत्नमाया महर्जन | बलम्बु (हाल म्यानमारमा) |
| १३. | त्यागवती | पञ्चमाया महर्जन | बलम्बु (हाल म्यानमारमा) |
| १४. | पुण्यवती | रमिता महर्जन | बलम्बु (हाल श्रीलंकामा) |
| १५. | मेत्तावती | सानुमाया श्रेष्ठ | बलम्बु (हाल श्रीलंकामा) |
| १६. | नन्दावती | रविना महर्जन | काठमाडौं (हाल म्यानमारमा) |
| १७. | इन्दावती | उर्मिला बज्राचार्य | काठमाडौं |
| १८. | जयवती | मंगल शाक्य | पाटन |
| १९. | वीर्यवती | सुशीला मानन्धर | काठमाडौं |
| २०. | शुभवती | ठकुरीमाया तामाङ | धाडिङ |
| २१. | ध्यानवती | जुनी महर्जन | बनेपा |
| २२. | रमावती | रञ्जना महर्जन | बलम्बु |
| २३. | सुरमावती | रश्मी महर्जन | बलम्बु |



Downloaded from http://dhamma.digital

| | | | |
|---|---|---|---|
| २४. | सुची | कल्पना शाक्य | पाटन |
| २५. | भद्रावती | मीरा डंगोल | काडमाडौं (हाल थाइलैण्डमा) |
| २६. | सुपभावती | उमाक्रोइमोग | त्रिपुरा, भारत |
| २७. | सुप्पिया | प्रिया मोग | त्रिपुरा, भारत |

धर्मकीर्ति विहारको शाखा विहारहरूमा बस्नु हुने अनगारिकाहरू निम्नानुसार हुनुहुन्छः

**'सुलक्षण कीर्ति विहार' (चोभार)**

| क्रसं | प्रव्रजित नाम | गृहस्थ नाम | जन्म स्थान |
|---|---|---|---|
| १. | अनोजा | शारदा मानन्धर | बनेपा |
| २. | सुनन्दावती | बाशु मानन्धर | बनेपा (हाल श्रीलंकामा) |
| ३. | अणुला | रामदेवी महर्जन | गुरुजु धारा |
| ४. | अतुला | रीता महर्जन | गुरुजु धारा |
| ५. | अम्बिका | अम्बिका मानन्धर | कुलेश्वर |
| ६. | रुफान | नीमा महर्जन | कोहिटि (हाल ताइवानमा) |
| ७. | रुजेन | सानु महर्जन | कुलेश्वर (हाल ताइवानमा) |

**'धर्मकीर्ति वसुन्धरा विहार' बसुन्धराडोल**

| क्रसं | प्रव्रजित नाम | गृहस्थ नाम | जन्म स्थान |
|---|---|---|---|
| १. | धजवती (कुशुम) | कुशुम शाक्य | पाटन |
| २. | पद्मावती | कृष्णदेवी महर्जन | काठमाडौं |

**'गौत्तमी विहार' लुम्बिनी**

| क्रसं | प्रव्रजित नाम | गृहस्थ नाम | जन्म स्थान |
|---|---|---|---|
| १. | हेमावती | हेरामाया डंगोल | काठमाडौं |
| २. | उदयशीला | | काठमाडौं |

यस बाहेक पहिले धर्मकीर्ति विहारमा बसेर हाल छुट्टै पद्मकीर्ति विहार, कमलपोखरीमा बस्नु हुने अनगारिकाहरू निम्नानुसार हुनुहुन्छः

| क्रसं | प्रव्रजित नाम | गृहस्थ नाम | जन्म स्थान |
|---|---|---|---|
| १. | कमला | कमला राजकर्णिकार | काठमाडौं |
| २. | करुणावती | मैत्रा महर्जन | ठसी, पाटन |
| ३. | पभावती | हामफोइराम उचाई | त्रिपुरा, भारत |



Downloaded from http://dhamma.digital

उपरोक्त बाहेक पहिले धर्मकीर्ति विहारमा बस्नु हुने अनगारिका रुपावती र धर्मकीर्ति वसुन्धरा विहारमा बस्नु हुने अनगारिका शरणशीला दिवंगत हुनु भइसकेको छ ।

**३) व्यवस्थापनः**

धर्मकीर्ति विहार संचालनको लागि भौतिक तथा आर्थिक व्यवस्थापन उपासक, उपासिका तथा विहारकै अनगारिकाहरूबाट हुँदै आएको छ । विहारको व्यवस्थापन पक्षलाई ध्यानमा राखी आजीवन सदस्य बनाउने कार्य पनि थालियो । सदस्यता प्रदान गरेबापत संकलित रकम अक्षय कोषमा जम्मा गरिएको छ । यस कोषको ब्याज र कमबाट विहारको आर्थिक व्यवस्था मिलाइएको छ, त्यस्तै विहारमा आउने उपासक उपासिकाहरूद्वारा दिइने दान, भोजन तथा जलपान दान तथा निमन्त्रणा र बेला बखतमा दिइने अन्य आर्थिक सहयोगबाट विहारको आर्थिक व्यवस्थापनमा टेवा पुऱ्याएको छ ।

**४) धर्मकीर्ति विहार संरक्षण कोषः**

धर्मकीर्ति विहारलाई चीरकालसम्म संस्थागत रुपमा संचालन गरी यसको संरक्षण गर्न 'धर्मकीर्ति विहार संरक्षण कोष' स्थापना गरिएको छ । धर्मकीर्ति विहार संरक्षण कोषको आवश्यकता महशूस गरी यसको स्थापना गरिएको प्रसंग यसरी आउँछ:

वि.सं. २०४५ साल मंसिर १३ गतेदेखि अमेरिकाको लस एन्जेल्समा बौद्ध विहारको स्थापना तथा एक महिनासम्म भिक्षु, भिक्षुणी प्रव्रज्या समापन समारोहको सभामा भाग लिन धर्मकीर्ति विहारबाट भिक्षुणी धम्मवती २०४५ मंसीर ७ गते अमेरिका जानु भयो । त्यहाँ सम्मेलन भई रहेकै बेला उहाँ बिमार पर्नु भयो । उहाँलाई बेक्सरी पेट दुखेको थियो । स्वास्थ्य परिक्षण गर्दा पित्ताशयमा पत्थर भएकोले अपरेशन गर्नु पर्ने भयो । अपरेशनको लागि थाइलाय्ण्ड जानु भयो । थाइलैण्डमा औषधोपचार गर्दागर्दै उहाँको शरीर झन झन दुर्बल हुँदै गएको थियो । आफ्नो शरीरमा आएको अस्वस्थता र दुर्बलताको कारण भिक्षुणी धम्मवतीलाई बिमारी अवस्थामा धर्मकीर्ति विहारको भविष्यको ज्यादै चिन्ता लाग्न थाल्यो । आफ्नो शेषपछि धर्मकीर्ति विहारको संरक्षण र संवर्द्धनको कुनै व्यवस्था गर्न उत्तिकै हतार भएको उहाँले महशूस गर्नु भयो । औषधोपचार गर्दा गर्दै २ महिना समय बिताएर २०४५ फागुण ६ गते उहाँ नेपाल फर्किनु भयो ।

नेपाल पुग्ने बित्तिकै अमेरिकामा अचानक आफ्नो शरीरमा भएको अस्वस्थताको कारण धर्मकीर्ति विहारको भविष्यको लागि तुरुन्तै कुनै व्यवस्था गर्नु पर्ने आवश्यकता भएको आफूले महशूस गर्नु भएको कुरा उपासक उपासिकाहरू



Downloaded from http://dhamma.digital

समक्ष राख्नु भयो । उपासक उपासिकाहरूसँग सर सल्लाह गरी २०४५ साल चैत्र ५ गते एउटा वृहत बैठक बोलाउनु भयो । त्यही दिन उहाँले धर्मकीर्ति विहारको संरक्षण र सम्बर्द्धनको निम्ति विभिन्न दृष्टिकोणले महत्वपूर्ण व्यक्तित्वहरू स्थायी रुपले संलग्न हुने गरी 'धर्मकीर्ति संरक्षण समिति' स्थापना गर्नु भयो ।

यसै प्रकार धर्मकीर्ति संरक्षण समितिको एउटा कमिटि गठन गरियो जसको अध्यक्ष भिक्षुणी धम्मवतीलाई छानियो । उक्त दिनको निर्णय अनुसार भिक्षुणी धम्मवतीलाई आजीवन अध्यक्ष पनि बन्ने गरियो । कमिटि गठन गरिएपछि यसलाई सुसंगठित रुपमा अगाडि बढाउनको निम्ति विधानको आवश्यकता महशूस गरी केही दिनपछि विधान बनाउने कार्य पनि भयो ।

हाल 'धर्मकीर्ति संरक्षण समिति' तथा 'धर्मकीर्ति विहारको विधान, २०४८' खारेज गरी यसको प्रतिस्थापनमा 'धर्मकीर्ति विहार संरक्षण कोष' स्थापना गरिएको छ । उस्तै धर्मकीर्ति विहार संरक्षण कोषको विधान, २०५८' २०५९ जेष्ठ १६ गतेका दिन आवश्यक कानूनी दस्तावेज बमोजिम पास गरिएको छ । धर्मकीर्ति विहार संरक्षण कोषको मूल उद्देश्य, कर्तब्य, दायित्व, सदस्यता सम्बन्धि नियम, संरक्षण कोषको गठन, आर्थिक व्यवस्था, निर्वाचन व्यवस्था, संरक्षण कोषको साधारण सभा तथा कार्यकारिणी समिति इत्यादि सम्बन्धि विस्तृत नियम यसै विधानमा उल्लेख गरिएको छ ।

**५) धर्मकीर्ति विहारको उद्देश्यः**

बुद्ध शिक्षालाई सकेसम्म प्रभावकारी ढंगले जनमानसमा फैलाउन सकोस् भन्ने हेतुले धर्मकीर्ति विहारले निम्नानुसारको उद्देश्यहरू राखी क्रियाकलाप अगाडि बढाउँदै आएको छः

१. शान्ति नायक भगवान बुद्धको उपदेश प्रचार प्रसार गर्ने ।

२. बुद्ध शासनमा प्रव्रजित अनगारिकाहरूको लागि एक केन्द्रको रुपमा रही उनीहरूका लागि बुद्धको उपदेश अध्ययन एवं अभ्यासको व्यवस्था गर्ने ।

३. बुद्ध शिक्षाका अनुयायी, उपासक-उपासिका एवं युवा वर्गका लागि अध्ययन अभ्यासको आवश्यक व्यवस्था गर्ने ।

४. समान उद्देश्य भएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सम्बन्ध राखी कार्य गर्ने ।

उपरोक्त उद्देश्यहरू परिपूर्तिको निम्ति निम्नानुसार कार्यनीति तर्जुमा गरी कार्यक्रमहरू गरिँदै आएको छ ।

१. बुद्ध शिक्षाको प्रचार प्रसार गर्नु ।



Downloaded from http://dhamma.digital

२. महिलाहरूलाई विभिन्न सामाजिक क्रियाकलापमा संलग्न गराई उनीहरूको उत्थान गर्नु ।
३. युवा वर्गलाई बुद्ध धर्मसित परिचित गराउनु ।
४. युवा वर्गलाई बुद्ध धर्म अध्ययन गराई त्यसलाई व्यवहारमा उतार्न प्रोत्साहन दिनु ।
५. ध्यान शिविरहरू संचालन गर्नु ।
६. देश र विदेशका बौद्ध तीर्थस्थलहरूमा तीर्थ यात्राको आयोजना गर्नु ।

## (ख) धर्मकीर्ति विहारको गतिविधिः

निहित उद्देश्य अनुरुप विहारमा अटुट रुपमा धार्मिक एवं सामाजिक क्रियाकलापहरू हुँदै आएको छ । ती मध्ये केही प्रमुख क्रियाकलापहरू निम्न अनुसार छन् ।

### १) बुद्ध पूजा र धर्म देशनाः

विहार भित्र प्रत्येक संक्रान्ति, पूर्णिमा, औंसी र अष्टमी दुई पटक गरी महिनाको पाँच पटक बुद्धपूजा र धर्म देशना हुँदै आएको छ । त्यस्तै हरेक साल गुंला महिना (श्रावण शुक्ल र भाद्र कृष्णको एक महिना) भरि हरेक दिन बुद्धपूजा र धर्म देशना गरिन्छ । उस्तै भिक्षुणी धम्मवती र धर्मकीर्ति विहारको तत्वावधानमा निर्मित काठमाडौंको बसुन्धराडोल स्थित 'धर्मकीर्ति बसुन्धरा विहार'मा महिनाको २ पटक प्रत्येक तृतीयाको दिनहरूमा बुद्धपूजा र धर्म देशनाको कार्यक्रम भईरहेको छ । यसको अलावा उपत्यकाभित्र र उपत्यका बाहिर पनि विभिन्न बौद्ध चैत्य तथा धार्मिक स्थलहरूमा भ्रमण गरेर बुद्धपूजा तथा धर्म देशनाको आयोजना नियमित रुपमा हुँदै आएको छ ।

### २) बाल, प्रौढ तथा बौद्ध परियत्तिका कक्षाहरूः

स्कूल पढ्ने बाल बालिकाहरूलाई विहारमा आवास गर्ने अनगारिकाहरूबाट पाठ्यक्रम समेत बनाई बुद्ध धर्म सम्बन्धि शिक्षा दिने कार्य हुँदै आएको छ । उस्तै गरीकन विहारमा बुद्धपूजामा सम्मिलित हुने प्रौढ व्यक्तिहरूलाई पनि बुद्ध धर्मको आधारशिला सिकाउने पुस्तकहरूको अध्ययन गराईन्छ । समय समयमा बाल तथा प्रौढ व्यक्तिहरूको बिचमा परिक्षा लिइने, बौद्ध हाजिरिजवाफ प्रतियोगिता गरिने कार्यक्रमहरू संचालन गरिन्छ । 'नेपाल बौद्ध परियत्ति शिक्षा' अन्तर्गतको देशव्यापी केन्द्रहरूमध्ये धर्मकीर्ति विहार पनि एक केन्द्र रही वर्षेनी बौद्ध परियत्ति शिक्षाको कक्षा तथा परिक्षा संचालन गरिँदै आएको छ ।



Downloaded from http://dhamma.digital

### ३) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी:

विशेष गरी युवावर्गलाई बुद्ध धर्म सिकाउने उद्देश्य लिई वि.सं. २०२८ साल जेष्ठमा स्थापना गरिएको धर्मकीर्ति विहार अन्तर्गतको संस्था 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी' यस विहारको सबभन्दा सक्रिय पक्ष रही आएको छ । स्थापना कालमा धर्मकीर्ति विहारकै उद्देश्यसँग मेल खाने गरी गोष्ठीका चार मुख्य उद्देश्यहरू निर्धारण गरिएका थिए । ती हुन्–

१. व्यावहारिक बौद्ध शिक्षाको अध्ययन गर्ने ।

२. गाउँ-गाउँमा बुद्ध धर्मको प्रचार गर्ने ।

३. वर्षमा एउटा बौद्ध शिक्षा सम्बन्धि पत्रिका प्रकाशन गर्ने ।

४. देश विदेशका बौद्ध विद्वानहरूको स्वागत सम्मान गर्ने ।

यस गोष्ठीले निहित चार उद्देश्यहरू परिपूर्ति हुने गरी स्थापना कालदेखि वर्तमानसम्म अटुट रुपमा यससँग सम्बन्धित कार्यक्रमहरू संचालन गर्दै आएको छ । यसको अलावा उद्देश्य भन्दा बाहिरका अनेकौं सामाजिक, शैक्षिक तथा धार्मिक कार्यक्रमहरू नियमित रूपमा संचालन गर्दै आएको छ । (हेर्नुहोस्: 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष, २०५३, रीना तुलाधर) यस गोष्ठीका युवा सदस्यहरू नै धर्मकीर्ति विहारबाट हुने हरेक क्रियाकलापको सक्रिय कार्यकर्ता हुन् । वि.सं. २०२८ सालमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना भएदेखि आजसम्मको ३० वर्षको दौरानमा युवावर्गलाई नियमित रुपमा अटुट रूपले बुद्ध शिक्षा अध्यापन गर्नु हुने श्रद्धेय भिक्षु अश्वघोष यस गोष्ठीका युवा बौद्ध हरूका प्रमखु गुरु हुनुहुन्छ । भिक्षु अश्वघोषबाट विशेष गरी व्यावहारिक शिक्षामा जोड दिई सिकाइएको बुद्ध धर्मको शिक्षाबाट शिक्षित यस गोष्ठीका युवावर्ग धर्मकीर्ति विहारकै एक प्रमुख उपलब्धि मान्न सकिन्छ ।

### ४) बौद्ध साहित्यको प्रकाशन:

धर्मकीर्ति विहारको प्रमुख क्रियाकलापहरू मध्ये बौद्ध साहित्यको प्रकाशन एक महत्वपूर्ण पक्ष रही आएको छ । वि.सं. २०२४ सालमा भिक्षु प्रज्ञानन्द महास्थविरद्वारा संपादन गरिएको 'महासतिपट्ठान सूत्र' नामक नेपाल भाषाको पुस्तक यस विहारको प्रथम प्रकाशन हो । वि.सं. २०२८ सालमा प्रकाशित भएको भिक्षु अश्वघोषद्वारा लिखित "बौद्ध दर्शन" नामक पुस्तक नेपाली भाषातर्फको यस विहारको प्रथम पुस्तक हो । "धर्मकीर्ति प्रकाशन" नाममा हालसम्म (२०५९ असार सम्म) नेपालभाषामा १४२ वटा, नेपाली भाषामा ६७ वटा, तथा अँग्रेजी भाषामा ५ वटा गरी जम्मा २१४ वटा पुस्तक तथा पुस्तिकाहरू प्रकाशित भईसकेको छ ।



Downloaded from http://dhamma.digital

पुस्तक प्रकाशनको अलावा "धर्मकीर्ति" पत्रिका यस विहारको प्रमुख प्रकाशन हो। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना हुँदाको चार उद्देश्यहरू मध्ये एक अनुरूप सर्वप्रथम वि.सं. २०२९ सालमा "धर्मकीर्ति" पत्रिका वार्षिक पत्रिकाको रुपमा प्रकाशित भयो। त्यसपछि १२ अंकसम्म वार्षिक पत्रिकाको रुपमा 'धर्मकीर्ति" पत्रिका प्रकाशित भयो। वि.सं. २०४० आषाढदेखि वि.सं. २०४१ जेष्ठसम्म द्वैमासिक पत्रिकाको रुपमा प्रकाशित भयो। वि.सं. २०४२ आषाढदेखि मासिक पत्रिकाको रुपमा "धर्मकीर्ति" पत्रिका अटुट रूपमा धर्मकीर्ति विहारको मुखपत्रको रुपमा प्रकाशित हुँदै आएको छ। उल्लेखनीय छ, 'धर्मकीर्ति' पत्रिकाको प्रधान सम्पादक भिक्षु अश्वघोषद्वारा लिनु भएको सम्पूर्ण अभिभारा तथा उहाँले दिनु भएको पूर्ण योगदानको कारण नै यस पत्रिका २० वर्ष अगाडि देखि नियमित रुपमा प्रकाशन हुँदै आउन सफल भएको छ।

**५) स्वदेशी तथा विदेशी बौद्ध विद्वानहरूको स्वागत तथा सम्मान:**

समान उद्देश्य भएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सम्बन्ध राखी धर्म प्रचारको कार्य गर्ने यस विहारको उद्देश्य रहे अनुरूप बेला बखतमा विभिन्न बौद्ध संस्थाहरू तथा बौद्ध विद्वानहरूसँग मिली धार्मिक कार्यक्रमहरू संचालन गरिएको छ। विदेशबाट पाल्नु हुने श्रद्धेय भिक्षुगण, बौद्ध विद्वानहरू तथा तीर्थयात्री समूह, अन्तर्राष्ट्रिय सम्मेलनका सहभागीहरू एवं स्वदेशी बौद्ध विद्वानहरूको स्वागत कार्यक्रमहरू धर्मकीर्ति विहारमा नियमित रुपमा हुँदै आएको छ। धर्मकीर्ति विहारमा आयोजना भएको स्वागत समारोहहरूमा भिक्षु थिच तीनह्वाको नेतृत्वमा आउनु भएका भियतनामी बौद्ध प्रतिनिधि मण्डल, भिक्षु फुजीको नेतृत्वमा आउनु भएका जापानी भिक्षु, भिक्षुणी, लामा गम्बोजाको नेतृत्वमा आउनु भएका मंगोलियाको बौद्ध सद्भावना मण्डल, कोरियाको बौद्ध भिक्षुणी सद्भावना मण्डल, सोभियत बौद्ध प्रतिनिधि मण्डल, जापानी बौद्ध शिष्ट मण्डल, पन्ध्रौं विश्व बौद्ध सम्मेलनका सहभागीहरू, ताइवानबाट आएको बौद्ध प्रतिनिधि मण्डल, चिनीया उच्च स्तरिय बौद्ध प्रतिनिधि मण्डल, सिंगापुर, अष्ट्रेलिया र मलेशियाबाट आएका बौद्ध प्रतिनिधि मण्डल इत्यादि उल्लेखनीय छन्। त्यस्तै सम्मान गरिएका अन्तर्राष्ट्रिय बौद्ध व्यक्तित्वहरूमा श्रीलंकाका भिक्षु पियदस्सी महास्थविर, भारतका भिक्षु भदन्त आनन्द कौसल्यायन, होलाय्ण्डका भिक्षु आनन्द, जापानको रे.यु.काई क्यादोनका अध्यक्ष ओजाद, बर्माका दो पञ्ञाचारी, बर्माका प्रख्यात ध्यानगुरू महासी सयादो, विश्वप्रसिद्ध ध्यानगुरु कल्याणमित्र सत्यनारायण गोयन्का, बर्माका विद्वान एवं भूतपूर्व संयुक्त राष्ट्र संघीय प्रतिनिधि ऊ न्यो, बर्माका प्रसिद्ध धर्मकथिक भिक्षु ञाणिस्सर, बर्माका धुतंगधारी तम्पुलु सयादो, बर्माका ध्यानगुरु ऊ पण्डिताविभंस इत्यादि उल्लेखनीय छन्। त्यस्तै



Downloaded from http://dhamma.digital

स्वदेशी बौद्ध व्यक्तित्वहरूमा भिक्षु प्रज्ञानन्द महास्थविर, भिक्षु अमृतानन्द महास्थविर, भिक्षु अश्वघोष महास्थविर, भिक्षु ज्ञानपुर्णिक महास्थविर, अनगारिका मा गुणवती तथा भिक्षुणी धम्मवतीको धर्मपूजा तथा अभिनन्दन समारोहको आयोजना गरिएको छ।

**६) गाउँ तथा जिल्लाहरूमा धर्म प्रचारः**

धर्मकीर्ति विहार अन्तर्गतको संस्था धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको सक्रियतामा यस विहारको आयोजनामा नेपालका विभिन्न गाउँ तथा जिल्लाहरूमा भ्रमण गरी बुद्ध धर्म प्रचारको कार्यक्रमहरू हुँदै आएको छ। सबभन्दा पहिले वि.सं. २०२८ साल पुष पहिनामा त्रिशुलीमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका ८० जना सदस्यहरूको एक टोली पुगेर धार्मिक कार्यक्रम संचालन गरी यसतर्फ पहिलो पाइला चालिएको थियो। यस शुरुवात पछि निरन्तर रुपमा बाहिर भ्रमण गरी धर्म प्रचार गर्ने कार्यक्रमहरू संचालन हुँदै आएको छ। ललितपुरका विभिन्न टोलहरूमा, मत्स्यगाउँ, चोभार, बलम्बु, मातातीर्थ, धर्मस्थली, चापागाउँ, साँखु, खोकना, ठिमि, काभ्रे पलाञ्चोक जिल्ला अन्तर्गत बनेपा, नाला, नमोबुद्ध, श्रीखण्डपुर, धुलिखेल, पनौति इत्यादि ठाउँहरू, तानसेन, बुटवल, नारायणगढ, पोखरा, धरान, विराटनगर, धनकुटा, हेटौंडा, लुम्बिनी, कालिम्पोङ, दार्जलिङ इत्यादि ठाउँहरूका बुद्ध धर्म प्रचारको कार्यहरू भएको छ। यस्ता भ्रमणका कार्यक्रम अन्तर्गत बुद्धपूजा, धर्मदेशना, प्रवचन, ध्यान, वैचारिक चिन्तन मनन, धार्मिक छलफल जस्ता कार्यक्रमहरू सम्मिलित गरिने गरिएको छ।

**७) स्वास्थ्य सेवा सम्बन्धि कार्यक्रमहरूः**

नयाँ पिँढिको मानिसलाई सुसंस्कारित गर्ने तथा समाजप्रति आफ्नो अस्तित्व वोधसँगै कर्तव्य पालन गराउनुमा बौद्ध शिक्षाको उपादेयता चिनाउने लक्ष्य बोकेको धर्मकीर्ति विहारले वि.सं. २०३० सालदेखि स्वास्थ्य सेवा दिने कार्यक्रमहरूमा पनि पाइला चाल्यो। वि.सं. २०३० भाद्र २१ गते डा. थीरमान शाक्यबाट धर्मकीर्ति विहारको आयोजनामा बनेपाको ध्यानकुटी विहारमा निःशुल्क स्वास्थ्य सेवाको कार्यक्रम आयोजनाबाट स्वास्थ्य सेवा सम्बन्धि कार्यक्रमको शुरुवात भयो।

वि.सं. २०३१ साल जेष्ठ देखि नियमित स्वास्थ्य परिक्षण चलाउनुमा डा. थीरमान शाक्यबाट सेवा पुऱ्याउनु भएको थियो। वि.सं. २०३३ सालमा वरिष्ठ सिष्टर तारादेवी तुलाधरबाट धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूलाई सामान्य नर्सिङ्ग तालिम तथा घरेलु प्राथमिक उपचार विधि सिकाउने कार्यक्रम भयो।

वि.सं. २०४० सालमा डा. थीरमान शाक्यबाट स्वास्थ्य सफाई, सन्तुलित



Downloaded from http://dhamma.digital

भोजन र शिशु स्याहार विषयमा प्रवचन कार्यक्रमको आयोजना भयो। २०४० सालमै सर्वप्रथम धर्मकीर्ति विहारको आयोजनामा रक्तदान कार्यक्रमको आयोजना भयो। त्यसपछिबाट हरेक साल अटुट रुपमा रक्तदान कार्यक्रम हुँदै आएको छ।

वि.सं. २०४८ सालमा श्रीघः विहार स्थित प्रभात मा.विद्यालयमा ठाउँ लिई ८ युनिट भएको (सामान्य, नाक कान घाँटी, बालरोग, स्त्रीरोग, छाती रोग, आँखा रोग, दन्त रोग, मुटु सम्बन्धि रोग) एकदिने वृहत स्वास्थ्य शिविर संचालन भयो। उक्त शिविरमा डा. थीरमान शाक्य, डा. ईश्वरी लाल आचार्य, डा. अशोक बज्राचार्य, डा. अरुण सायमि, डा. लता बज्राचार्य, डा. रिता तुलाधर, डा. चन्द्रेश तुलाधर आदि गरी २५ जना चिकित्सकबाट करिब ११०० जना बिरामीको स्वास्थ्य परिक्षण तथा निःशुल्क औषधि वितरण गरिएको थियो।

वि.सं. २०४९, २०५० र २०५१ तीनै साल लगातार खोनाको जितापुर गन्धकुटी विहारमा दुई दिने/तीन दिने स्वास्थ्य शिविर सञ्चालन भयो। डा. केशरी बज्राचार्य, डा. माणिक बज्राचार्य, नेपाल आँखा अस्पतालको टोलिले यस शिविरमा सहयोग गर्नु भएको थियो। यस शिविरमा पनि निःशुल्क औषधि वितरण गरियो।

वि.सं. २०५० चैत्र र २०५१ बैशाखतिर धर्मकीर्ति विहारमै मुटु रोग सम्बन्धि विशेष क्लिनिक चल्यो। भारतको नयाँ दिल्ली स्थित सेन्ट स्टेफन हस्पिटलमा मुटु सम्बन्धि शल्य चिकित्सक डा. जेम्स थोमस प्रमुख मुटु सम्बन्धि बरिष्ठ विशेषज्ञ डा. मोतिराज बज्राचार्य, डा. लोक विक्रम शाह सहित नेपालका अन्य आठ डाक्टरहरूको सहयोगमा उक्त शिविर संचालन भएको थियो। उक्त शिविरमा ECG जाँचको निःशुल्क सेवा उपलब्ध गरिएको थियो।

वि.सं. २०५३ सालमा श्रीघः स्थित प्रभात मा. विद्यालयमा पुनः एक पटक ८ युनिट भएको वृहत स्वास्थ्य शिविर संचालन भयो। वि.सं. २०५४ सालमा ताइवानको Kaunyen (=करुणा) संस्थाबाट तीन दिने परमपरागत प्रविधिको तालिम र उपचार (Cupping Therapy) गराइयो।

धर्मकीर्ति विहारमै भिक्षु, भिक्षुणी तथा उपासक उपासिकाहरूलाई नियमित स्वास्थ्य सेवा दिलाउँदै लग्नु पर्ने आवश्यकता महशूस गरी महाराजगंजस्थित H.M. Hospital सँग सम्पर्क गरी त्यहाँका विशेषज्ञ डाक्टरहरूको सेवामा करीब ३$^{1}/_{2}$ महिना क्लिनिक संचालन गरियो। उक्त क्लिनिक संचालन अवधिमा वीर अस्पतालका वर्तमान डाइरेक्टर डा. मनोहरलाल श्रेष्ठको सहयोग रहेको थियो। उक्त क्लिनिक कारणवश स्थगित रहेपछि २०५६ बैशाखदेखि डा. चन्द्रेश



Downloaded from http://dhamma.digital

रत्न तुलाधरको प्रमुख संयोजकत्वमा सिष्टर तारादेबी तुलाधर तथा रोशनकाजी तुलाधरको सक्रिय सहयोगमा शनिवारे क्लिनिकलाई निरन्तरता दिन क्लिनिक संचालन गरियो जुन हालसम्म अटुट रुपमा संचालित छ । साथै विभिन्न संघ संस्थासँग सम्पर्क राखी स्वास्थ्य कार्यक्रमहरू सफलतापूर्वक संचालन हुँदैछ । २०५६ सालमै नेपाल स्थित डच मदत नेपाल फाउण्डेशनसँग संयुक्त रुपमा एक दिने आँखा र दन्त शिविर संचालन भयो । यही सालमा काठमाडौं डेण्टल कलेजको सहयोगमा एकदिने दन्त शिविर सम्पन्न भयो ।

गाउँ गाउँमा गएर स्वास्थ्य सेवा पुऱ्याउने धर्मकीर्ति विहारको लक्ष्य अनुरूप २०५७ सालमा नुवाकोटको कागती गाउँमा एकदिने स्वास्थ्य शिविर सम्पन्न भयो । डा. विजयलाल श्रेष्ठ, डा. तारामैत्रा शाक्य साथै ११ जना स्वास्थ्य टोलीको सहयोग रह्यो । उक्त शिविरमा ८०० जना बिरामीलाई स्वास्थ्य सेवा उपलब्ध गराइयो ।

वि.सं. २०५८ मंसिरमा डच मदत नेपालको सहयोगमा लुम्बिनीस्थित गौत्तमी विहारमा ३ दिने वृहत स्वास्थ्य शिविर संचालन भयो । १७ जना डाक्टर, ३ जना नर्स तथा अन्य सहयोगी स्वास्थ्यकर्मीको संलग्नतामा जम्मा २२४० जना बिरामीहरूको नि:शुल्क जाँच तथा नि:शुल्क औषधि वितरण गरियो ।

विगत केही साल यतादेखि धर्मकीर्ति विहारको आयोजनामा स्वास्थ्य सेवा सम्बन्धि कार्यक्रमहरूमा आएको तिव्रता धर्मकीर्ति विहारको ठूलो उपलब्धि भएको साथै यसको लागि विहारको आयोजनाहरूले प्रशंसा पनि पाउँदै आएको छ ।

### ८) बौद्ध तीर्थयात्रा:

धर्मकीर्ति विहारको तत्वावधानमा बुद्ध जीवनीसँग सम्बन्धित चार प्रमुख दर्शनीय स्थलहरू लुम्बिनी, बुद्धगया, सारनाथ र कुशिनगरको अलावा भारत तथा अन्य बौद्ध मुलुकहरूका विभिन्न बौद्ध तीर्थस्थलहरूको भ्रमण तथा दर्शनको कार्यक्रमहरू हुँदै आएको छ । नेपाली बौद्ध धर्मावलम्बीहरूलाई बौद्ध चारधाम पुऱ्याउने मंगल कार्य सर्वप्रथम वि.सं. २०३० सालमा भएको थियो । त्यसपछिबाट यता हरेक साल कुनै रुपमा स्वदेश तथा विदेशमा धार्मिक यात्राहरू हुँदै आएको छ । धर्मकीर्ति विहारको तत्वावधानमा विशेष गरी भिक्षुणी धम्मवतीको सक्रिय नेतृत्वमा भारत, बर्मा, थाइलैण्ड, श्रीलंका, मलेशिया, ताइवान इत्यादि बौद्ध देशहरूमा धेरै पटक बौद्ध तीर्थयात्राहरूको आयोजना भईसकेको छ ।

### ९) धर्मकीर्ति बौद्ध पुस्तकालय:

धर्मकीर्ति विहारको विभिन्न इकाई मध्ये धर्मकीर्ति बौद्ध पुस्तकालय एक हो । बौद्ध साहित्यतर्फको नयाँ प्रकाशित तथा पुराना दुर्लभ पुस्तकहरू पनि



Downloaded from http://dhamma.digital

यस पुस्तकालयमा संग्रह गरिएको छ । नेपाली, नेपाल भाषा, अँग्रेजी, हिन्दी, पालि इत्यादि भाषामा लिखित बौद्ध पुस्तकहरू संग्रह गरेर अध्ययन तथा अनुसन्धान गर्न चाहने बौद्धहरूको लागि सेवा पुऱ्याउँदै आएको छ । अध्ययन गर्न इच्छुक जो कोही विद्यार्थी, अनुसन्धानकर्ता वा उपासक उपासिकाहरूलाई पुस्तकालयको सदस्यता प्रदान गरिन्छ ।

**१०) ध्यान शिविरहरूको संचालन:**

बौद्ध शिक्षाको अध्ययनको साथसाथै अभ्यास हुनु नितान्त आवश्यक भएको तथ्यलाई अनुगमन गर्दै धर्मकीर्ति विहारले बौद्ध ध्यान शिविरहरूको संचालन गर्दै आएको छ । भिक्षुणी धम्मवतीकी गुरुआमा बर्मी अनगारिका दो.पञ्ञाचारी तथा दो. सुखाकारीलाई निमन्त्रणा गरी बर्माबाट बोलाएर नेपालमा बौद्ध उपासक उपासिकाहरूलाई सतिपट्ठान ध्यानको अभ्यास गराउने मंगल कार्य सर्वप्रथम वि.सं. २०३६ सालमा गरिएको थियो । हालसम्म बर्माका प्रसिद्ध ध्यानगुरुहरू दो पञ्ञाचारि, महासी सयादो, सयादो ऊ. सुन्दर, सयादो ऊ. पण्डिताभिवंश, सयादो ऊ.ञाणिस्सर, सयादो ऊ. आसभाचारको आचार्यत्वमा ध्यानकुटी विहार (बनेपा), प्रणिधिपूर्ण विहार (बलम्बु), गौत्तमी विहार (लुम्बिनी), लुम्बिनी बुद्ध विहार (लुम्बिनी), धर्मशीला बुद्ध विहार (पोखरा), सुगतपुर विहार (त्रिशुली) र धर्मकीर्ति विहारमै धेरै पटक ध्यान शिविरहरू संचालन भईसकेको छ । इच्छुक साधकहरूलाई यस विहारको ध्यानागारमा नियमित रुपमा ध्यान गराइन्छ । ध्यान कार्य संचालन गर्नुमा यस विहारका आवासीय गुरुमां विपश्यना सहायक आचार्य अनगारिका रत्न मञ्जरीको उल्लेखनीय योगदान रहँदै आएको छ ।

**११) ऋषिनी तथा श्रामणेर प्रव्रज्या:**

नेपालमा बालिकाहरूलाई १२ दिनसम्म कोठामा थुनी गुफा राख्ने परम्परा छ । यस परम्पराबाट बालिकाहरूलाई खासै फाइदा भएको देखिँदैन । अत: यस परम्पराको विकल्पको रुपमा वि.सं. २०३२ सालदेखि यस विहारले ऋषिनी प्रव्रज्याको थालनी गऱ्यो । ऋषिनी प्रव्रज्यामा बालिकाहरूलाई विशेष वस्त्र लगाउन दिई १२ दिनसम्म (इच्छानुसार घटाउन, बढाउन सकिन्छ) विहारमा राखी अष्टशील पालना गराइन्छ र बुद्ध शिक्षाको अध्ययन गराइन्छ । यस प्रकार ऋषिनी प्रव्रज्या गराउँदा बुद्ध शिक्षाको अध्ययन गराउने अवसर पाउने तथा आफ्नो अनुकूल जुनसुकै समयमा पनि ल्याएर राख्न सकिने हुँदा गुफाको विकल्पमा ऋषिनी प्रव्रज्याको लोकप्रियता दिन प्रतिदिन बढ्दै आएको छ ।

गुफाको विकल्पको अतिरिक्त विहारका युवती सदस्याहरूलाई अल्पकालीन



Downloaded from http://dhamma.digital

ऋषिनी प्रव्रज्या गराई बुद्ध धर्म अध्ययन गराउने कार्यक्रम सर्वप्रथम वि.सं. २०३२ सालमा भएको थियो र त्यसपछि पनि धेरै पटक विहारका युवती समूहहरूले ध्यानकुटी विहार, बनेपामा ऋषिनी प्रव्रज्या लिई बुद्ध धर्म अध्ययन तथा अभ्यास गर्ने कार्य गर्दै आएको छ ।

धर्मकीर्ति विहारका युवा सदस्यहरूलाई श्रामणेर प्रव्रज्या गराएर बुद्ध शिक्षाको अभ्यास गराउने कार्य सर्वप्रथम २०३५ साल असारमा भयो । भिक्षु अश्वघोषको आचार्यत्व तथा नेतृत्वमा संचालित गोष्ठीका १३ सदस्यहरूको उक्त अल्पकालिन प्रव्रज्या कार्यक्रम ज्यादै फलदायक साबित भयो । त्यसपछिबाट विभिन्न समयमा ध्यानकुटि विहार, बनेपा तथा गौत्तमी विहार, लुम्बिनीमा विहारका युवा तथा प्रौढ सदस्यहरूलाई अल्पकालिन प्रव्रज्या गराई बुद्ध शिक्षाको अध्ययन, अभ्यास तथा ध्यान गराउने कार्यक्रमहरू यथावत रुपमा हालसम्म संचालित हुँदै आएको छ ।

**१२) समाज सेवा तथा सहयोग सम्बन्धि कार्यक्रमहरू:**

धर्मकीर्ति विहारले समय समयमा विभिन्न सामाजिक सेवाहरू गर्ने तथा अन्य संघ संस्थाका सामाजिक तथा धार्मिक क्रियाकलापहरूमा सहयोग दिनेतर्फ पनि पाइला चालेको छ । देशमा विभिन्न समयमा आएको प्राकृतिक प्रकोपका पिडितहरूलाई खाद्य वस्तु, वस्त्र तथा अन्य भौतिक सामानहरू दान दिने, अनाथाश्रम, वृद्धाश्रमहरूमा सेवा तथा सामान पुऱ्याउने, बैशाख पूर्णिमाका दिन अस्पतालहरूमा फलफूल तथा बिस्कुट वितरण गर्ने, विभिन्न ठाउँमा स्कूल तथा विहार निर्माण र विकासको लागि चन्दा स्वरूप रकमहरू दान दिने जस्ता सामाजिक कार्यहरू हुँदै आएको छ । धर्मकीर्ति विहार अवस्थित श्रीघः चैत्यको वरपर सरसफाई गर्न विहार का उपासक उपासिकाहरूलाई १२ वटा समूह बनाएर प्रत्येक पूर्णिमाको अघिल्लो दिन चैत्य र यसको वरपर पालै पालो सफा गर्ने गरी सफाई अभियान चलाईएको छ ।

विभिन्न बौद्ध संस्थाहरू जस्तै धर्मोदय सभा, बुद्ध जयन्ती समारोह समिति, ध्यानकुटी बौद्ध अध्ययन मण्डल इत्यादिको आयोजनामा हुने विभिन्न कार्यक्रमहरूमा धर्मकीर्ति विहारका सदस्यहरू तथा विशेष गरी धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका युवा सदस्यहरूबाट स्वयं सेवकको रुपमा सहयोग गर्ने कार्य भएको छ ।

**१३) तालिम तथा प्रशिक्षण कार्यक्रमहरू:**

धर्मकीर्ति विहारले विभिन्न शैक्षिक, स्वास्थ्य सम्बन्धि तथा हस्तकला सम्बन्धि रचनात्मक तालिमहरू दिने कार्यक्रमहरू पनि संचालन गर्दै आएको छ । सर्वप्रथम बर्मी अनगारिका मा. गुणवतीको प्रशिक्षणमा धर्मकीर्ति बौद्ध अध्यायन गोष्ठीका सदस्यहरूले कागजको र कपडाको फूलहरू बनाउने, फेब्रिक पेन्ट गर्ने, तितौरा



Downloaded from http://dhamma.digital

बनाउने शिल्प प्रशस्त मात्रामा धेरै वर्षसम्म सिकेको उल्लेखनीय छ । बर्मी अनगारिका मा. गुणवती जो २०२० सालमा अनगारिका धम्मवती सँगै बर्माबाट नेपाल आउनु भएको थियो उहाँले नेपालमा रहुञ्जेल धर्मकीर्ति विहारको हरेक क्रियाकलापमा सक्रिय सहयोग गर्ने गर्नु हुन्थ्यो । विशेष गरी हस्तकला तालिम तथा धर्मकीर्ति विहारको दैनिक व्यवस्थापनमा उहाँको उल्लेखनीय योगदान रहेको थियो । धर्मकीर्ति विहारमा भएका तालिम कार्यक्रमहरूका सिष्टर तारादेवी तुलाधरको शिक्षणत्वमा प्राथमिक उपचार तथा घरमा बिरामी सेवा (Home Nursing) तालिम, श्रीमति चन्द्रवती तुलाधरको शिक्षणत्वमा माटो, कपास तथा साबुनको मूर्ति तथा वस्तुहरू बनाउने कला सम्बन्धित तालिम, स्वीडेनका रेडक्रसका होल्गरबाट प्राथमिक उपचार सम्बन्धि तालिम, अमेरिकाका जोन कालावर्ट, बर्माका आङ सान सुकि तथा मेत्तेमाबाट अँग्रेजी भाषाको कक्षा संचालन, नेपाल रेडक्रस सोसाइटिको सहयोगमा आधारभूत उपचार प्रशिक्षण कार्यक्रम, प्रशिक्षक द्वय बेलबहादुर थापा र सन्तोष शर्माद्वारा आधारभूत उपचार प्रशिक्षण, बरदेश मानन्धर र मदन रत्न मानन्धरबाट नेतृत्व विकास प्रशिक्षण, कलाकार सुनील तुलाधरबाट फेब्रिक पेन्टिङ प्रशिक्षण, कीर्ति तुलाधर र प्रफुल्ल कमल ताम्राकारबाट उद्घोषण तालिम (Master of ceromony), रीना तुलाधर र लोचन तारा तुलाधरबाट लेखन प्रतिभा विकास तालिम तथा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूको स्वयं सेवामा एस.एल.सी परिक्षाका परिक्षार्थीहरूको सहयोगार्थ कोचिङ कक्षाहरूको संचालन इत्यादि धर्मकीर्ति विहारको आयोजनामा भएको उल्लेखनीय तालिम तथा प्रशिक्षण कार्यक्रमहरू हुन् ।

म्यान्मारकी विपक्षी पार्टी नेसनल लिग फर डेमोक्रेसी (NLD) की नेतृ, नोवेल शान्ति पुरस्कार विजेता आङ सान सुकीले समेत धर्मकीर्ति विहारमा अँग्रेजी भाषाको कक्षा संचालन गरेको उल्लेखनीय छ । सन् १९८८ मा आमा बिरामी भएकाले लामो समयको प्रवासपछि बर्मा फर्किएकी सुकी मुलुककै राजनीतिमा लागिनु भन्दा अघि प्रवासको केही समय नेपालमा रहनु हुँदा धर्मकीर्ति विहारसँग जुडिएकी थिइन् र त्यतिबेला उहाँले यहाँ अँग्रेजी भाषाको कक्षा संचालन गरेकि थिइन् ।

धर्मकीर्ति विहारको तत्वावधानमा भएका यी सम्पूर्ण क्रियाकलापहरू यथावत् रुपमा संचालन गर्दै लग्ने तथा भविष्यमा अझ व्यापक रुपमा धार्मिक तथा सामाजिक क्रियाकलापहरू बढाउँदै लग्ने यस विहारको वर्तमान उद्देश्य रहेको छ ।



Downloaded from http://dhamma.digital

**सन्दर्भ सामग्रीहरू:**


१) 'धर्मकीर्ति' मासिक पत्रिका, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी रजत जयन्ती विशेषांक, वर्ष १४, अंक १, वि.सं. २०५३, बु.सं. २५४०

२) 'धर्मकीर्ति' मासिक पत्रिका, भिक्षुणी धम्मवतीको प्रव्रज्या ५० औं वर्ष विशेषांक, वर्ष १७, अंक ७, वि.सं. २०५६, बु.सं. २५४३

३) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष, रीना तुलाधर (बनिया), प्रकाशक - धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०५३, बु.सं. २५४०

४) धर्मकीर्ति विहारका माइनट बुक्सहरू

५) भिक्षुणी धम्मवतीसँग मौखिक अन्तर्वार्ता ।


Dhamma.Digital



Downloaded from http://dhamma.digital




बि.सं. २०५७ पुषमा पुनर्निर्माणको लागि भत्काइनु भन्दा पहिलेको धर्मकीर्ति विहारको भवन

मुद्रक:
न्यू नेपाल प्रेस मनकामना मार्ग नागपोखरी, काठमाडौं, फोन [illegible]८०३२; फ्याक्सः (९७७-१) ४३३९२९
Downloaded from http://dhamma.digital